पोखरा दर्पण, कोरोना विशेषांक

वर्ष १४, । अंक २५ । २०७७ जेठ

- संरक्षक
  **मानबहादुर जिसी**
  प्रमुख
  **मञ्जुदेवी गुरुङ**
  उपप्रमुख
  **ध्रुवकुमार पोखरेल**
  प्रमुख प्रशासकीय अधिकृत

- सम्पादक मण्डल
  संयोजक
  **माधवप्रसाद बराल**

- सदस्य
  **नवराज सापकोटा**
  **एकराज गिरी**
  **सोमनाथ लम्साल**
  **मन क्षेत्री**

- प्रकाशक
  **पोखरा महानगरपालिका**
  **नगर कार्यपालिका‌को कार्यालय**
  न्यूरोड, पोखरा

**सम्पर्क नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun

## सम्पादकीय

# कोभिड १९ रोकथाममा आँगनको सरकार

कसैले कल्पना नगरेको कोरोना भाइरस रोग (कोभिड १९)ले विश्वलाई नै हायलकायल पारिरहेको छ । यस्तो बेला नेपालले बुताले भ्याएसम्म यो रोग रोकथामको उपाय रच्यो । लकडाउन गर्‍यो । भाइरस परीक्षण द्रुत पारिरहेको छ । संघ सरकार र प्रदेश सरकारले आआफ्ना ठाउँबाट नीति निर्माण र काम गरिरहँदा उत्तिकै जनअपेक्षा स्थानीय तहसँग रह्यो, किन भने जनताको सबैभन्दा नजिकको सरकारै स्थानीय तह हो । पोखरा महानगरपालिकाले पनि कोरोना रोकथाममा बुताले भ्याएसम्मको कर्तव्य निर्वाह गर्न कुनै कसर बाँकी राखेन । जसको प्रत्यक्ष साक्षी र भोक्ता हाम्रा नगरबासी स्वयं हुनुहुन्छ ।

तुरुन्ता तुरुन्तै क्वारेन्टिनको व्यवस्था, फिभर क्लिनिक, सडक बालबालिकाहरुको उद्धार र उचित प्रबन्ध, नगरका अधिकांश ठाउँमा किटनासक औषधी प्रयोग लगायतका उल्लेख्य कामका अलावा यो नगरक्षेत्रमा बस्ने कसैलाई पनि भोको पर्न नदिने पुण्यकर्म पनि पोखरा महानगरपालिकाले गर्‍यो । दाल, चामल, नुनतेल र मरमसला लगायत सामग्रीसहितको राहत महानगरपालिकाले झण्डै ३४ हजार परिवारलाई मापदण्ड अनुसार उपलब्ध गरायो । त्यसपछि ठाउँठाउँमा खाना खुवाउने काम पनि महानगरले गर्‍यो । महानगरले राहतका लागि २ करोड रुपैयाँको राहत कोष बनाउँदा सहयोगी दाताहरुले थप ७२ लाख रुपैयाँ उपलब्ध गराएर गुन लगाएका छन् । प्रदेश सरकारले पनि १ करोड रुपैयाँ दियो । त्यही कोषबाट नगरबासीलाई हाम्रो सरकार छ है भन्ने अनुभूति व्यवहारमै दिलाउन सकेका हौं । खाना नै खुवाउँदा पोखराले कसैलाई पोखराको हो, होइन हेरेन, नेपाली हो कि होइन पनि हेरेन सिर्फ मानवधर्मलाई साक्षी राखी भोकाहरुको पेट भर्‍यो । कतिपयको घरघरमै पुगेर पनि महानगरले राहत दियो । अनि वास्तवमै साकार भयो घर छेउकै सरकार, आँगनमै आएको सिंहदरबारको नारा ।

२४ सै घन्टाको स्वास्थ्य टिम परिचालन एवं ११८१ र ११८६ नम्बरका हटलाइन सञ्चालन गरी जनगुनासोको सम्बोधन महानगरपालिकाले गर्‍यो । महानगरपालिकाले सुत्केरीलाई पोषण दियो, मिर्गौला पीडितलाई डायलसिस गर्न जान निशुल्क गाडी सुविधा दियो अनि साच्चीकै बिरामीको चहर्‍याइरहेको घाउमा मल्हम लाग्यो भन्ने विश्वास हामीलाई छ ।

लकडाउन केही खुकुलो हुँदा रोजगारीका अवसर सिर्जना गर्न पोखरा महानगरपालिकाले निर्माणका कामसमेत सञ्चालन गर्‍यो, मजदुरलाई राहत पुग्यो । विकास निर्माण पनि भयो । फेवातालमा मिसिने ४ वटा खोलामा सिल्टेसन ड्याम निर्माण त्यसको उच्चतम् नमुना हो । मानव सभ्यतामै महाचुनौती बनेको महामारीबाट जोगिन र जोगाउन राज्य र राज्यका निकायमात्रै पर्याप्त औजार होइनन् । यसमा आमजनताको पनि सचेत भूमिका चाहिन्छ, महानगरबासीले संकटमा आफूलाई संयम र सतर्क राखेर जुन धैर्य प्रदर्शन गरेका छन्, त्यो अमूल्य छ । महानगरपालिका यसरी नै जनतासँगको हातेमालोबाट संकट मोचन गर्न सकिन्छ भन्ने विश्वास राख्दछ ।

# नोवल कोरोना भाइरस (COVID 19)

## मुख्य लक्षणहरू



**ज्वरो आउने**
(१००.४ डिग्री फरेनहाइट भन्दा माथि)



**छाती दुख्ने**



**खोकी लाग्ने**



**टाउको दुख्ने**



**सास फेर्न गाह्रो हुने**

**माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।**

नोवल कोरोना भाइरस संक्रमित बिरामीसँगको नजिकको सम्पर्कपछि एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । यस भाइरसको संक्रमणबाट बच्ने मुख्य उपाय व्यक्तिगत सावधानी नै हो त्यसैले,



**नियमित साबुन पानीले हात मुख धुने गरौं**



**खोक्दा, हाँच्छ्यू गर्दा रुमालले नाक, मुख छोप्ने गरौं**



**नमस्कार गर्ने गरौं**



**माछा, मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं**



**सकेसम्म बढी भीडभाड हुने ठाउँहरूमा नजाऔं**

**संक्रमण फैलिएका देशहरूबाट आउने व्यक्तिहरू दुई हप्तासम्म अलगै (Self-Quarantine) बस्ने गरौं ।**

**पोखरा महानगरपालिका**
**स्वास्थ्य महाशाखा**
**न्यूरोड, पोखरा**

# कोरोना नियन्त्रणमा महानगरको प्रयास



• किरणप्रसाद कोइराला

भनिन्छ विज्ञानले विकासको साथसाथै विनास पनि सँगै लिएर आउँछ यही उक्तिलाई पुष्टि हुने गरी प्रथम पटक चिनको बुआन सहरमा सन् २०१९ को डिसेम्बर ३१ मा देखापरेको थियो । देखापरेको छोटो समयमा नै युरोप, अमेरिका, पूर्वी एसिया लगायत अधिकांश देशमा यो भाइरस (पछि कोभिड -१९ नामाकरण गरिएको) ले संसारका अधिकांश मुलुकहरुमा फैलिएर आफ्नो प्रभाव विस्तार गरेको छ । कोभिड १९ को प्रकोप चिन युरोप हुँदै एसिया प्रवेश गरेर छिमेकी देश भारतमा संक्रमणको प्रवेशपछि अत्यन्त सरुवा रोग भएकाले रोगको प्रकोप नियन्त्रण गर्न नागरिकहरुलाई बाहिर आवागमन रोकी र घर भित्र बसेर सरुवा रोगबाट बच्ने प्रयोजनका लागि भारत सरकारले लकडाउन घोषणा गर्‍यो । भारतमा रोगको प्रकोपपछि नेपालसँगको खुल्ला सिमाना, र आवत जावतलाई रोक्न आवश्यक थियो भने देशभित्रै पनि मानिसहरुको जीवनको संरक्षणको लागि आवागमन रोक्न बाध्यता नेपाल सरकारलाई थियो । त्यसैले नेपालको संघीय सरकारले मिति २०७६ चैत १० गते निर्णय गरेर मिति २०७६ चैत ११ गते देखि देशभर लकडाउन (बन्दाबन्दी) को घोषणा गर्‍यो । तत्पश्चात आम नगरवासीको जीवन रक्षालाई पहिलो प्रथामितामा राखेर पोखरा महानगरले पनि कोरोना रोकथाम, नियन्त्रण र उपचारमा तखारुकताका लागि परेको छ ।

**कोभिड -१९ र पोखरा महानगरपालिकाको तदारुकता :**

संघीय सरकारले २०७६ चैत ११ गते देखि लकडाउन घोषणा गरे लगत्तै कोरोना भाइरसको प्रकोप नियन्त्रण गरी नागरिकहरुको जीउधनलाई संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएकाले यो जिम्मेवारीलाई गम्भीरता पूर्वक लिई पोखरा महानगरपालिकाका श्रद्धेय प्रमुख मानबहादुर जिसीको सक्रियतामा उपप्रमुख मञ्जुदेवी गुरुङ लगायत उपलब्ध वडा अध्यक्ष र कार्यपालिकाका सदस्य, कार्यालयका महाशाखा प्रमुख र शाखा प्रमुखसहितको बैठक २०७६ चैत १० गते बिहान बस्यो । बैठकले कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथामको लागि विभिन्न निर्णयहरुसहित जिम्मेवारी तोकी निम्न समितिहरु गठन गरेको थियो ।

**१) कोरोना संक्रमण कोभिड-१९ नियन्त्रण मूल समिति**

१. संयोजक उपप्रमुख श्री मञ्जुदेवी गुरुङ
२. वडा अध्यक्ष श्री शोमाभोहन पौडेल -सदस्य
३. वडा अध्यक्ष श्री रामराज लामिछाने- सदस्य
४. वडा अध्यक्ष श्री लेखबहादुर तामाङ 'दर्शन' -सदस्य
५ .वडा अध्यक्ष श्री जगतबहादुर पहारी -सदस्य
६. वडा अध्यक्ष श्री चेतबहादुर गुरुङ सदस्य
७. वडा अध्यक्ष श्री मोहन बास्तोला -सदस्य
८. स्वास्थ्य महाशाखा प्रमुख. श्री हेमन्त शर्मा -सदस्य
९. सदस्य सचिव श्री किरणप्रसाद कोइराला -सदस्य

**२) क्वारेन्टाइन व्यवस्थापन समिति**

श्री शोभामोहन पौडेल -संयोजक
श्री लक्ष्मीप्रसाद पौडेल- सदस्य
श्री भरतराज पौडेल -सदस्य
श्री फूलदेव तिमिल्सिना -सदस्य
श्री अर्जुनबहादुर खत्री क्षेत्री - सदस्य

त्यस्तै निम्नानुसारको टोली गठन गरेको छ ।

**क). क्वारेन्टाइन स्थल मर्मत सम्भार तथा व्यवस्थापन टोली**

१ श्री हेमन्त शर्मा पौडेल संयोजक
२. भरतराज पौडेल
३. इ. लक्ष्मीप्रसाद गौतम
४. नेत्रप्रसाद तिमिल्सिना
५. ईश्वर श्रेष्ठ
६. हरिलाल आचार्य
७. हर्क गायक

**ख). भइपरी आउने अत्यावश्यक सामाग्री व्यवस्थापन टोली**

१. भरतराज पौडेल- संयोजक
२. नेत्रप्रसाद तिमिल्सिना- सदस्य
३. अजुर्नबहादुर क्षेत्री-सदस्य
४. लोकराज आचार्य - सदस्य
५. हरिलाल आचार्य- सदस्य

त्यस्तै बैठकले निम्नानुसारको निर्णय गरेको थियो ।

१. कोभिड १९ को सम्भावित संक्रमण रोकथाम पूर्वतयारी र व्यवस्थापनका लागि आवश्यक रकम तत्कालका लागि चालु आव २०७६/०७७ को वार्षिक बजेट तथा कायक्रमको बजेट खर्च शीर्षक २२५२२ मध्येबाट रकमान्तर गरी खर्च गर्न महानगरपालिकामा सिफासिर गर्ने ।

२. महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु खोली अत्यावश्यक सेवा उपलब्ध हुने व्यवस्था मिलाउने अन्य सेवाहरु हाललाई बन्द गर्ने ।

३.कोभिड १९ संक्रमण रोकथाम पूर्व तयारीको लागि तत्काललाई

पद्म नर्सिङ होमको स्वामित्वमा रहेको नदीपुरस्थित भवनलाई क्वारेन्टाइन स्थलको रुपमा छनोट गरी अन्य सम्भावित स्थलहरको समेत अध्ययन गर्दै जाने ।

कोरोना संक्रमण रोकथामको लागि महानगरपालिकाको बैठकको निर्णय पश्चात उक्त निर्णयलाई कार्यान्वयन गर्न मिति २०७६।१२।११ का दिन कोरोना संक्रमण नियन्त्रण मूल समितिको बैठक बसी निम्नानुसार निर्णय गर्‍यो ।

१. कोभिड १९ संक्रमण रोकथामको लागि प्रकोप बढ्न सक्ने सम्भावनलाई दृष्टिगत गरी क्वारेन्टाइनको लागि साविक बुद्ध हस्पिटल हाल पदम नर्सिडङ होम नदीपुरमा ५० बेड र लेकसिटी बि ब्लक सिर्जना चोकको १ सय बेड उपयोग गर्ने ।

२.उल्लेखित क्वारेन्टाइनमा आवश्यक पर्ने स्वास्थ्यकर्मी जनशक्ति तत्काल व्यवस्था गर्ने ।

३. महानगर स्वास्थ्य सेवाको लागि चौबिसे घण्टा सम्पर्क व्यक्ति रुपमा सि.अ.हे.व.अर्जुन बहादुर क्षत्री र सि.अ.हे.व. हरिलाल आचार्यलाई तोक्ने ।

४. कोरोना भाइरसको प्रकोप नियन्त्रण गर्न महानगरपालिकाका ३३ वटै वडाका धेरै मानिस आवतजावत गर्ने बाटोको छेउछाउ र बाटोको किनारामा मन्दिरको छायाँ पर्ने स्थान सेवाग्राही आवतजागत हुने कार्यालय जिल्ला प्रशासन कार्यालय, महानगरपालिका कार्यालय, जिल्ला प्रहरी कार्यालयमा किटनास औषधी छर्कन व्यवस्था मिलाउने

५. कोरोना भाइरसको संक्रमणबाट बच्ने मुख्य उपाय भनेकै अन्य मानिसहरुको सामिप्यताबाट बच्ने, अत्यन्त जरुरी अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कने, लकडाउनको पूर्ण पालना गर्ने, पटकपटक हात धुने, माछामासु राम्ररी पकाएर मात्र खाने, घरबाट निस्कने परे अनिवार्य मास्क लगाउनु पर्ने भएकाले यसको जानकारी नगरबासीहरुलाई दिइ सचेत बनाउन प्रचार प्रसार कार्यलाई तीव्रता दिने ।

कोभिड १९ को सम्बनधमा मिति २०७६ चैत २२ गते नगर प्रमुख श्री मानबहादुर जिसीको अध्यक्ष्यतामा बसेको बैठकले निम्नानुसार निर्णय गर्‍यो ।

१. कोरोना संक्रमणको कारण मिति २०७६ चैत ११ गते देखि भएको लकडाउनको कारण दैनिक ज्यालादारिमा काम गरी गुजारा चलाउने विपन्न मानिसहरुले रोजगारी गुमाउन पुगेका कारण अति आवश्यक खाद्यान्न खरिद गर्न नसकी भोक भोकै बस्नुपर्ने परिस्थितिलाई मध्ये नजर गर्दै पोखरा महानगरपालिकाका कार्यपालिकाको मिति २०७६ चैत गते बसेको बैठकले त्यस्ता विपन्न नागरिकहरुलाई तत्कालको समस्या हल गर्न राहत वितरण गर्ने राहत वितरणको लागि वडा कार्यालयले वडा स्तरमा सर्वदलीय बैठक बसी राहत दिनुपर्ने मानिसहरुको नामावली स्वीकृत गरी राहतको लागि पोखरा महानगरपालिकामा सिफरिस गर्नुपर्ने निर्णय गर्‍यो । त्यस्तै कार्यपालिका बैठकले राहत वितरण क्वारेन्टाइन लगायतका कोभिड संक्रमण रोकथाम कार्यको निर्णय गर्न निम्न बमोजिमको निर्देशन तथा समन्वय समिति गठन गर्ने निर्णय गरेको थियो ।

नगरप्रमुख श्री मानबहादुर जिसी संयोजक

उपप्रमुख श्री मञ्जुदेवी गुरुङ

प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुवकुमार पोखरेल

वडा अध्यक्ष श्री शोभामोहन पौडेल

वडा अध्यक्ष श्री रामराज लामिछाने

वडाअध्यक्ष श्री लेखबहादुर तामाङ

वडा अध्यक्ष श्री शंकर बास्तोला

२. राहत प्राप्त वितरणको लागि परिवार संख्याको आधारमा तीन जनासम्म परिवार भएकोलाई १२.५ केजी चामल दाल १ केजी नुन १ केजी, तेल आधा लिटर, चना/केराउ आधा केजी र चार जना भन्दा बढी परिवार भएकाको हकमा चामल २५ केजी, दाल १ केजी, नुन १ केजी, तेल १ लि, चना/केराउ, दिने निर्णय गर्‍यो ।

३. राहत वितरण गर्न राहतको लागि खाद्यान्न खरिद गर्न मूल्य निर्धारण गर्न पोखरा महानगरपालिकामा रहेका पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ र पोखरा च्याम्बर अफ कमर्ससँग माग गर्ने र न्यूनतम मूल्य निर्धारण स्वीकृत गरी तत्काल राहत वितरण कार्य अघि बढाउने ।

मिति २०७६ चैत २२ गते पोखरा महानगरपालिकाका प्रमुख श्री मानबहादुर जिसीको पहलमा पोखरा महानगरपालिकामा पोखरा महानगरपालिका क्षेत्रलाई प्रदेश सभा सदस्य र संघीय प्रतिनिधि सभा सदस्यहरु समेत सहभागी भएको बैठकमा कोरोना कोभिड १९ पछिको परिस्थितिको बारेमा छलफल भयो । छलफलमा संघीय सभासद माननीय श्री खगराज अधिकारी, गण्डकी प्रदेश सभा सदस्यहरु माननीय श्री दीपक कोइराला, श्री मानबहादुर गुरुङ, श्री राजीव पहारी, श्री रामजी बराल (जीवन), श्री मिना गुरुङ, श्री गायत्री गुरुङको सहभागिता रहेका सो बैठकले कोभिड संक्रमणपछिको अवस्थामा महानगरपालिकाबाट हालसम्म सम्पादित कार्यहरुको बारेमा बैठकमा जानकारी गराइएको र माननीय सभभासदज्यूहरुबाट राहत वितरण गर्दा संक्रमणको जोखिम नरहने गरी तत्काल राहत वितरणको व्यवस्था मिलाउन र स्वास्थ्यकर्मीको मनोबल उच्च राखी कार्य सम्पादन गराउन सुझाव दिनु भएको थियो ।

**राहत वितरण सम्बन्धी कार्य**

कोभिड १९ को प्रकोपको कारण घोषणा भएको लकडाउनको कारण रोजगारी गुमाउन पुगेका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न परिवारलाई राहत उपलब्ध गराउन राहत सामग्रीको मूल्य निर्धारण गर्ने प्रयोजनका लागि नगर प्रमुख श्रीमान बहादुर जिसीको अध्यक्षतामा पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ र पोखरा च्याम्बर अफ कमर्शका प्रतिनिधि समेतको सहभागितामा बैठक बस्यो । बैठकले उल्लेखित संस्थाको सहयोगमा खाद्यान्नको दर लिइ नियमानुसार दररेट स्वीकृत गर्ने र उल्लेखित संस्थाको जिम्मेवारीमा राहत सामग्री वितरणको व्यवस्था मिलाउने निर्णय गर्‍यो ।

२०७६ चैत २३ गते पोखरा महानगरपालिकाका प्रमुख श्री मानबहादुर जिसीको अध्यक्षतामा बसेको निर्देशन तथा समन्वय समितिको बैठकले वडा कार्यालयहरुबाट सर्वदलीय बैठक समेतले छलफल गरी सिफारिस भइ आएका वडाहरुमा तत्काल राहत उपलब्ध गराउनु पर्ने घर परिवारको संख्या र

नामावली तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय गरेको थियो ।

**सि.नं वडा नं. राहत उपलब्ध गराउने ३ जना सम्मको र ३ जना भन्दा बढीको परिवार संख्या**

| क्र.सं. | वडा नं | घर मुली संख्या | ३ जना सम्म परिवार संख्या | ३जना भन्दा बढी भएका परिवार संख्या | अन्य संघ संस्थाबाट प्रदान गरिएको राहत | जम्मा वितरण गरिएको राहत |
|---|---|---|---|---|---|---|
| १ | २ | ४४५ | १७३ | २७२ | ० | ४४५ |
| २ | ३ | ६०४ | २९२ | ३१२ | ४५१ | १०५५ |
| ३ | ४ | ५५७ | २५८ | २९९ | ४७५ | १०३२ |
| ४ | ५ | ६०२ | ३४६ | २५६ | ० | ६०२ |
| ५ | ७ | ६११ | २५० | ३६१ | ४८६ | १०९७ |
| ६ | ८ | ८५० | ३५० | ५०० | २०० | १०५० |
| ७ | २० | २२४ | ११७ | १०७ | ० | २२४ |
| ८ | २१ | २३० | ११२ | ११८ | ० | २३० |
| ९ | २४ | ३०७ | १३९ | १६८ | ० | ३०७ |
| १० | २७ | ५१० | ४५२ | ५८ | ६५ | ५७५ |
| ११ | २८ | १९२ | ११४ | ७८ | ० | १९२ |
| १२ | ३० | ४८० | २१८ | २६२ | २५३ | ७३३ |
| १३ | ३१ | ४०७ | २३९ | १६८ | १६८९ | २०९६ |
| १४ | १ | ६९० | ३२३ | ३६७ | ५७८ | १२६८ |
| १५ | ९ | ६८८ | २९६ | ३९२ | ० | ६८८ |
| १६ | १० | ६४८ | ३८ | ६१० | १०५२ | १७०० |
| १७ | १२ | ४४० | १०४ | ३३६ | ६९३ | ११३३ |
| १८ | १३ | ६९३ | १५० | ५४३ | १६४३ | २३३६ |
| १९ | १८ | ५७१ | १९२ | ३७९ | ३५९ | ९३० |
| २० | १९ | ६६० | ४० | ६२० | ५४० | १२०० |
| २१ | २२ | ५१५ | २०० | ३१५ | १८० | ६९५ |
| २२ | २३ | ३९५ | १०१ | २९४ | ० | ३९५ |
| २३ | २५ | ६८० | ३१० | ३७० | ३१५ | ९९५ |
| २४ | २६ | ५१६ | १९२ | ३२४ | ० | ५१६ |
| २५ | २९ | ४६३ | २०१ | २६२ | २६९ | ७३२ |
| २६ | ११ | ७१० | ० | ७१० | ६९० | १४०० |
| २७ | १४ | ७१० | ० | ७१० | १२८५ | १९९५ |
| २८ | १५ | ७०४ | ३१३ | ३९१ | ० | ७०४ |
| २९ | १६ | ८१५ | ३६७ | ४४८ | ११२२ | १९३७ |
| ३० | ३३ | ५५० | २५७ | २९३ | ३९५ | ९४५ |
| ३१ | ६ | १४०० | १४०० | ० | ५७१ | १९७१ |
| ३२ | १७ | १३०० | ८०० | ५०० | ६४७ | १९४७ |
| ३३ | ३२ | १४४५ | १४४६ | ० | ० | १४४५ |
| म.न.पा.मा हेल्पलाइन मार्फत टिपाइ | | ९४ | ६४ | ३० | ० | ९४ |
| | जम्मा | २०७०६ | ९८५४ | १०८५३ | १३९५८ | ३४६६४ |

*मिति : २०७७/०२/०५ सम्म*

पोखरा महानगरपालिका

कोभिड १९ नियन्त्रण तथा रोकथाम राहत कार्यमा प्रकोप व्यवस्थापन कोषबाट भएको खर्चको विवरण (२०७७।२।३२ गते सम्म

| राहत वितरण खर्च रु. | सडक बालबालिका | | क्वारेन्टाइन व्यवस्थापन खर्च रु. | क्वारेन्टाईन खाना खर्च रु. | औषधी अन्य खर्च रु. | विविध | टनेल | पि.पि.ई. खरिद | सुत्केरी पोषण | कोत्रे हेल्थ डेस्क | मानब सेवा आश्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाना रु. | व्यवस्थापन रु. | | | | | | | | | | |
| ३११२२५९२ | २९२२२ | ० | ६८४२२७ | ४६४००० | १४९३२७ | १६५०००० | २११११०० | ८२०३८० | १२९८००० | २२२६० | ५३४५० | ३६५०४५५८ |

महानगरपालिकाबाट कोभिड-१९ संक्रमण रोकथाम र राहतको सम्बन्धमा भइरहेको प्रगति तथा थप अन्य विषयमा छलफलको

लागि मिति २०७७ वैशाख ६ गते उपप्रमुख श्री मञ्जुदेवी गुरुङको अध्यक्षतामा कोरोना संक्रमण रोकथाम मूल समितिको बैठक बस्यो । बैठकले महानगरपालिकाबाट हालसम्म गरेका कामहरुको बारेमा समीक्षा भयो । महानगरपालिकाबाट राहत वितरण गर्दा अपनाइएको विधि तथा राहत प्राप्त गर्ने वा राहत वितरण गर्दा भएको अनुभवको बारेमा Rapid Assisment को लागि गठन गरिएको ८ सदस्यीय टोलीको तर्फबाट सुदृढ नेपालका संयोजक होमनाथ गैरेले तयार भएको प्रतिवेदन प्रस्तुत गर्नु भयो । Rapid Assiment बाट केही कमजोरीका बाबजुद समग्रमा राहत वितरण कार्य सन्तोषजनक रहेको पाइएको छ ।

**बैठकको अन्य निर्णयहरु यस प्रकार रहेका छन् ।**

१. कोरोना प्रकोप रोकथाम मूल समिति गठन पश्चात समितिको परामर्श तथा निर्देशनबाट भएका क्वारेन्टाइनको व्यवस्था Disinfection spray ppe वितरण, राहत वितरण लगायतका विषयमा विस्तृत छलफल भयो ।

२. लकडाउनका कारण रोजगारी गुम्न गएका महानगरपालिकाका ३३ वटै वडामा विपन्न परिवारलाई राहत वितरण कार्य सम्पन्न भएको र राहत वितरण कार्य समग्रमा राहत वितरण कार्य सन्तोषजनक रहेको छ । पोखरा महानगरपालिकाले वडा कार्यालय मार्फत ३३ वटै वडामा गरेको राहत वितरण कार्यमा रहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, संघ संस्था, सुरक्षकर्मी र कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय भयो ।

३. पोखरा महानगरपालिका भित्र रहेका मृगौला रोगका बिरामीहरुलाई सवारी साधनको अभावमा मृगौला डायलासिस गर्न अस्पताल जान असुविधा भएका बिरामीहरुलाई निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गर्न एम्बुलेन्स सेवा व्यवस्थापन समितिलाई निर्देशन दिने ।

५. अन्य जिल्लाबाट पोखरामा आइबसेकाहरु तर घर जान चाहने मानिसहरुको तथ्यांक संकलन गर्न वडा कार्यालयहरुलाई अनुरोध गर्ने ।

६. वर्तमान लकडाउनको कारण महानगरपालिकाको न्यायिक समिति समक्ष निवेदन उजुरी दिन अफ्ठ्यारो भएकाले अबदेखि पोखरा महनगरपालिकाको न्यायिक समितिको इमलेमा उजुरी निवेदन दिन अनुरोध गर्ने ।

नगर प्रमुख श्री मानबहादुर जिसीको अध्यक्षतामा मिति २०७७ वैशाख १४ गते बसेको निर्देशन तथा समन्वय समितिको बसेको बैंठकले तपसिल बमोजिमको निर्णय गर्‍यो ।

१. लकडाउनबाट प्रभावित भई खाद्य संकटमा पर्नु भएका विपन्न २० हजार परिवारलाई महानगरपालिकाको तर्फबाट र विभिन्न संघसंस्था र व्यवसायीहरुबाट दश हजार गरी जम्मा तीस हजार परिवारलाई राहत वितरण भएकोमा सन्तोष व्यक्त गरियो ।

२. प्रत्येक वडा कार्यालयले आफ्नो वडामा वितरण गरेको राहतको विवरण सार्वजनिक गर्ने ।

३. कोभिड १९ संक्रमण रोकथामको लागि स्वास्थ्यकर्मी लगायत अग्रभागमा रही काम गर्ने कर्मचारीहरुलाई आवश्यक पर्ने व्यक्तिगत सुरक्षा सामग्री थान ४ सय नगरपालिकाबाट खरिद गर्न आदेश भएकोमा २ सय थान मूल्य व्यहोर्ने विभिन्न व्यक्ति तथा संस्थाबाट प्रतिबद्धता प्राप्त भएकाले महानगरपालिकाले २०० थान पिपिई सेट मात्र प्रति सेट रु.४१००।- मा विपद् व्यवस्थापन कोषबाट व्यहोने गरी खरिद गर्ने ।

४.नेपाल इन्जिनियर एसोसिएसन गण्डकी प्रदेशबाट महानगरपालिकाको आदेशमा निर्माण भई जिल्ला प्रहरी कार्यालय कास्कीको मूल गेटमा राखिएको Sanitizing Tunnel को भुक्तानी विपद व्यवस्थापन कोषबाट गर्ने ।

५. पोखरा महानगरपालिकाले सडक बालबालिकाहरुको लालनपालन शिक्षा स्वास्थ्य समेतको व्यवस्था गर्न कास्कीको ल्याडेमा रहेको चिल्ड्रेन नेपालको भवनमा राखिएकोमा तिनीहरुको खाना र स्वास्थ्य समेतमा भएको खर्च विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

६. वर्तमानमा अवस्थामा महानगरबाट संचालित विकास योजनाहरु सञ्चालन गर्न प्रतिकुल अवस्था भएकाले तत्काल कार्य आरम्भ नगरे सार्वजनिक सम्पत्तिको क्षति हुने अथवा सरकारी हानी नोक्सानी हुने योजनाहरु सामाजिक दुरी कायम गरी पूर्ण सर्तका साथ सञ्चालन गर्ने ।

७. वर्तमान अवस्थामा विपन्न परिवारको अवस्थालाई दृष्टिगत गरी पोखरा महानगरपालिका भित्रका सुत्केरी महिलाहरुलाई रु.२०००।- सम्मको पौष्टिक आहार तथा नगद उपलब्ध गराउने र सो खर्च विपद व्यवस्थापन कोषबाट गर्ने ।

८. बन्दाबन्दीका कारण विकास निर्माण लगायतका आर्थिक क्रियाकलापमा परेको असरको सम्बन्धमा अध्ययन गरी राय सुझाव पेश गर्न सहरी योजना आयोगलाई निर्देशन दिने ।

यसरी नै उपप्रमुख श्री मञ्जुदेवी गुरुङको अध्यक्षतामा मिति २०७७ वैशाख १५ गते बसेको कोभिड १९ संक्रमण नियन्त्रण मूल समितिको बैठकले तपसिल बमोजिमको निर्णय गर्‍यो ।

१. कोभिड १९ को कारण लकडाउन सुरु भएको मिति देखि हाल सम्म म.न.पा. बाट कोरोना भएका रोकथाम र कल्याणकारी क्रियाकलापको बारेमा समिक्षा गरियो ।

२. लकडाउनका कारण विपन्न गर्भवती वा अन्य गर्भवती महिलाहरु प्रसूति सेवा लिन अस्पताल जान सवारी साधनको असुविधा भएकाले निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

३. आगामी लकडाउनपछि पनि आउन सक्ने प्रकोप नियन्त्रण तथा रोकथाम गर्न अपनाउनु पर्ने सुरक्षा तथा सतर्कताका विषयमा स्वास्थ्य सम्वद्ध विज्ञहरुसँग परामर्श गरी सुझाव लिने ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइ यातायातको संचलनपछि विदेशबाट यस क्षेत्रमा आउने मानिसहरुको लागि PCR Test गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

*कोइराला कोरोना भाइरस रोकथाम तथा नियन्त्रण मूल समितिका सदस्य सचिव हुनुहुन्छ ।*

# महानगरले बनायो ८ ठाउँमा क्वारेन्टाइन

पोखरा महानगरपालिकाले कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, जिल्ला प्रशासन, सुरक्षा निकाय लगायत महानगरस्तरीय सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफलगरी पूर्व तयारीमा जुटेको थियो । मिति २०७६/१०/१६ मा अभिमुखीकरण गरी पोखरा एयरपोर्टमा २०७६/१०/१७ देखि ५ जना स्वास्थ्यकर्मी सहित स्वास्थ्य जाँच कक्ष सञ्चालन गरिएको थियो ।

पोखराबाट आफ्नो मुलुकमा फर्किन चाहने ३८० जना पर्यटकको ज्वरो मापनगरी पठाइएको र १२६ जना कामदारहरुहरुलाई समेत जिल्ला प्रशासनको सहयोगमा आ-आफ्नो जिल्ला फिर्ता गरिएको थियो ।











विभिन्न पत्र-पत्रिका तथा मिडियामा कोभिड-१९ सम्बन्धी जनचेतनामूलक समाचार प्रकाशित गरिएको थियो ।

कोभिड-१९ को जानकारीमूलक पम्प्लेट तथा ब्यानर प्रकाशन तथा वितरण गरिएको थियो थियो ।

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा द्वारा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि छोरेपाटन, मजुवा, हेम्जा र बेगनास स्थलगत नाकामा स्वास्थ्य कक्ष सञ्चालन गरि पोखरा महानगर भित्रिने यात्रुहरुको ज्वरोको नियमित मापन र शंकास्पद लक्षणहरुको सोधपुछ तथा रेकर्डिङ गर्ने गरेको छ ।



मिति २०७७/०३/०५ गतेसम्म छोरेपाटन नाकामा ४५१७ जना, मजुवा नाकामा १८,१२५ जना, बेगनास नाकामा ३७१३ जना र हेम्जा नाकामा १८३७ जनामा गरी कुल २८,१९२ जनालाई प्रत्यक्ष रुपमा सेवा प्रदान गरिएको छ ।

**छोरेपाटनस्थित स्वास्थ्य जाँच कक्ष**

यसरी सञ्चालित स्थलगत हेल्थ डेस्कबाट प्रत्यक्ष परामर्श र सल्लाह दिने र निजहरुको विवरण नियमित रेकर्डिङ गर्ने गर्दा होम क्वारेन्टाइनमा बस्नु हुनेहरुको अनुगमन र स्वास्थ्य अवस्था सोधपुछ गर्न साथै विदेश तथा अन्य संक्रमण फैलिएका जिल्लाबाट पो.म.न.पा भित्रिने व्यक्तिहरुलाई आवश्यक सावधानी अपनाएर क्वारेन्टाइन केन्द्रहरुमा लैजाने व्यवस्था गर्न सहज भएको छ ।



स्वास्थ्य जाँच कक्षमा सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टिम





पोखरा महानगरपालिकामा गत चैत्रयता विदेश लगायत संक्रमण फैलिएका जिल्लाहरुबाटआउनु भएका ९५२ जनाको RDT परीक्षण गरिएको थियो जसमध्ये ७ जनामा RDT reactive देखिएको थियो भने तत् पश्चात गरिएको RT-PCR परिक्षणमा नतिजा नेगेटिभ रहेको जानकारी गराउन चाहन्छौं ।

हालसम्म पोखरा महानगरपालिकाले क्वारेन्टाइन केन्द्रहरुमा र होम क्वारेन्टाइनमा रहनुभएका व्यक्तिहरु साथै प्रत्यक्ष खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतको गरी जम्मा ४३६ स्वाब संकलन गरिएको छ, जसमध्ये ८ जना क्वारेन्टाइनमा रहनु भएका भारतबाट आएका व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ र निजहरु हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेसनमा उपचाररत हुनुहुन्छ । यो बाहेक हालसम्म पोखरामा थप दुई जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ ।



साथै पोखरा महानगरपालिकाको स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्यकर्मीहरु खटाई विदेश तथा संक्रमण फैलिएका जिल्लाहरुबाट आउनेहरुको विवरण अध्यावाधिक गर्नुको साथै स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने र आवश्यक समन्वय गर्ने गरिएको छ ।

हाल पोखरा महानगरपालिकामा ८ वटा क्वारेन्टाइन केन्द्रहरु सञ्चालनमा छन् ३७३ जनाले सेवा पाएका छन् भने यस १४७ जना क्वारेन्टाइनमै रहेका छन् ।



कृषि तालिम केन्द्र क्वारेन्टाइन



जन प्रकाश क्वारेन्टाइन

हालसम्म सञ्चालित बेड संख्या २७३ छन् भने प्रस्तावित बेड संख्या ६२३ रहेका छन् ।



वाराही मा.वि. क्वारेन्टाइन




लेकसिटी हस्पिटल क्वारेन्टाइन

क्वारेन्टाइन स्थलमा २४ सै घण्टा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको परिचालन गरिँदै आइएको छ ।
विदेश तथा अन्य जिल्लाहरुबाट आउनेहरुलाई अवस्था हेरी होम क्वारेन्टाइन, स-शुल्क क्वारेन्टाइन र महानगरको क्वारेन्टाइनको व्यवस्थापन गरिँदै आइएको छ ।





यसको साथै निजहरुलाई १४ दिनसम्म राखेर दिनहुँ स्वास्थ्य अनुगमन गरिँदै आइएको छ र निजहरुको PCR परिक्षण गरेर नतिजा प्राप्त भए पश्चातमात्र घर पठाउने गरिँदै आइएको छ, हालसम्म २१८ जना सो अवधि पूरा गरेर घर फर्किसकेका छन् भने ८ जना संक्रमण पुष्टि भएकाहरुलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेसनमा पठाइएको छ ।

पोखरा महानगरपालिकाले कोरोना भाइरस संक्रमणको उच्च जोखिममा रहेका १६ जना सडक बालबालिकालाई त्यसबाट जोगाउन र संक्रमणलाई फैलिन नदिनको लागि कास्की प्रहरीको सहयोगमा उद्धार गरी उनीहरुलाई अन्नपूर्ण गाउँपालिकास्थित लेबाडेमा रहेको चिल्ड्रेन नेपालको भवनमा राखिएको छ ।










पोखरा महानगर अन्तर्गतका ४३ वटै स्वास्थ्य संस्थाहरुबाट नियमित स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ ।
शिशुवा अस्पतालमा सञ्चालित फिबर क्लिनिकबाट हालसम्म ३०१२ जनाले प्रत्यक्ष रुपमा सेवा लिनु भएको छ ।

पोखरा महानगर अन्तर्गतका सम्पूर्ण खोप केन्द्रहरुबाट आवश्यक दूरी कायम गरी नियमित खोप सेवा सञ्चालन भइरहेको छ ।







राष्ट्रिय दादुरा रुबेला अभियान अन्तर्गत ९ महिनादेखि ६ वर्ष मुनिका करिब ३०,००० भन्दा बढी बालबालिकाले खोप लगाएका छन् ।



केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिंगको लागि ५ वटा कोभिड-१९ केस अनुसन्धान तथा कन्ट्याक्ट खोजपड्ताल टिम (CICT) गठन गरी परिचालन गरिएको छ ।

पोखरा महानगरपालिकाले यस बन्दाबन्दीको अवस्थामा नियमित डायलाईसिस गर्नुपर्ने एवं प्रसव अवस्थाका गर्भवती तथा प्रसुतिहरुलाई विशेष मध्यनजर राख्दै मिति २०७७/११/१४ मिति २०७७/०२/३२ सम्म निशुल्क रुपमा सम्बन्धित अस्पताल तथा अस्पतालबाट निवाससम्म ल्याउने लैजाने एम्बुलेन्सको व्यवस्था गरेको थियो, जस अन्तर्गत ५६५ जनाले ८५८ पटक सेवा लिनुभएको थियो । यसका साथै विदेश तथा अन्य संक्रमणयुक्त स्थानबाट आएका व्यक्तिहरुलाई स्थलगत नाकाहरुबाट क्वारेन्टाइन होम सम्म ल्याउने, एऋच गर्नुपर्ने शंकास्पद व्यक्तिहरुलाई वडा तथा क्वारेन्टाइन होमबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा अन्य स्वाब संकलन केन्द्रसम्म ल्याउने लैजाने साथै वेवारिसे अवस्थामा भेटिएका बिरामी तथा बिपन्न व्यक्तिहरुलाई अस्पतालसम्म ल्याउने लैजाने साथै विभिन्न आश्रय स्थलहरुमा पुर्याउने कार्य जारी नै छ । साथै शव ब्यबस्थापनका लागि स्थानको छनौट र शव बाहनको समेत व्यवस्था गरिएको छ ।

यस बन्दाबन्दीको अवस्थामा पोखरा महानगर अन्तर्गतका ४३ वटै स्वास्थ्य संस्थाहरुबाट नियमित स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ । यस अवस्थामा संचालित स्वास्थ्य संस्थाहरुबाट अरु बेलामा भन्दा गर्भवती जाँच गर्नेको संख्यामा बृद्दी भएको पाइएको छ भने घरमै सुत्केरी हुनेको संख्या अरुबेलामा भन्दा बढेको पाइएको छ । बन्दाबन्दीको समयमा लामो अवधिको लागि प्रयोग गरिने साधनको प्रयोग दरमा कमि आएको छ भने छोटो समयको लागि प्रयोग हुने अस्थाई साधनको प्रयोगमा बृद्दी भएको पाइएको छ । पोखरा महानगरपालिकाले सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई कोरोना रोकथाम र कोरोना भाइसरको संक्रमण न्यूनीकरण गर्न स्यानीटाईजर, मास्क, ग्लोव्स लगायतका सुरक्षा सामग्री आपूर्ति तथा वितरण गर्ने कार्यहरु जारी राखेको छ ।

*पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा*

# गुनासो सुन्न हटलाइन नम्बर ११८१ र ११८६

पोखरा महानगरपालिकाले नगरवासीका गुनासो सुनेर सम्भव भएसम्म तत्काल सम्बोधन गर्न पैसा नलाग्ने हटलाइन नम्बर ११८१ र ११८६ सञ्चालन गरेको छ । नगरवासीले आफूलाई परेका समस्या टोल फ्रि नम्बर ११८१ र ११८६ मा फोन गरेर टिपाउन सकिने महानगरले बताएको छ ।

कोरोना भाइरस (कोभिड-१९) को महामारीको समयमा नगरवासीका स्वास्थ्य सम्बन्धी गुनासा, लकडाउनले जोखिममा परेका समुदायको समस्या लगायत नगरवासीका हरेक गुनासो सुन्न सेवा सुचारु गरिएका सूचना अधिकारी भरतराज पौडेलले बताउनुभयो । समस्यामा परेका व्यक्तिहरुको उद्धार गर्नुपरेमा पनि ११८१ र ११८६ नम्बरमा फोन गरेर जानकारी दिन सकिने महानगरपालिकाले बताएको छ ।

पोखरा, वैशाख १४



# महानगरमा राहत कोष सञ्चालन




पोखरा महानगरपालिकाले अति विपन्न र दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्नेहरुलाई सहयोग गर्न २ करोड ४८ लाख ५० को राहत कोष स्थापना गरेको छ । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कोरोना भाइरसको संक्रमण फैलिन नदिन देश नै लकडाउन भएको अवस्थामा अति विपन्न र ज्याला मजदुरी गर्नेहरुलाई राहत वितरण गर्न कोष स्थापना गरेको जानकारी गराउनुभयो ।

जिसीले विषम परिस्थितिमा पोखरा नगर क्षेत्रमा रहेका अति विपन्न र ज्यालादारी गरेर जीविकोपार्जन गर्नेहरुलाई राहत उपलब्ध गराउन पोखरा महानगरपालिकाले २ करोड तथा कर्मचारीबाट संकलन भएको ४८ लाख ५० हजार रुपैंयाँ समेत गरी २ करोड ४८ लाख ५० हजारको राहत कोष स्थापना गरेको हो । महानगरले स्थापना गरेको कोषमा गण्डकी प्रदेश सरकारले १ करोड सहयोग गरेको छ । त्यसैगरी विभिन्न संघ, संस्था तथा व्यक्तिले ७२ लाख ८७ हजार सहयोग गरेका छन् । अहिलेसम्म महागरको कोषमा ४ करोड २१ लाख ३७ हजार १ सय २७ रुपैयाँ सहयोग जुटेको छ । केही संघ, संस्थाले सहयोग घोषणा गरेको रकम बैंक खातामा जम्मा हुन बाँकी छ र जम्मा हुनेक्रम बाँकी रहेको छ । महानगरका शिक्षातर्फका कर्मचारीको पनि रकम खातामा आउन बाँकी रहेको सूचना अधिकारी भरतराज पौडेलले जानकारी दिनुभयो ।

महामारीसँग जुध्ने कार्य कष्टपूर्ण भएकोले सरकारको एकल प्रयासले मात्र यो संकटबाट पार पाउन कठिन भएको हुँदा विपद्को घडीमा आम जनता, विभिन्न संघ, संस्था, बैक, वित्तीय संस्था, सहकारी, उद्यमी, व्यापारी लगायत सबैमा सहयोगको आह्वानसमेत गरिएको छ । महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणले विश्व समुदाय नै आक्रान्त बनेको अवस्थामा नेपालसहित पर्यटकीय सहर पोखरा पनि उच्च जोखिममा रहेको भन्दै महामारीलाई रोकथाम र न्यूनीकरण गर्न पोखरा महानगरपालिका निरन्तर लागिरहेको महानगरद्वारा जारी विज्ञप्तिमा भनिएको छ । पोखरा महानगरपालिकाले राहत कोष सञ्चालन गरी करिब ३४ हजार घर परिवारलाई राहत वितरण गरिसकिएको छ । जेठ ३२ गतेसम्म ३ करोड ६५ लाख ४ हजार ५ सय ५८ रुपैयाँ उक्त कोषबाट खर्च भएको छ ।

| क्र.स | पोखरा महानगरपालिकाको विपद् व्यवस्थापन कोषमा सहयोग गर्नेको नामावली | सहयोग रकम |
|---|---|---|
| १ | पोखरा महानगरपालिका | २००००००० |
| २ | पोखरा महानगरका सम्पूर्ण कर्मचारी शिक्षकसहित | ४८५०००० |
| ३ | गण्डकी प्रदेश सरकार | १००००००० |
| ४ | प्याब्सन कास्की | ५००००० |
| ५ | एनप्याब्सन | २०२००० |
| ६ | कोअपरेटिभ मेनेजर्स क्लब | १११३३३ |
| ७ | चन्द्रबहादुर पुन | ५०००० |
| ८ | नाट्टा प्रादेशिक संघ गण्डकी | ५०००० |
| ९ | कञ्चन बचत तथा ऋण सहकारी | ५०००० |
| १० | पोखरा रोयल बचत तथा ऋण सहकारी | ३३२११ |
| ११ | करुणा बचत तथा ऋण सहकारी | ३०००० |
| १२ | परिचय बचत तथा ऋण सहकारी | २५००० |
| १३ | मित्रमिलन कृषि सहकारी | २५००० |
| १४ | मित्रमिलन कृषि सहकारीका अध्यक्ष रमन | १०००० |
| १५ | हाम्रो सामुदायिक बचत तथा ऋण सहकारी | २०००० |
| १६ | मान्द्रेढुंगा बहुउद्देश्यीय सहकारी | २०००० |
| १७ | समृद्धि बचत तथा ऋण सहकारी | २०००० |
| १८ | टुकुचे बचत तथा ऋण सहकारी | २०००० |
| १९ | तारानाथ आचार्य पोखरा १४ | २०००० |
| २० | सर्वहीत बचत तथा ऋण सहकारी | १५००० |

| | | |
|---|---|---|
| २१ | सुदृढ परियोजना पोखराका कर्मचारी | १५००० |
| २२ | गण्डक बचत तथा ऋण सहकारी संस्था | ११११ |
| २३ | मासबार आमा समूह | ११११ |
| २४ | पाल्पाली बहुउद्देश्यीय सहकारी | १०००० |
| २५ | बाराही कृषि सहकारी | १०००० |
| २६ | रामबहादुर पौडेल | १०००० |
| २७ | लमजुङ पोखरा बचत तथा ऋण सहकारी | १०००० |
| २८ | गन्तव्य अन्नपूर्ण बचत तथा ऋण सहकारी | १०००० |
| २९ | किसान जागरण बहुमुखी सहकारी | ९००० |
| ३० | बाराही कृषि सहकारी अध्यक्ष तारा बराल | १००० |
| ३१ | कुँडहर बचत तथा ऋण सहकारी | ५०००० |
| ३२ | पोखरेली ख्रिष्टीय समुदाय | २५००० |
| ३३ | असल छिमेकी पोखरा सिम्पानी | २५००० |
| ३४ | धर्मस्थली बचत तथा ऋण सहकारी | १५००० |
| ३५ | अनुकुल कृषि सहकारी | १५००० |
| ३६ | शैक्षिक समाज सहकारी संस्था | ११११ |
| ३७ | दूध पोखरी बचत तथा ऋण सहकारी | १०५५५ |
| ३८ | पानस बचत तथा ऋण सहकारी संस्था | १०००० |
| ३९ | सूर्य दर्शन बचत तथा ऋण सहकारी | ५११५१ |
| ४० | कलम बचत तथा ऋण सहकारी | २५००० |
| ४१ | हाम्रो सहयोगी बचत तथा ऋण सहकारी | २२२२२ |
| ४२ | संयुक्त बचत तथा ऋण सहकारी | १५००० |
| ४३ | रानीवन साकोस | १५११५ |
| ४४ | दर्पण साकोस | १५००० |
| ४५ | बाघमारा साकोस | ११११ |
| ४६ | सफल बचत तथा ऋण सहकारी | ११११ |
| ४७ | स्वर्ण श्री सहकारी | १०००० |
| ४८ | आँगन बहुउद्देश्यीय सहकारी | १०१०० |
| ४९ | नयन बचत तथा ऋण सहकारी | १०००० |
| ५० | शान्तिपथ गोर्खालाइन टोल अमरसिंह चोक हितमान गुरुङ | १०००० |
| ५१ | परेली साकोस | ५५०० |
| ५२ | नारायणप्रसाद सापेकाटा पोखरा १४ | २२२२२ |
| ५३ | विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति | ५००००० |
| ५४ | बालहीतकारी परियोजना | १०१००० |
| ५५ | पूर्व कर्मचारी सेवा परिषद र पूर्व प्रहरी संगठन | ५०५५० |
| ५६ | कोन सामुदायिक बचत तथा ऋण सहकारी | ५१००० |
| ५७ | नवराज अधिकारी र शोभा बास्तोला | ५०००० |
| ५८ | तोडा बचत तथा ऋण सहकारी | ५०००० |
| ५९ | जयलक्ष्मी कृषि सहकारी | ४४४४४ |
| ६० | श्रीवृद्धि बचत तथा ऋण सहकारी | २५५०० |
| ६१ | राष्ट्रिय वाणिज्य बैंक गण्डकी | १००००० |
| ६२ | लेखनाथ बचत तथा ऋण सहकारी | १५००० |
| ६३ | जनजागरण महिला विकास बहुउद्देश्यीय सहकारी | २०५५५ |
| ६४ | मेघा बचत तथा ऋण सहकारी | १७७७७ |
| ६५ | फ्याफुल्ला विकल्प महिला सहकारी | १५१५५ |
| ६६ | गाउँविकास समाज सहकारी संस्था | ११११ |
| ६७ | चेतना बचत तथा ऋण सहकारी | ११००० |
| ६८ | घामपानी कृषि सहकारी | १०००० |
| ६९ | जागरण कृषि सहकारी | ९९९९ |
| ७० | डल्फिन बचत तथा ऋण सहकारी | १०००० |
| ७१ | नमस्ते बचत तथा ऋण सहकारी | ११५५५ |
| ७२ | नागढुंगा बचत तथ ऋण सहकारी | १५११५ |
| ७३ | प्रतिभा बचत तथा ऋण सहकारी संस्था | ५००० |
| ७४ | नेकपा धादिङ पोखरा जनसम्पर्क मञ्च | ११११ |
| ७५ | मन्टेश्वरी एसोसिएसन | ५५५५५ |
| ७६ | युनाइटेड क्लब | १००००० |
| ७७ | नेपाल निर्माण व्यवसायी संघ कास्की | १००००० |
| ७८ | सुरेश चन्द्र कोइराला | १०००० |
| ७९ | कृषि बजार व्यवस्थापन समिति | ५५००० |
| ८० | राष्ट्रिय फलफूल तथा तरकारी थोक व्यवसायी संघ | ५१००० |
| ८१ | सिर्जना महिला बचत तथा ऋण सहकारी | १०००० |
| ८२ | बुद्ध बचत तथा ऋण सहकारी संस्था | २५००० |
| ८३ | सञ्चार बचत तथा ऋण सहकारी | २०००० |
| ८४ | गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समिति | ५००००० |
| ८५ | फलौरा बहुउद्देश्यीय सहकारी | १०००० |

| | | |
|---|---|---|
| ८६ | सराङकोट बहुउद्देश्यीय सहकारी संस्था | २५५०० |
| ८७ | जिसी इलेक्ट्रिक | २५५०५ |
| ८८ | लायन्स क्लब अफ पोखरा फिस्टेल सिटी | ५११०५ |
| ८९ | लायन्स क्लब इन्टरनेशनल डिस्ट्रक्ट ३२५ बी वान नेपाल | ६०००० |
| ९० | डेभिजफल क्लब | १००००० |
| ९१ | सांसद कृष्ण थापा तथा नेकपा कास्की अध्यक्ष | ५०५०५ |
| ९२ | पेमा छाल शाक्य मोनास्टिक इन्टिच्युटल | ५५५५५ |
| ९३ | रोड सो कन्स्ट्रक्सन प्रालि | ५५५००० |
| ९४ | घारीपाटन बचत तथा ऋण सहकारी | १०००० |
| ९५ | दिपाङताल मत्स्य कृषि उत्पादन सहकारी | ५००० |
| ९६ | सप्तरंगी बचत तथा ऋण सहकारी | १०००० |
| ९७ | नविन बचत तथा ऋण सहकारी | ११११११ |
| ९८ | जन उपभोक्ता सहकारी | १५००० |
| ९९ | स्वरोजगार कृषि सहकारी | २०००० |
| १०० | सजिलो बचत तथा ऋण सहकारी | ११११११ |
| १०१ | गोरक्ष निखिल बचत तथा ऋण सहकारी | १०००० |
| १०२ | जनकल्याण बहुउद्ददृश्यीय सहकारी | ११११११ |
| १०३ | पञ्चकोशी आर्थर समाज | २५००० |
| १०४ | सुबेदार मनबहादुर गुरुङ | ५००० |
| १०५ | कप्तान लालकाजी गुरुङ | ५००० |
| १०६ | कप्तान धनबहादुर गुरुङ | ५००० |
| १०७ | लप्टन धर्मदत्त तिमिल्सिना | ५००० |
| १०८ | कप्तान एकबहादुर गुरुङ | ५००० |
| १०९ | बाटुलेचौर कालिलेक बचत तथा ऋण सहकारी | १५००० |
| ११० | आमा मिलन बचत तथा ऋण सहकारी | ५५००० |
| १११ | आर्थर डाँडाखर्क कोने परिवार | २५००० |
| ११२ | लेखनाथ साना सहकारी खानेपानी तथा सरसफाइ उपभोक्ता | ५००००५ |
| ११३ | मेजर जयबहादुर गुरुङ | ५०००५ |
| ११४ | पोखरा फाइनान्स | २००००० |
| ११५ | नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ कास्की | २४५०० |
| ११६ | सगरमाथा मावि | ५०००० |
| ११७ | निर्माण व्यवसायी समिति पोखरा | १०१००५ |
| ११८ | चन्द्रकुमारी गुरुङ बेल्जियम | २०००० |
| ११९ | हिमाली सांस्कृतिक परिवार | १०००१ |
| १२० | पोखरा बहुमुखी क्याम्पस | ९१३४९ |
| १२१ | नरेन्द्रमान लालचन र प्रविन्द्र लालचान | १०००० |
| १२२ | टान क्षेत्रीय संघ पोखरा | ५०००० |
| १२३ | खगराज अधिकारी सांसद संघीय संसद | ५०००० |
| १२४ | गण्डकी निर्माण समन्वय प्रालि | ७५००० |
| १२५ | महिला मानव अधिकार रक्षक सञ्जाल कास्की | १५१०० |
| १२६ | सिबिआरएस कास्की | ५०००० |
| १२७ | कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद | १३०००० |
| १२८ | गौरव बचत तथा ऋण सहकारी संस्था | ३०००० |
| १२९ | गोखार्ज टिम | ५११११ |
| १३० | विद्या भट्टराई सांसद | ५०००० |
| १३१ | कन्टेक प्रालि पोखरा १४ | १७५००० |
| १३२ | धर्मकाँया बुद्ध मण्डला काहुँडाँडा | १५०१५ |
| १३३ | मिलीजुली बचत तथा ऋण सहकारी संस्था | ५५५३१ |
| १३४ | तमु प्लेह्यु संघ पोखरा | ७५००० |
| १३५ | तमु धि नेपाल | १०१००० |
| १३६ | अमरसिंह बचत तथा ऋण सहकारी | १०००० |
| १३७ | पोखरा वेसी सेवा समिति पोखरा २ | १००००० |
| १३८ | नेपाल राष्ट्रिय पूर्व सैनिक तथा प्रहरी संगठन | २५००० |
| १३९ | ऋषिराम शर्मा | ४९५०० |
| १४० | कोपिला नेपाल | ५०००० |
| १४२ | भूतपूर्व खेलाडी मञ्च | ५०००० |
| १४३ | सनसाइन बचत ऋण सहकारी | २५००० |
| १४४ | समावेशी बचत तथा ऋण सहकारी | १०१११ |
| १४५ | पोखरा महानगर कृषि तर्फका कर्मचारी | १५००० |
| १४६ | धौलागिरी लघुवित्त | १०००० |
| १४७ | तेजनारायण अधिकारी महानगरीय सहकारी अध्यक्ष | २०००० |
| १४८ | गंगाबहादुर खड्का पोखरा १५ | ५००० |
| | जम्मा | ४२१३७१२७ |

# पोखरा महानगरपालिकालाई जिन्सी सामग्री सहयोग गर्ने संस्थाहरुको नामावली

| क्र. सं. | नाम | सामग्रीको विवरण | मुल्य बराबर | कैफियत |
|---|---|---|---|---|
| १ | पुष्प ज्योति ढुंगाना | ५० थान पिपिइ | २,०५,००० मात्र प्राप्त बिल अनुसार | स्वा. महाशाखा |
| २ | नारायण पौडेल | ५० थान पिपिइ | २,०५,००० मात्र प्राप्त बिल अनुसार | स्वा. महाशाखा |
| ३ | माछापुच्छ्रे बैंक | ५० पोका फुल राहत प्याकेज | १,०७,००० मात्र बिल अनुसार | भण्डार |
| ४ | एनआइसी एसिया बैंक | १०० पोका फुल राहत प्याकेज | २,००,००० मात्र, बिल अनुसार | भण्डार |
| ५ | असल छिमेकी संघ | वडा १ र वडा २५ समन्वयमा | १००/१०० प्याकेज | वडासाग समन्वय |
| ६ | नेपाल चार्टड एकाउन्टेन्ट संघ | ६० थान बुट, सर्जिकल पंजा २ प्याकेट | ३३००० | भण्डार |
| ७ | राष्ट्रिय युवा सजाल | ५० पोका फुल राहत प्याकेज | वडा नम्बर ३२ को सहकार्यमा वितरण गरिएको | वडासँग समन्वय |
| ८ | चिनिया एसोसिएसन पोखरा | वडा १ र वडा २५, १६, ३३, ३०, १३, ४, ८, ७, ५, ९, ३, १७, ११, को समन्वयमा | | वडासँग समन्वय |
| ९ | आइएनएफ नेपाल | १०० प्याकेज | | |
| १० | प्रभु बैंक | २ लाख | | खाद्यान्न |
| ११ | एनएमबी बैंक | ७ सय केजी चामल, | | |
| १२ | रोटरी क्लब | ७ वटा पिपिइ र ५ सय सर्जिकल मास्क | | |
| १३ | पतञ्जली योग समिति | साबुन | | २० कार्टुन |
| १४ | ब्रिटिस काउन्सिल | १ लाख बराबरको स्वास्थ्य सामग्री | | |

# राहत नपाएकालाई क्विक 'रेस्पोन्स'



लकडाउनको समयमा खाद्यान्नको अभावमा पोखरा महानगरपालिका भित्र कोही पनि भोकभोकै नपरुन् भनेर पोखरा महानगरपालिकाले क्विक रेस्पोन्स टोली बनाएर राहत वितरण गरेको छ ।

गत चैत १९ गतेको नगर कार्यपालिकाले बनाएको सेवाग्राही छनोट मापदण्ड भित्र परेका सेवाग्राहीले तत्काल खाद्यान्नको अभाव भएमा र यसअघि राहत नपाएकाहरुले सेवा लिन सक्नेछन् । पोखरा महानगरपालिकाको पैसा नलाग्ने हटलाइन नम्बर ११८१ नम्बर फोन गरेर राहतका लागि नाम टिपाउन सकिने महानगरपालिकाले बताएको छ ।

राहत नपाएको गुनासोको बारेमा छानबिन गरी राहत उपलब्ध गराउन नै पर्ने अवस्था भएकाहरुलाई घरघर र बसेकै ठाउँमा पुगेर महानगरले राहत वितरण गरेको महानगरप्रमुख मानबहादुर जिसीले जानकारी दिए । महानगरले तत्कालका लागि गर्जो टार्न आधा बोरा चामल, दुई केजी दाल, एक लिटर तेल, एक पोका नुन, एक केजी चना वितरण गरेको छ ।

महानगरले खाद्यान्न अभाव भएका दैनिक ज्यालामजदुरी गरेर खाने २ सय ४० परिवारलाई घरमै गएर राहत वितरण गरेको महानगरका अधिकृत अशोक सुनारले जानकारी दिनुभयो ।

पोखरा जेठ ३२



वडा ३



वडा ५




वडा ८

देशमा लकडाउन भएको बेलामा पोखरा महानगरपालिकाले मापदण्ड बनाएर राहत वितरण गर्दा पनि राहत पाउनबाट बञ्चित भएकाहरुलाई वडा कार्यालय आफैलो खाना वितरण गर्दै। साविक लेखनाथका वडाहरुमा पनि महानगरको समन्वयमा लेखनाथ उद्योग वाणिज्य संघले लेकडाउनको समयमा खाद्य समस्यामा परेकालाई खाना खुवाएको थियो।



वडा १३



# लकडाउनमा निशुल्क एम्बुलेन्स सेवा

• **रामराज लामिछाने**

चिनबाट सुरू भएको कोराना भाइरस (कोभिड–१९) का कारणले विश्व नै आक्रान्त बनेको छ । जसका कारणले विश्वमा साढे ४ लाख भन्दा बढी मानिसको मृत्यु भइसकेको र लाखौ मानिस संक्रमित भएर हस्पिटलमा उपचारत छन् । विश्वमै फैलिएको यस कोराना भाइरसले नेपाल पनि अछुतो रहने अवस्था थिएन । नेपालमा पनि संक्रमितको संख्या दिनानुदिन बढ्दै गयो । जसका कारणले गर्दा नेपाल सरकारले २०७६ चैत ११ गते बाट लगडाउन घोषणा गऱ्यो । अत्यावस्यक सवारी साधन बाहेक अन्य सवारी साधन चल्न पाएनन। जसका कारण मृगौलाको डायलाइसिस गर्नुपर्ने बिरामी, प्रसव अवस्थाका गर्भवती तथा प्रसूति सेवा लिनुपर्ने महिलाहरू साथै अन्य गम्भीर बिरामीहरुलाई सम्बन्धित हस्पिटल तथा हस्पिटलबाट निवास सम्म ल्याउन लैजान समस्या परेका कारण पोखरा महानगरवासीहरुलाई सुविधा उपलब्ध गराउन कै लागि पोखरा महानगरपालिकाको २०७६।१२।१९ गते बसेको कार्यपालिका बैठकले पोखरा महानगरपालिका सचेतक एवं वडा नं. ९ का वडा अध्यक्ष रामराज लामिछानेको संयोजकत्वमा ३ सदस्यीय एम्बुलेन्स व्यवस्थापन समित गठन गरेको छ । कार्यपालिकाको उक्त बैठकले पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जु देवी गुरुङज्यूको संयोजकत्वमा पोखरा महानगरपालिका स्तरीय कोरोना (भाइरस नियन्त्रण मूल समिति गठन गरेको छ । उक्त मूल समिति अन्तर्गत निम्नानुसार एम्बुलेन्स व्यवस्थापन समिति गठन गरिएको छ ।

संयोजक: श्री रामराज लामिछाने पोखरा महानगरपालिकामा दलको नेता तथा सचेतक एवं वडा अध्यक्ष, पोखरा महानगरपालिका वडा नं.९)

सदस्य: श्री सविना श्रेष्ठ (अ.न.नि. पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखा)

सदस्य: सचिव: श्री अर्जुनबहादुर खत्री क्षेत्री (सि.अ.हे.व.अ, पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखा)

उक्त समितिको कैठक बसी कोरोना भाइसर नियन्त्रणका लागि निम्नानुसारका एम्बुलेन्सलाई व्यवस्थापन गरिएको छ ।

| क्र.स. | एम्बुलेन्स धनी व्यक्ति र सेवा प्रदाय संस्थाको नाम | ठेगाना | एम्बुलेन्स नम्बर | एम्बुलेन्स चालकको नाम, थर | सम्पर्क नम्बर | |
|---|---|---|---|---|---|---|
| १. | नव आदर्श सामुदायिक विकास समाज (लामाचौर स्वास्थ्य चौकी कास्की) | पो.म .न.पा .१९ लामाचौर | ग१भ्क २४८ | अर्जुन भण्डारी | ९८५६०५२१४० | |
| | | | | | | |
| २. | भलाम भूपू सैनिक एम्बुलेन्स सञ्चालक समिति पो.म.न.पा २० भलाम | | ग१भ्क २७९ | चित्रबहादुर गुरूङ | ९८४६०२४४४६ | |
| ३. | पोखरा महानगरपलिका–२२ को वडा कार्यालय | पो.म.न.पा–२२ पुम्दीभुम्दी | ग२च ५६८४ | नवराज बराल | ९८४६८४१८०० | |
| ४. | फेवा क्लब पामे पो.म.न.पा २४ को वडा कार्यालय | पो.म.न.पा .२४ पामे | बा१भ्क ५९९७ | हविद मियाँ | ९८४२००५१०० | |
| ५. | ङ्योय तमु धिं भण्डारढिक पो.म.न.पा २९ भण्डारढिक | | ग३च ११९ | धनबहादुर गुरुङ | ९८१५१५२३०७ | |
| ६. | शिशुवा अस्पताल | पो.म.न.पा ३० शिशुवा | बा२भ्क १७४८ | प्रेमनाथ मरासिनी | ९८४६५११६४८ | |
| ७ | बेगनास स्वास्थ्य चौकी एम्बुलेन्स संचालक समिति | पो.म.न.पा.३१ बेगनास | ग२च ९५३१ | देवराज सापकोटा | ९८०६५२९४६४ | |
| ८ | नव आदर्श सामुदायिक विकास समाज | पो.म.न.पा.१९ लामाचौर | बा४च ३३१५ | अर्जुन भण्डारी | ९८५६०५२१४० | शव वाहन |
| ९ | कोरोना शव वाहन भाडामा लिइएको | | ग३च २५०५ | | | |


कोरोना भाइरसकै कारणले निम्तिएको विषम परिस्थितिलाई मध्यनजर गर्दा संक्रमित व्यक्तिहरुको ओसार पसार र मृत्युवरण गर्न पुगेका व्यक्तिहरुका लागि केही एम्बुलेन्सहरुलाई पोखरा महानगरपालिकाबाट मर्मत गरिएका छन् ।

१. भलाम भूपु सैनिक एम्बुलेन्स संचालक समिति (ग१भ्र २७९)

२. फेवा क्लब पामे (पोखरा महानगरपालिका–२४ को वडा कार्यालय) बा १ भ्र ५९९७

३. बेगनास स्वास्थ्य चौकी एम्बुलेन्स सञ्चालक समिति (ग२च ९५३१)

४. नव आदर्श सामुदायिक विकास समाजको शव वाहन (बा४च ३३१५)




नेपाल सरकारले कोराना भाइरस नियन्त्रणका लागि मिति २०७६ चैत ११ गतेदेखि लकडाउन गरेपछि कोरोना संक्रमित बिरामीको व्यवस्थापन गर्नुपर्ने अवस्था त छदै थियो त्यस देखि वाहेक डायलाइसिस गर्नुपर्ने बिरामी र प्रसव अवस्थाका गर्भवती तथा प्रसूतिका बिरामीहरुका लागि पनि पोखरा महानगरपालिकाका उपप्रमुख श्री मञ्जुदेवी गुरूङज्यूको संयोजकत्वमा बनेको कोराना भाइरस नियन्त्रण मूल समितिको २०७६ वैशाख ६ गते बसेको बैठकले डायलाइसिस गर्नुपर्ने बिरामका लागि र उहाँकै अध्यक्षतामा बसेको २०७६ वैशाख १४ गतेको बैठकले प्रसव अवस्थाका गर्भवती तथा प्रसूति बिमीका लागि निशुल्क रूपमा सम्बन्धित हस्पिटल तथा हस्पिटलबाट निवास सम्म ल्याउने लैजाने व्यवस्था उपलब्ध गराउने व्यवस्थापन गरिएको थियो । जसबाट करिब ४ सय ५० जना ले ६७९ पटक सेवा लिइसक्नु भएको छ ।

विदेश तथा अन्य संक्रमण युक्त स्थानबाट आएका व्यक्तिहरुलाई स्थलगत नाकाहरुबाट क्बारेन्टाइन होम सम्म, ल्याउने एत्रच गर्नुपर्ने, शंकास्पद व्यक्तिहरुलाई वडा तथा क्बारेन्टाइन होम बाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठा तथा अन्य क्गद ऋर्याभिअतष्यल ऋभलतचभ सम्म ल्याउने लैजाने व्यवस्थापन मिलाइएको छ । त्यस्तै वेवारिसे अवस्थामा भेटिएका बिरामी तथा विपन्न व्यक्तिहरुलाई हस्पिटलसम्म ल्याउने लैजाने साथै विभिन्न आश्रमहरुमा पुर्‍याउने व्यवस्था मिलाइएको छ । यसका लागि हामी सँग भएका एम्बुलेन्सले मात्र सेवा दिन गाह्रो भएको अवस्थामा पोखराका अन्य केही निजी एम्बुलेन्सहरुसँग पनि समन्वयकारी भूमिका निभाउँदै एम्बुलेन्सको सेवा चुस्त दुरूस्त रुपमा उपलब्ध गराइएको छ ।

हाल २०७७।०२।३२ सम्मको खर्च विवरणमा भाडा भुक्तानी ३,५२,०००।- (तीन लाख बाउन्न हजार) र मर्मत तर्फ रू. १,६०,०००।- (एक लाख साठी हजार) भएको देखिन्छ ।

एम्बुलेन्सलाई अझ प्रभावकारी व्यवस्थापनका लागि निर्णय भएपनि कार्यान्वयन नभएको क्बारेन्टाइन प्रयोजनका लागि छुट्टै एम्बुलेन्सको व्यवस्था हुनुपर्ने जसले अन्य बिरामीहरु नबोक्ने र त्यस्तै एम्बुलेन्स सञ्चाालनमा खटेर काम गरेका स्वास्थ्य महाशाखाका कर्मचारी र अति उत्कृष्ट रूपमा कार्य सम्पादन गर्ने एम्बुलेन्स चालकलाई प्रशंसा एवं सम्मानको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले भावी दिनहरुमा पनि एम्बुलेन्सको व्यवस्थापनमा दिगो रूपमा विकास गरी पोखरा महानगरपालिकाको गरिमालाई उच्च राख्नो मद्दत गर्दछ ।

*(लामिछाने एम्बुलेन्स व्यवस्थापन समिति संयोजक, दलको नेता सचेतक र वडा नम्बर ९ अध्यक्ष हुनुहुन्छ)*

# हाम्रो अनुरोध

- सफा सुन्दर महानगर निर्माणमा सबैले मलिर काम गरौं ।
- हरियाली सहर निर्माण गर्न सबै नगरबासी जुटौं ।
- पर्यटकलाई सधै हसिलो भएर स्वागत गरौं
- हाम्रा पर्व र सस्ंकृतिको संरक्षण गरौं



• **धनबहादुर नेपाली**

# कोरोनासँग जुध्दै आगामी योजनामा महानगर

संविधानको मूल मर्म र भावना अनुरुप सरकार संरचनाको ३ तहमा छ । संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकार आ-आफ्ना योजना निर्माण र सहअस्तित्वका समन्वयका आधारमा विकास र समृद्धि तर्फ केन्द्रित छन् ।

विकास र सम्वृद्धिले द्रुतगति लिँदै गर्दा विश्वव्यापी महामारी रोग कोरोनाका कारण उत्पादन, आर्थिक क्षेत्र र दैनिकी जीवनमा अकल्पनीय समस्या भोग्दै त्यसको दुस्प्रभाव हाम्रो नेपाल र हामी सम्म परेको छ । रोगका कारण ठूलो जनधन क्षति व्यहोर्नु परेको छ विश्वले । भविष्यको दृश्य शंकाले धुमिलता छाउँदै छ । यी चुनौतीको सामना गर्दै रोगथाम नियन्त्रण गर्न कोरोना संक्रमण विरुद्ध नेपाल सरकार र नेपाली जनता साहसका साथ लडिरहेछन् । केही टीका टिप्पणी बाहेक खासगरी स्थानीय सरकार चुनौती बीच कोरोना नियन्त्रणसँगै भोकमरी विरुद्ध राहत वितरण होस, क्वारेन्टाइन स्थापना होस वा नागरिक सचेतनाका लागि अग्रसर छ । पोखरा महानगरपालिका चैत ११ गते नेपाल सरकारले लकडाउन घोषणा गरेको एक महिना पूर्व नै सरोकारवाला स्वास्थ्य सम्वद्ध संस्थाहरुसँग कोरोना नियन्त्रणका लागि सचेतना कार्यक्रम सम्पन्न गरेको थियो । जो अति असहाय, दैनिक मजदुर र गरिब गरी ३५ हजार घर परिवारलाई राहत कोष स्थापना गरेर राहत बढ्ने कार्यले स्थानीय सरकारको नागरिकसँग ढोका खोल्ने वित्तिकै भेटिने सरकारको महत्वलाई प्रस्टाउथ्यो । कतिपय बुद्धिजीवी व्यक्तित्व एवं राजनीतिक विश्लेषकहरुले स्थानीय सरकार र त्यसमा नेतृत्व गर्ने जनप्रतिनिधिको सक्रियता मूल्यांकन गर्दै स्थानीय सरकारको उपस्थितिलाई विद्रोह रोकिने संयन्त्रको परिभाषा दिएका छन् । यथार्थमा भन्नु पर्दा चाहे खाना व्यवस्था गर्नें होस वा क्वारेन्टाइन स्थापना परिचालनमा स्वास्थ्य सुरक्षा व्यवस्था गर्ने सवाल हुन ती सामान्य थिएनन् ।

पोखरा महानगरको नेतृत्वले निर्वाचित भएको ३ वर्ष काटेको छ । झण्डै २ वर्ष ऐन कानुन निर्देशिका आचारसंहिता निर्माण गर्न समय बितायौं ।

**निश्चित छ, परिस्थितिलाई छिचोल्दै, निर्वाचन घोषणा पत्र, बजेटको परिधि भित्र अबको विकास वातावरण, कृषि र उत्पादन मैत्री हुनेमा हामी सबैको ध्यान जाने छ**

करिब ६१ ऐन कानुनको निर्माणले अब महानगर नीति निर्माण, बजेट एवं कार्यक्रम सञ्चालनको गतिमा छ । तेश्रो वर्षलाई योजना निर्माणको आधार वर्षका रुपमा लिन सकिन्छ । महानगरका आर्थिक समिति, भौतिक पूर्वाधार समिति, वातावरण समिति, बजेट योजना निर्माण समिति सामाजिक समितिहरु समग्र महानगरको विषयगत योजना निर्माणमा समर्पित छन् । गत वर्षदेखि सहरी योजना आयोग गठित भएको छ । गठन भए लगत्तै स्थानीय सरकारको काम कर्तव्य अधिकार अनुरुप पोखराको दिर्घकालीन अल्पकालीन योजना निर्माणमा आयोगका पदाधिकारी दक्षता अनुरुप समर्पित भएका छन् । आ.व. २०७७।०७८ का योजना संगै ०७७।०७८, ०७९।८० त्रिवर्षीय योजनाका योजना सञ्चालन गरी विकासको नयाँ गति र परिणाम दिन क्रियाशील भएको छ ।

महानगरलाई रुपमा मात्र होइन यसको भौतिक पूर्वाधारमा भारी फेरबदल ल्याउन कनेक्टिङ रोड, कृषिलाई आधुनिकीकरण व्यवसायलाई बजारीकरण र उत्पादन उद्योग क्षेत्रमा विशिष्टीकरणका नयाँ आयामहरु थप्ने योजनामा जनप्रतिनिधिहरु लागि पर्नु भएको छ । खुद्रा योजना र परिणाम प्राप्त गर्न नसकिने पुरानो योजना निर्माण विधिलाई हटाएर विकासमा प्रत्यक्ष जनताले देख्ने एकीकृत दिर्घकालीन योजना छनौट र चयनमा महानगरपालिका लागेको छ । ताल संरक्षण, पर्यटनको सन्तुलित विकास, नागरिकलाई स्वस्थ पिउने पानी, बाटोको विस्तारीकरण, प्राकृतिक सम्पदाको संरक्षण, पोखराको सौन्दर्यकरण भावी योजना हुन । अबको कोरोनाबाट सृजित असहजतालाई तोड्न मुखै अगाडीको चुनौती छ । तथापी त्यसलाई जितेर खुसी फर्कने विश्वास त्यत्तिकै गाढा पनि छ ।

निश्चित छ, परिस्थितिलाई छिचोल्दै, निर्वाचन घोषणा पत्र, बजेटको परिधि भित्र अबको विकास वातावरण, कृषि र उत्पादन मैत्री हुनेमा हामी सबैको ध्यान जाने छ । नेपाल सरकारका कार्यकारी प्रधानमन्त्री ओलीले संसदमा र नेपाली जनताले सडकमा एकै चोटी स्थानीय जनप्रतिनिधिलाई विश्वास र तारिफ गरेका छन् । उत्साह थपिएको छ हामी जनप्रतिनिधिलाई हामी जवाफदेही भएर जिम्मेवारी पूरा गर्नेछौं ।

*नेपाली पोखरा महानगरपालिकाको प्रवक्ता तथा वडा नम्बर ५ का अध्यक्ष हुनुहुन्छ ।*

# सडक बालबालिकाको उद्धार




उद्धार गरिएका बालबालिकासहित महानगरको टोली।




पोखरा महानगरपालिकाले कास्की प्रहरीको सहयोगमा पोखरामा क्षेत्रमा रहेका ३० सडक बालबालिकालाई उद्धार गरेको छ ।

कोरोना भाइसर संक्रमणको उच्च जोखिममा सडक बालबालिका रहेकोले उनीहरुलाई त्यसबाट जोगाउन र संक्रमणलाई फैलिन नदिनको लागि कास्की प्रहरीको सहयोगमा महानगरले उद्धार गरेको हो । उद्धार गरी उनीहरुलाई अन्नपूर्ण गाउँपालिकास्थित लेबाडेमा रहेको चिल्ड्रेन नेपालको भवनमा राखिएको छ ।

महानगरपालिका प्रमुख मानबहादु जिसी, उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत धुव्रकुमार पोखरेलसहितको टोली लेबाडे नै पुगेर उनीहरुलाई त्यहाँ राख्ने व्यवस्था मिलाएका महानगरका सूचना अधिकारी भरतराज पौडेलले बताउनुभयो । महानगरले खाद्यान्न साथै बसोबासको लागि आवश्यक बेडको पनि व्यवस्था मिलाएको पौडेलले बताउनु भयो ।

कोरोना संक्रमणबाट बचाउनको साथै उनीहरुलाई परामर्श दिएर समाजमा पुर्नस्थापित गर्ने गरी महानगरले सडक बालबालिकालाई उद्धार गरेको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले बताउनुभयो । उद्धार गरिएका बालबालिकाका अभिभावक वा आफन्तको खोजी गरी उनीहरुलाई परिवारको जिम्मा लगाउने र परिवारको पत्ता नलागेकालाई कसरी समाजमा पुर्नस्थापित गर्न सकिन्छ त्यसतर्फ महानगरले काम गर्ने जिसीको भनाइ छ । ती बालबालिकालाई नेपाल प्रहरी र नगर प्रहरीले सुरक्षा दिइरहेका छन् । बालबालिकाको स्वास्थ्य जाँच समेत गरिएको छ ।

उपप्रमुख मञ्जुदेवी गुरुङले चिल्ड्रेन नेपालको भवनमा राखिएका बालबालिकालाई उचित परामर्श दिएर उनीहरुलाई समाजमा घुलमिल गराउन महानगरले पहल गरिरहेको बताउनुभयो । बालबालिकाको रेखदेखको लागि चिल्ड्रेन नेपालले पनि २ जनालाई खटाएको चिल्ड्रेन नेपालका संस्थापक अध्यक्ष रामचन्द्र पौडेलले बताउनुभयो ।

लेबाडे पुगेका केही बालक निकै खुसी देखिन्थे भने उनीहरुले लकडाउन खुलेपछि आफू घर गएर पून यही आएर बस्ने बताएका छन् । 'म, जाम खुलेपछि घर गएर आउँछु है, मलाइ घरमा लगिदिनु,' एक बालकले भने, 'घर गएर म, फेरि यही बस्न आउने हो, मोटाए पछि मात्र घर जान्छु अब सडकमा बस्दिन ।' अहिले उक्त ठाउँमा १८ जना सडक बालबालिका रहेका छन् ।

पोखरा, १६ चैत

# पोखराको राहत कोषमा प्याब्सनको ५ लाख


पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा निजी विद्यालयहरुको छाता संस्था प्याब्सन कास्कीले ५ लाख सहयोग गरेको छ । प्याब्सन कास्कीका अध्यक्ष प्रेमप्रसाद शर्मा सुवेदी, प्याब्सनका केन्द्रीय अनुशासन समितिका सदस्य बाबुराम पन्त, प्याब्सन कास्कीका पूर्व अध्यक्ष तथा प्याब्सनका पूर्व केन्द्रीय सदस्य कृष्ण केसी, प्याब्सन कास्कीका कोषाध्यक्ष श्रीकृष्ण अधिकारीले पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई ५ लाखको चेक हस्तान्तरण गर्नुभयो ।

प्याब्सनले सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम महानगरको कोषमा सहयोग गरेको प्याब्सन कास्कीका पूर्व अध्यक्ष केसीले बताउनुभयो । महानगर हाम्रो अभिभावक भएकाले उसले थालेको अभियानमा प्याब्सनले साथ दिन सहयोग गरेको प्याब्सन कास्कीका अध्यक्ष सुवेदीले बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कोरोनाको संक्रमणलाई फैलिन नदिन सरकारले गरेको लकडाउनको समयमा अति विपन्न र महामारीले जोखिममा परेका परिवारहरुलाई राहत वितरण गर्न पोखरा महानगरपालिकाले राहत कोष स्थापना बताउनुभयो ।

पोखरा २१ चैत



# गुप्तेश्वर गुफाको ५ लाख सहयोग



पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा पोखरा छोरेपाटनको गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिले ५ लाख सहयोग गरेको छ । समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल लगायतको टोलीले ५ लाखको चेक पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई हस्तान्तरण गरेको हो ।

सहयोग हस्तान्तरण कार्यक्रममा प्रमुख जिसीले सहयोग सानो/ठूलो नहुने भन्दै गुप्तेश्वर गुफा व्यवस्थापन समितिले गरेको सहयोग सह्रानीय रहेको बताउनुभयो । जनताले तिरको करबाट नै महानगरले राहत वितरण गरेकाले त्यसप्रति निगरानी राख्न र राहत पाउनै पर्ने केही पनि नछुट्टुन भनेर महानगरले पैसा नलाग्ने हटलाइन ११८१ र ११८६ सञ्चालनमा ल्याएर गुनासोलाई सम्बोधन गरिरहेका जानकारी दिनुभयो ।

गुप्तेश्वर गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले गुफाको आम्दानीबाट नै महानगरलाई सहयोग गरेको बताउँदै दुई शिक्षण संस्था पनि त्यसैको आम्दानीबाट सञ्चालन भइरहेको बताउनुभयो । गुफा अवलोकन बन्द हुँदा आम्दानी घटेको उहाँको भनाइ छ ।

पोखरा, ६ वैशाख

# रोड सोको ५ लाख ५५ हजार

पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा रोड सो कस्ट्रक्सन प्रालिले ५ लाख ५५ हजार सहयोग गरेको छ । रोड सो प्रालिका अध्यक्ष कालु गुरुङले उक्त रकम बराबरको चेक पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई हस्तान्तरण गर्नुभएको हो । महानगरले थालेको कोरोना रोकथाम नियन्त्रण र जोखिमा परेका नागरिकलाई सहयोग गर्न महानगरले थालेको अभियानमा रोड सोले सहयोग गरेकोमा जिसीले धन्यवाद दिनुभयो ।

पोखरा, १० वैशाख



# कोषमा लेखनाथ साना सहरीको ५ लाख



पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले ५ लाख ५ रुपैयाँ सहयोग गरेको छ । संस्थाका अध्यक्ष विष्णु बरालसहितको टोलीले पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई चेक हस्तान्तरण गरेको हो ।
नगर प्रमुख जिसीले महानगरको अभियानमा सघाउन खानेपानी तथा सरसफाइ संस्थाले गरेको सहयोग सह्रानीय रहेको बताउनुभयो । उहाँले सहयोग सदुपयोग भए नभएको नगरानी गर्न पनि संस्थालाई आग्रह गर्नुभयो । संस्थाका अध्यक्ष बरालले महानगरको प्रयासमा सहभागिता जनाउन सहयोग गरेको बताउनुभयो ।
पोखरा, ११ वैशाख

# विन्ध्यवासिनी धार्मिक विकास समितिको ५ लाख



पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा विध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले ५ लाख सहयोग गरेको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका उपाध्य पवित्र रेग्मी, सदस्य सचिव तीर्थ श्रेष्ठ र कोषाध्यक्ष सूर्यप्रसाद सुवेदीले पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलाई ५ लाखको चेक हस्तान्तरण गर्नुभयो ।
पोखरा, ३० चैत

# पत्रकार महासंघलाई स्वास्थ्य सामग्री हस्तान्तरण




पोखरा महानगरपालिकाले नेपाल पत्रकार महासंघ कास्कीलाई स्वास्थ्य सामग्री प्रदान गरेको छ । महानगरपालिकाले चीनका विभिन्न भगिनी सहरहरुबाट प्राप्त भएको स्वास्थ्य सामग्री मध्ये पत्रकार महासंघ कास्कीलाई २ हजार ५ सय सर्जिकल मास्क र २ वटा थर्मल गन प्रदान गरेको हो । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी र उपप्रमुख मञ्जुदेवी गुरुङले आइतबार पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा महानगर प्रमुख मानबहादुर जिसीले कोरानासँग जुध्नुको विकल्प नभएको भन्दै महानगरसँग भगिनी सम्बन्ध भएका चीनका सहरहरुले दिएको स्वास्थ्य सामग्रीलाई सही सदुपयोग गरिने बताए ।

'हामीले भगिनी सम्बन्ध जोड्दा के फाइदा हुन्छ भन्नेहरुलाई यो सहयोगले गतिलो जवाफ दिएको छ, प्रमुख जिसीले भने,' सहयोग सानो र ठूलो हुँदै सम्बन्धकै कारण यो सहयोग प्राप्त भएका हो ।' पत्रकार पनि अंग्रपक्तीमा खटिएर समाचार सम्प्रेष्ण गर्नुपर्ने भएकाले स्वास्थ्य सामग्री हस्तान्रतण गरेको बताए ।

पोखरा महानगरका उपप्रमुख तथा कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि गठित उच्च स्तरीय समितिका संयोजक मञ्जुदेवी गुरुङले आवश्यकताका आधारमा ती सामग्री अन्य संघ संस्था, पोखरासँग सिमा जोडिएका गाउँपालिका, नगरपालिका र पोखराको भगिनी सम्बन्ध भएका नेपालका सहर धरान र धनकुटालाई पनि प्रक्रिया पुऱ्याएर ती सामग्री उपलब्ध गराउने बताइन् ।

कार्यक्रम उपप्रमुख गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा चीनबाट सामग्री ल्याउन समन्वय गरेको पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा नेपाल चीन जनमैत्री संघ पोखराका अध्यक्ष विश्वशंकर पालिखेले भगिनी सम्बन्ध जोडिएका सहरहरुले कोरोना महामहारीको बेलामा पोखरालाई सहयोग गर्नु उदाहरणीय मित्रता भएको बताए ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत ध्रुवकुमार पोखरेल, लेखा प्रमुख जयराम पौडेल लगायत सहभागी थिए भने कार्यक्रको सञ्चालन अन्तर्राष्ट्रिय सम्बन्ध समन्वय कर्ता लक्ष्मण तिमिल्सिनाले गरेका थिए । पोखरा महानगरपालिकाले भगिनी सम्बन्ध जोडेका चीनका लिन्जी, कुनमिन र ग्वाङ्झाओबाट स्वास्थ्य सामग्री प्राप्त भएको हो । भगिनी सहरबाट विभिन्न ९ प्रकारका सामग्री पोखरा आइपुगेको हो । १० हजार वटा सर्जिकल मास्क, ३ सय वटा गाउन, पञ्जा, सुज कभर लगायत सामग्री आएको महानगरका अन्तर्राष्ट्रिय सम्बन्ध समन्वयकर्ता तथा महानगर प्रमुखका स्वकीय सचिव लक्ष्मण तिमिल्सिनाले जानकारी दिए ।

'अहिले लिन्जी, कुन्मिङ र ग्वाङ् झाओबाट सहयोग सामग्री आएका हुन,' तिमिल्सिनाले भने, 'यसअघि पनि यिविन र गान्जी सहरबाट २० हजार मास्क आइसकेको छ ।' उनले अन्य सहरबाट पनि सहयोग सामग्री आउने प्रक्रियामा रहेको र छुचाओ सहरले पठाएको सामग्री बाटोमै रहेको र ५ दिन भित्र पोखरा आउने जानकारी दिए ।

सबै सहरबाट गरेर महानगरलाई करिब ७९ हजार अमेरिकी डलर बराबरको स्वास्थ्य सामग्री सहयोग प्राप्त भएको हो । भगिनी सहर यिविनले ७ हजार अमेरिकी डलर, छुचाओले ११ हजार, लिन्जीले २५ हजार, गोन्जाओबाट २७ हजार र कुन्मिङबाट ९ हजार डलर बराबरको स्वास्थ्य सामग्री पोखरा आएका हुन् । पोखरा महानगरले चीनमा कुन्मिङ, ग्वाङझाओ, यिविन, छुसाहो, हाइकाओ, नानिङ लगायत सहरसँग भगिनी सम्बन्ध कायम गरेको छ । त्यसबाहेक जापानको कोमागाने टर्कीको आडालर, दक्षिण कोरियाको ग्यान्बुक गु सहरसँग पनि पोखराको भगिनी सम्बन्ध छ ।

पोखरा, १८ जेठ

# सरसफाइ कर्मचारीलाई सुरक्षा सामग्री प्रदान



**सरसफाइ शाखा प्रमुख कल्पना बराललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख जिसी**

मे १ अर्थात मजदुर दिवसमा पोखरा महानगरपालिकाले सरसफाइ शाखा र ल्यान्डफिल साइटमा कार्यरत कर्मचारीलाई सुरक्षा सामग्री प्रदान गरेको छ । कोरोना भाइसरको जोखिम रहेको बेलामा सरसफाइ र ल्यान्डफिलसाइटमा काम गर्ने कर्मचारीको सुरक्षाको लागि सामग्री महानगरपालिकाले प्रदान गरेको हो । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सरसफाइ शाखा प्रमुख कल्पना बराल र ल्यान्डफिल साइटका इन्चार्ज रेशम जिसीलाई सामग्री हस्तान्तरण गर्नुभयो ।

सरसफाइ शाखामा २० जना र ल्यान्डफिल साइटमा १२ जना कर्मचारी कार्यरत छन् । ३२ जना कर्मचारीलाई सर्जिकल मास्क, गमबुट, सेनिटाइजर, पञ्जा साबुन प्रदान गरिएको हो ।

सामग्री हस्तान्तरण कार्यक्रममा प्रमुख जिसीले कर्मचारीको स्वास्थ्यको सुरक्षाप्रति महानगर सचेत रहेको बताउँदै कर्मचारी स्वास्थ्य बिमालाई पनि महानगरले प्राथमिकतामा राखेको बताउनुभयो । कोरोना महामारीको समयमा सचेत भएर काम गर्न पनि कर्मचारीलाई जिसीले आग्रह समेत गर्नुभयो । कर्मचारीलाई अनिवार्य रुपमा सामग्री प्रयोग गरेर मात्र काम गर्न पनि जिसीले निर्देशन दिनुभयो । कार्यक्रममा उपप्रमुख मञ्जुदेवी गुरुङ सहभागी हुनुहुथ्यो । पोखरा, १९ वैशाख



**ल्यान्डफिलका इन्चार्ज रेशम जिसीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख जिसी**

# गण्डकी प्रदेशलाई १ सय पिपिई हस्तान्तरण



**गण्डकी प्रदेशका मुख्मन्त्री पृथ्वीसुब्बा गुरुङलाई पिपिई हास्तान्तरण गर्दै पोखरा महानगरका प्रमुख मानबहादुर जिसी।**

पोखरा महानगरपालिकाले गण्डकी प्रदेश सरकारलाई स्वास्थ्यकर्मीले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) हस्तान्तरण गरेको छ । १ सय थान पिपिई महानगरले प्रदेश सरकारलाई दिएको हो ।

महानगरका प्रमुख मानबहादुर जिसीले गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई पिपिई हस्तान्तरण गर्नुभएको हो । मुख्यमन्त्री गुरुङले पिपिई प्रदान गरेकोमा पोखरा महानरपालिकालाई धन्यवाद दिएका थिए । यसअघि पोखरा महानगरपालिकाले १ सय थान पिपिई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरिसकेको छ ।

पोखरा, ३० चैत

# पोखरा विज्ञान प्रतिष्ठानलाई एक सय थान पिपिई प्रदान



पोखरा महानगरपालिकाले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल अस्पताल)का स्वास्थ्यकर्मीलाई आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) सहयोग गरेको छ । पोखरा महानगरले ग्राउन्ड, सुकभर र फेयसिलसहितको एक सय थान पिपिई सहयोग गरेको हो ।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. बुद्धिबहादुर थापालाई स्वास्थ्य सामग्री (पिपिई) हस्तान्तरण गर्नुभयो । प्रमुख जिसीले गण्डकी प्रदेशकै नेतृत्वदायी अस्पतालका रुपमा रहेकाले सुरक्षित बनाउन महानगरले सहयोग गरेको बताउनुभयो । उहाँले हस्पिटल सुरक्षित नभए बिरामी सुरक्षित नहुने बताउँदै हस्पिटल र स्वास्थ्यकर्मी सुरक्षित नहुने हो भने कोही पनि सुरक्षित हुन नसक्ने बताउनुभयो ।

'प्रमुख जिसीले हस्पिटलमा काम गर्ने एम्बुलेन्स चालक, ल्याबमा काम गर्नेहरु, आइसोलेसन वार्डमा काम सबै सुरक्षित रहनुपर्छ,' उहाँले भन्नुभयो,' पहिलो प्राथमिकता स्वास्थ्यकर्मी सुरक्षित बनाउनु हो । उहाँहरु सुरक्षित भएपछि हामी सुरक्षित हुन्छौं ।' उहाँले महानगरले प्रदान गरेको पिपिई काठमाडौबाट ल्याएको र ल्याब टेस्ट गरिएको बताउनुभयो ।

उहाँले स्वास्थ्यकर्मीका कमीकमजोरी हुनसक्छन् तर अहिले कमीकमजोरी खोज्ने बेला भन्दा मनोबल उच्च बनाउने बेला भएको बताउनुभयो । 'स्वास्थ्यकर्मीको गल्ती कमजोरी अहिले सञ्चार माध्यमले नलेखौं अहिले महामारीसँग लडौं त्यसको हिसाबकिताब पछि गरौंला ।' प्रमुख जिसीले स्वास्थ्यकर्मीलाई उत्साहपूर्वक काम गर्ने वातावरण सिर्जना गर्न सबैलाई आग्रह गर्नुभयो ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलति डा. बुद्धिबहादुर थापाले महानगरले प्रदान गरेको स्वास्थ्य सामग्रीले कोरोना संक्रमणको उपचारमा सहज हुने विश्वास व्यक्त गर्नुभयो । स्वास्थ्यकर्मी अहिलेको महामारीका अग्रपक्तिका सिपाही भएकाले उनीहरुको मनोबल उच्च बनाउने गरी सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

पोखरा, २९ चैत

# पोखरा महानगरमा सेनिटाइजर टनेल




पोखरा महानगरपालिका र नेपाल इन्जिनियरिङ एसोसिएसन (एनइए) गण्डकीको सहकार्यमा निर्माण गरिएको स्वचालित सेनिटाइजर टनेल महानगरको कार्यालय परिसरमा राखिएको छ । कोरोनाको महामारीले विश्व नै आक्रान्त बनेको बेलामा होलबडीलाई सेनिटाइज गरी मानिसको कपडामा भएको भाइरसलाई मार्ने स्वाचालित सेनिटाइजर टनेलको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आइतबार शुभारम्भ गरे ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री गुरुङले कोरोना भाइसरबाट बच्ने पहिलो विकल्प लकडाउन भएको बताउँदै उनले सधै लकडाउन सम्भव नहुने भएकाले विज्ञानले विकास गरेको प्रविधिलाई प्रयोग गरेर कोरोनालाई नियन्त्रण गर्नुपर्ने बताए । उनले सर्वसाधरणको भीडभाड हुने स्थान अस्पताल, सरकारी कार्यालयहरु, डिपार्टमेन्टल स्टोर्स लगायतमा यस्तो स्वचालित सेनिटाइजर टनेल राख्नुपर्ने बताए । उनले कोरोनाले अहिले हाम्रो दैनिकलाई मात्र असहज बनाएपनि यसले दीर्घकालीन रुपमा पार्ने आर्थिक असरलाई पनि अहिले देखि नै 'मेकअप' गर्ने योजनासहित काम गर्नुपर्ने बताए । लकडाउनको विकल्पमा विज्ञानले विकास गरेको प्रविधिलाई कोरोना संक्रमण रोकथाममा प्रयोग गर्नुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले इन्जिनियरहरुले बनाएको यो सेनिटाइजर टनेललाई पोखराको ब्रान्ड बनाउनुपर्ने बताए । सेनिटाइजर टनेलले कोरोना संक्रमणलाई रोकथाम गर्न सहयोग पुर्‍याउने बताउँदै जिसीले टनेल निर्माण गर्ने नेपाल इन्जिनियर एसोसिएसन गण्डकीका इन्जिनियरहरुलाई धन्यवाद दिए ।

करिब ५ सेकेन्डमा यो स्वचालित सेनिटाइजर टनेलले होलबडीलाई सेनिटाइज गरिसक्ने नेपाल इन्जिनिरिङ एसोसिएसन गण्डकीका अध्यक्ष आर्कीटेक इन्जिनियर बाबुराम भण्डारीले जानकारी दिए । उनले गण्डकी प्रदेश र पोखरालाई कोरोना भाइसरबाट सुरक्षति राख्नका लागि गण्डकी प्रदेश तथा पोखराका नाकाहरुमा यस्तो सेनिटाइजर टनेल राख्नु पर्ने बताए । उनका अनुसार यो सेनिटाइजर टनेल बनाउँदा १ लाख ५० हजारको सामग्री लागेको र एनइएका इन्जिनियरले प्राविधिक शिक्षाको उपयोग गरी पोखरा महानगरको यान्त्रिक कार्याशालामा यो टनेल निर्माण गरेको बताए ।

नेपाल इन्जिनियरिङ एसोसिएसन गण्डकीका उपाध्यक्ष ध्रुव भट्टराई सेनिटाइजर टनेलको माग आएको खण्डमा प्राविधिक सहयोग निशुल्क गर्न एनइए तयार रहेको बताए । प्रगतिशील इन्जिनियरिङ एसोसिएसन नेपालले समेत एक थान सेनिटाइजर टनेल निर्माण गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई उपलब्ध गराउन तयारी समेत गरेको भट्टराईले जानकारी दिए । उनका अनुसार एक लिटर सेनिटाइजरले १७ जनाको शरीरलाइ सेनिटाइज गर्नेछ ।

## कास्की प्रहरी परिसरमा सेनिटाइजर टनेल

पोखरा महानगरपालिकाले जिल्ला प्रहरी कार्यालय कास्कीमा स्वचालित सेनिटाइजर टनेल जडान गरी हस्तान्तरण गरेको छ । कोरोनाको महामारीले विश्व नै आक्रान्त बनेको बेलामा होलबडीलाई सेनिटाइज गरी मानिसको कपडामा भएको भाइरसलाई मार्ने स्वाचालित सेनिटाइजर टनेल निर्माण गरी महानगरले कास्की प्रहरीलाई हस्तान्तरण्ण गरेको हो । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कास्कीका प्रहरी प्रमुख दानबहादुर कार्कीलाई उक्त टनेल हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख जिसीले कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि अंग्रपक्तिमा खटिने प्रहरीलाई सुरक्षित बनाउन र उनीहरुको



मनोबल उच्च बनाउन टनेलले सहयोग पुऱ्याउने बताउनुभयो । कोरोनाको महामारी लम्बिन सक्ने भएकाले प्रविधिबाट यसलाई नियन्त्रण गर्नपर्ने बताए । उनले भीडभाड हुने सरकारी कार्यालयहरु, अस्पतालहरु, डिपार्टमेन्ट स्टोर्समा पनि टनेल जडान गर्नुपर्ने बताउनुभयो । कोरोनाको थोकथामलाई दीर्घकालीन योजना बनाएर जानुपर्ने सोच महानगरले बनाएको जिसीले बतानुभयो ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी दानबहादुर कार्कीले कार्यालय परिसरमा बनाइदिएको सेनिटाइजर टनेलले कोरोना रोकथामका सहयोग पुग्ने भन्दै पोखरा महानगर पालिकालाई धन्वयाद दिनुभयो । उहाँले टनेलले प्रहरी कर्मचारीसहित जिल्ला प्रहरी कार्यालयमा आउने सेवाग्राहीलाई सुरक्षित बनाउने बताउँदै प्रहरी कर्मचारीको सुरक्षामा पोखरा महानगरपालिका गम्भीरतापूर्वक लागेको महसुस गरेको बताउनुभयो ।

नेपाल इन्जिनियर एसोसिएसन गण्डकीका अध्यक्ष बाबुराम भण्डारीले एसोसिएसन र पोखरा महानगरका इन्जिनियरले बनाएको यो टनेल अपांग मैत्री भएको बतानुभयो । उहाँले पोखरा महानगर र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखेको टनेल भन्दा अझ एड्भान्स भएको बताउनुभयो ।

स्वचालित सेनिटाइजर टनेलले ५ सेकेन्डमा होलबडीलाई सेनिटाइज गरिसक्ने पोखरा महानगरका इन्जिनियर शुलभ तिमिल्सिनाले बताउनुभयो । टनेललाई अपांग मैत्री बनाउन र दृष्टिविहीनहरुको लागि पनि उपयोगी हुने गरी निर्माण गरिएको इन्जिनियर विकल्प ढुंगानाले बताउनुभयो ।

पोखरा, ९ वैशाख

## पोखरा महानगरले बनायो कृषि बजारमा सेनिटाइज टनेल

पोखरा महानगरपालिकाले शान्तिवनस्थित कृषि बजार उपजमा स्वचालित सेनिटाइज टनेल जडान गरेको छ । कोरोनाको महामारीले विश्व नै आक्रान्त बनेको बेलामा होलबडीलाई सेनिटाइज गरी मानिसको कपडामा भएको भाइरसलाई मार्ने स्वाचालित सेनिटाइज टनेल बनाएर महानगरले कृषि बजार उपजलाई हस्तान्तरण गरेको हो । महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कृषि बजार उपजको बजार व्यवस्थापन समितिलाई टनेल आइतबार हस्तान्तरण गर्नुभएको हो ।

प्रमुख जिसीले कृषि बजार उपजमा पनि मानिसका भीडभाड हुने भएकाले कोरोनाको संक्रमणलाई न्यूनीकरण गर्न महानगरले टनेल जडान गरेको बताउनुभयो । कोरोनाको महामारी लम्बिन सक्ने भएकाले प्रविधिबाट यसलाई नियन्त्रण गर्नपर्ने बताए । उनले भीडभाड हुने सरकारी कार्यालयहरु, अस्पतालहरु, डिपार्टमेन्ट स्टोर्स लगायतमा पनि टनेल जडान गर्नुपर्ने बतानुभयो ।

कृषि बजार उपज बजार व्यवस्थापन समितिका अध्यक्ष छेबाङ लामाले महानगरले कृषि बजारलाई महत्व दिएर टनेल जडान गरिदिएकोमा महानगरप्रति आभार व्यक्त गर्नभयो ।

पोखरा, १४ वैशाख



# पोखराले दियो कास्कीका ४ गाउँपालिकालाई पिपिई







पोखरा महानगरपालिकाले कास्कीका ४ वटै गाउँपालिकालाई स्वास्थ्यकर्मीले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्री पिपिई प्रदान गरेको छ । पोखरा महानगरपालिकाले रुपा, मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकालाई १०/१० थान पिपिई मंगलबार प्रदान गरेको हो ।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरलाई, उपप्रमुख मञ्जुदेवी गुरुङले माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ का अध्यक्ष विक्रम गुरुङलाई र प्रमुख प्रशासकीय अधिकृत ध्रुवकुमार पोखरेलले रुपा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु पोखरेल र मादी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटालाई ती सामग्री हस्तान्तरण गरेका गर्नुभएको हो । कार्यक्रममा प्रमुख जिसीले कास्कीका स्थानीय तहको नेतृत्वदायी भूमिका निर्वाह गर्न पोखरा महानगरले दुखमासँगै छौं भन्ने सन्देश दिन सामग्री हस्तान्तरण गरेको बताउनुभयो । उहाँले केही महानगर आफैले र केही दाताहरुबाट पिपिई व्यवस्थापन गरी गाउँपालिकासहित ८ संस्थालाई वितरण गरेको जानकारी दिनुभयो । व्यक्तिगत सुरक्षा सामग्री नहुँदा स्वास्थ्यकर्मीलाई काम गर्न समस्या भएकाले महानगरले पिपिई व्यवस्थापन गरेको र यसले स्वास्थ्यकर्मीको मनबोल बढाउने विश्वास महानगरले लिएको जिसीको भनाइ छ । जिसीले करिब १६ लाखको पिपिई खरिद गरी विभिन्न संघ संस्थालाई उपलब्ध गराइएको जानकारी दिनुभयो ।

पिपिई बुझ्दै अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले महानगरले गरेको सहयोग सह्रानीय रहेको बताउँदै पिपिई नहुँदा गााउँपालिकाका कार्यरत स्वास्थ्यकर्मीलाई काम गर्न समस्या परेकोमा अब भने सहज हुन बताउनुभयो ।

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका प्रमुख हेमन्त शर्मा पौडेलले यो पिपिई पुन प्रयोग गर्न मिल्ने किसिमको भएको बताउनुभयो । उहाँले कोरोना भाइसरका कारण स्वास्थ्यकर्मीलाई व्यक्तिगत सुरक्षा सामग्री अति आवश्यक भएको बताउनुभयो ।

पोखरा महानगरपालिकाले यसअघि गण्डकी प्रदेश सरकारलाई १ सय थान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई १ सय थान हस्तान्तरण गरिसकेको प्रमुख जिसीले बताउनुभयो । पोखरा महानगरपालिकाका सूचना अधिकारी भरतराज पौडेलले शिशुवा अस्पताललाई ४० वटा, मातृशिशु मितेरी अस्पताललाई ४० पिपिई पनि वितरण गरिएको छ । महानगरले आठ वटा संस्थालाई गरी ३ सय २० थान पिपिई हस्तान्तरण गरेको हो ।

पोखरा, २ वैशाख

## पोखरामा कोरोना रोकथाम अभियान




# नगरका विभिन्न ठाउँमा 'डिसइन्फेक्सन स्प्रे'



पोखराको लेकसाइड क्षेत्रमा दमकलको प्रयोग गरी किटनासक औषधी छर्किदै पोखरा महानगर दमकल शाखाका कर्मचारी ।

पोखरा महानगरपालिकाको कार्यालय न्युरोडमा किटनासक औषधी छर्ने कार्यक्रमको शुभारम्भ गर्दै गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङ र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी ।

पोखरा महानगरकाले नगर क्षेत्रका भीडभाड हुने स्थानमा (डिसइन्फेक्सन स्प्रे किटनासक औषधी छर्किएको छ । महानगरको युरोडस्थित कार्यालयबाट किटनासक औषधी छरिएको हो । उक्त कार्यको गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङ र पोखरा महानगर पालिकाका प्रमुख मानबह्ुदर जिसीले शुभारम्भ गर्नुभएको हो । कोरोना भाइरसको संक्रमणलाई महानगर क्षेत्र भित्र फैलिन नदिन किटनासक औषधी छरिएको महानगरका प्रमुख मानबहादुर जिसीले बताउनुभयो । उहाँले महानगर क्षेत्रका भीडभाड हुने ठाउँहरु, अस्पताल, सेवाग्राही बढी आउने सरकारी कार्यालय, लगायत ठाउँहरुमा किटनासक औषधी छरिएकोजानकारी दिनुभयो ।

महानगरले जिरोकिमीदेखि हल्लनचोक, लेकसाइडहुँदै सहिदचो कसम्मको सडकमा किटनासक औषधी छर्केको हो । लेकसाइड क्षेत्रमा किटनासक औषधी छर्न दमकल प्रयोग गरिएको थियो । त्यसैगरी हरिचोक, सिम्पानी, ट्याक्सीचोक, क्याम्पसगेट, शिक्षा कार्यालयचोक लगायतका ठाउँमा किटनासक औषधी छरिएको स्वास्थ्य महाशाखाका सिनियर अहेब अधिकृत हरिलाल आचार्यले जानकारी दिनुभयो ।

आचार्यका अनुसार महानगरको सहरी भूभागका अधिकांश ठाउँमा किटनाशक औषधी छरेको हो । विशेष गरी भीडभाड हुने गरेका स्थान, ओसिलो र घाम नलाग्ने ठाउँमा किटनासक औषधी छरिएको महानगरपालिकाले जनाएको छ । महानगरका प्रमुख मानबहादुर जिसीले महानगर क्षेत्रका भीडभाड हुने ठाउँहरु, अस्पताल, सेवाग्राही बढी आउने सरकारी कार्यालय, चौताराहरु लगायत सडकका असिलो र घाम नलाग्ने ठाउँहरुमा किटनासक औषधी छरिएको बताउनुभयो । मेयर जिसीले सरकारले थालेको कोरोना रोकथाम र नियन्त्रणको अभियानमा सघाउन नगरबासीलाई अनुरोधसमेत गर्नुभयो ।

पोखरा, १४ चैत

# विदेश भएका नेपालीबारे पनि एकपटक सोच्ने की ?



• लक्ष्मण तिमिल्सिना

नेपाली जनताले नाकाबन्दीको समयमा एउटा बलियो धारणा बनाए, बरु भोकै मरौंला तर राष्ट्रप्रेम ढल्न हुँदैन, राष्ट्रको शान झुक्न दिनु हुँदैन । तसर्थ पनि नेपालीको शीर उचो पार्ने काम त्यो बखत भयो, नाकाबन्दी सँग नेपाल हारेन । जुन घटनाको नेतृत्व गरेका प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्थ्यो । अहिले विश्व समुदाय जुधिरहेको कोरोना महामारी सँगको लडाँइमा ओलीको नेतृत्वमै नेपाल पनि जुधिरहेको छ । सरकारले बेलैमा लकडाउन गरेको कारण संक्रमितको संख्या अलिक कम देखिएको नकार्न सकिन्न ।

तर, यसो भनिरहँदा खुल्ला सिमाना भएको भारत तर्फको नाकामा सुरक्षा उपाय प्रयाप्त नहुँदा सिमावर्ती क्षेत्र बाट केही नेपाली र केही भारती नागरिक विभिन्न वहानामा नेपाल आइरहेकै छन् । हवाइ मार्गबाट कोरोना भित्रिन जितेको सरकार स्थल मार्गको हैरानीमा पर्नु स्वभाविक नै हो । पछिल्ला घटना क्रमले यो देखाएको छ कि विदेशमा भएका विशेसगरी भारतमा भएका नेपालीहरु नेपाल छिर्न आतुर छन् । घरकै आटोरोटो खाएर यो महामारीमा जुध्न चाहेका छन् तर परिस्थिति सहज छैन । लुकिछिपी आउँदा संक्रमण झन बढ्ने खतरा एकातिर छ । तसर्थ अब यो विषयमा गम्भीरता पूर्वक सोच्न जरुरी छ । सरकारले विश्व भरी रहेका नेपाली जो नेपाल आउन चाहेका छन्, उीनहरुको लागत राखी सशुल्क तथा निशुल्क क्वारेन्टाइनको व्यवस्थापन गर्ने गरी जनस्वास्थ्यको योजना बनाएर कार्यान्वयन गर्नु जरुरी छ ।

पेड क्वारेन्टाइन बारे सोच्ने कि?

भारतमा भएका केही नेपाली जो नेपाल आउन चाहन्छन,उनीहरुलाई नेपाल ल्याउनको लागि सरकारले गरेको तयारी स्वागत योग्य छ । तर अन्य देशबाट नेपाल आउन चाहेका नेपालीको बारे के गर्ने? सोच्ने बेला आएको छ । विभिन्न राष्ट्रले आफ्ना नागरिक देश फर्काउन प्लेन चार्टर गरेको बेला हामीले पनि यो विषयमा दीर्घकालीन योजना बनाउनु जरुरी छ । हाल हामी सँग आफ्ना नागरिकको कुन देशमा छन यकिन तथ्यांक उपलब्ध छैन । तसर्थ यसको लागि लागत संकलन पहिलो कार्य हुन सक्छ । सिस्टमको विकास गरी नेपाल आउन चाहनेको लगत संकलन गरी उनीहरु मध्ये नेपाल आउन चाहने नेपालीको पिसिआर टेस्ट गरेर आवश्यक सुरक्षा उपाय अवलम्बन गरी आर्थिक अवस्था सवल भएकाको हकमा चार्टर्ड सेल्फ पे प्लेनको व्यवस्थापन गरी नागरिकलाइ देशमा आउन दिने योजना अगाडि बढाउनुको साथै आर्थिक रुपमा विपन्नको लागि राज्यले प्लेन चार्टर्ड गरेर भए पनि नेपाल आउने वातावरण बनाउनु आवश्यक छ । अनि नेपालमा समेत खुल्ला प्रतिस्पर्धाबाट होटल, रेस्टुराहरुलाई पेड क्वारेन्टाइनको रुपमा विकास गराउँदा आर्थिक अवस्था सवल भएका नेपाली दाजु भाइलाइ पेड क्वारेन्टाइनमा राख्न सकिन्छ । यसले गर्दा देश र सरकारप्रतिको विश्वास जन मानसमा कायम नै रहिरहनुका साथै क्वारेन्टाइनमा आफूले मेनु अनुसारको खाना खान पाहुने छन् । साथै त्यस्ता क्वारेन्टाइनमा सुरक्षा तथा स्वास्थ्योपचारको जिम्मा राज्यले गरिदिँदा राज्यलाइ ठूलो आर्थिक भार पर्दैनथ्यो । अति विपन्न नेपालीको पहिचान गरी उनीहरुलाई स्थानीय तहको व्यवस्थापनमा बनेको निशुल्क क्वारेन्टाइनमा राख्ने आवश्यक प्रबन्ध गर्नु जरुरी देखिन्छ । यसले लुकिछिपी नेपाल अउनेको सख्या कमी हुँदै सामुदायिक जोखिम कम गर्दै राज्यको स्रोतमा कम भार पर्ने देखिन्छ ।

## आकस्मिक खाद्य घर

यो महामारिको असर कहाँ सम्म र कहिले सम्म जाने हो सजिलै भन्न सकिने अवस्था छैन । यस परिस्थितिमा लकडाउन खुल्यो भने पनि बड्दो भीडभाड कोरोना संक्रमण फैलन जिम्मेवार नबन्ला भन्न सकिन्न । तसर्थ अबको ६ महिनालाई पुग्ने गरी धान, मकै, गहुँको भण्डारण गर्नको लागि प्रत्येक स्थानीय तहमा आकस्मिक खाद्य भण्डार बनाउनु जरुरी छ । यसको कार्ययोजना आजै तयारी नगर्ने हो भने भयावह स्थिति सँग जुध्नु थप संघर्ष हुनेछ । साथै स्थानीय तहको क्षमता अभिवृद्धि गराउँदै तरकारी, पशु तथा मासुजन्य उत्पादन तथा फलफूल स्थानीय उत्पादनमै जोड दिनुपर्छ । नेपालमा कृषि उत्पादन वृद्धि गर्नको लागि यो उपयुक्त समय पनि हो । (तिमिल्सिना *महानगर प्रमुखको स्वकीय सचिव हुनुहुन्छ)*

# क्षेत्रीय अस्पताललाई स्प्रे मेसिन



कोरोना संक्रमण फैलिन नदिन पोखरा महानगरपालिकाले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) लाई हाइप्रेसर वाटर स्प्रे मेसिन प्रदान गरेको छ ।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. अर्जुन आचार्यलाई हस्तान्तरण गर्नुभयो । उक्त मेसिनबाट अस्पतालमा भित्रिने र बाहिरिने व्यक्ति तथा सवारी साधनलाई स्प्रे गरिने छ । अस्पतालमा धेरै मान्छेहरु आउजाउ हुने भएकाले संक्रमण फैलिन नपाओस भन्ने उद्देश्यले उक्त सामाग्री प्रदान गरेको प्रमुख जिसीले बताउनुभयो । 'अस्पताल संवेदनशील ठाँउ हो यहाँ मानिसहरुको आउजाउ धेरै हुने भएकाले सुरक्षित बनाउन स्प्रे मेसिन प्रदान गरेका हौं ।' उहाँले भन्नुभयो ।

पोखरा महानगरमा आउने कर्मचारी लगायत सबैलाई समेत स्प्रे गर्ने गरी मेसिन सञ्चालन गरिएको बताउनुभयो । 'अहिले महानगरमा मान्छे धेरै आउँदैन हस्पिटलमा मानिसहरुको चाप हुने भएकाले सुरक्षित गर्न मेसिन प्रदान गरिएको हो,' उहाँले भन्नुभयो ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक प्रा.डा अर्जुन आचार्यले अस्पताललाई सुरक्षित बनाउन महानगरले गरेको सहयोग प्रशंसनीय रहेको बताउनुभयो । उहाँले कोरोनाको संक्रमणलाई जित्न सबैको सहयोग र सहकार्य आवश्यक रहेको बताए ।

पोखरा २७ चैत

# महिलालाई छुट्टै क्वारेन्टाइन

पोखरा महागनरपालिकाले महिलाको लागि मात्रै छुट्टै क्वारेन्टाइनको व्यवस्था गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर ३ मा रहेको पद्यम नर्सिङ होमको स्वामित्वमा रहेको तत्कालिन बुद्ध हस्पिटलमा महिलाहरुका लागि क्वारेन्टाइन बनाएको हो ।

बुद्ध हस्पिटलमा ५० जना राख्न सक्ने क्षमता रहेको छ । महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ, वडा अध्यक्ष रवीन्द्रबहादुर प्रजु, स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्मा, महानगरका अधिकृत किरण कोइराला सहितको टोलीले अनुगमन गर्नुभयो । अनुमगन लगत्तै उपप्रमुख गुरुङले २० जनाका लागि बेड तयार गर्न निर्देशन दिनुभयो ।

महिला पुरुषलाई एउटै ठाँउमा राख्दा बलात्कार लगायतका थुप्रै कुरा बाहिर आएका छन् उपप्रमुख गुरुङले भन्नुभयो, 'त्यसैले महिलाहरुको सुरक्षालाई मध्यनजर गदै छुट्टै क्वारेन्टाइनको ब्यवस्था गरेका छौ ।' क्वारेन्टाइनमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी समेत महिला राखिने छ । परिवार सहित आउनेलाई अन्य क्वारेन्टाइनमा राख्न सकिने तर एक्लाएक्लै आउने महिलाहरुलाई छुट्टै राख्न ब्यवस्था गरिएको हो । भारत लगायत अन्य देशबाट आउने महिलाहरुलाई त्यही राखिने छ ।

# ६ सय ८० सुत्केरीले पाए पौष्टिक आहार

पोखरा महानगरपालिकाले लकडाउनको अवधिमा सुत्केरी भएका ६ सय ८० जनालाई पौष्टिक आहार वितरण गरेको छ । कोरोना संक्रमणका कारण लकडाउन भएपछि सुत्केरी महिलाहरु माइतीघर जान नपाउने र आफ्ना आफन्त समेत भेट आउन नपाउने भएकाले अभिभावकीय जिम्मेवारी निर्वाह गर्दै महानगरले लकडाउनमा सुत्केरी भएका महिलाहरुलाई एक किलो घिउ, एक किलो हरलिक्स, एक लिटर तेल, एउटा साबुन र नगद पाँच सय रुपैयाँ उपलब्ध गराएको हो ।

चैत १० देखि जेठ ३२ गतेसम्म सुत्केरी भएका महिलाहरुलाई सुत्केरी राहत प्रदान गरेको महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो । बन्दाबन्दीका समयमा सुत्केरी भएर घरमै बसेका, माइती जान नपाएका एवं आफन्तको भेटघाटबाट वञ्चित महिलालाई महानगरले अभिभावकीय भूमिका निर्वाह गर्दै घरघरमा पौष्टिक आहार पुयाएको थियो ।

महानगरभित्र लकडाउनको समयमा सुत्केरी महिलाहरुलाई पौष्टिक तत्वको कमी नहोस भनेर पौष्टिक आहार वितरण गरिएको उहाँले बताउनुभयो । सुत्केरी राहतमा महानगरको १३ लाख ६० हजार रुपैयाँ खर्च भएको पौष्टिक आहार वितरणमा सहभागी पोखरा महानगर भण्डार शाखाका रेवती भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार ३२ गतेसम्म नाम






टिपाएकाहरुलाई भने पौष्टिक आहार वितरण गरिने छ । 'लकडाउन खुकुलो भयो, अब पौष्टिक आहार वितरण रोक्ने निर्णय गरेका छौं ।'

पोखरा, जेठ ३२

# साँघुको मुख पालिखे चोकमा डिभाइडर गार्डेन

पोखरा महानगरपालिकाले वडा नं ३, ४ र ९ को संगम साघुँको मुख पालिखेचोकमा डिभाइडर गार्डेन निर्माण गरेको छ । गत वर्ष साँघुरो पालिखेचोकलाई फराकिलो बनाइएपछि महानगरले सो स्थलमा सुन्दर गार्डेन बनाएको हो । ४७ औं विश्व वातावरण दिवसको अवसरमा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले सो गार्डेनको औपचारिक उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले पर्यटकीय नगरी पोखरालाई पार्कको सहरका रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

पोखराको मनोरम प्राकृतिक सुन्दर्यता यहाँको वातावरणीय स्वच्छताको उपज समेत रहेको बताउँदै उहाँले वातावरण संरक्षण गर्दै पर्यापर्यटनको विकास गर्न आग्रह गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले साँघुरो चोकलाई फराकिलो बनाएर सौन्दर्यकरण गरिएको बताउँदै महानगरले परिणाम देखिने गरी काम गरिरहेको बताउनुभयो ।

वडा नं ४ का वडाध्यक्ष शंकर बास्तोलाले सो स्थानमा रहेका घर जग्गाको मुआब्जाको लागि महानगरपालिकाले २ करोड ५८ लाख ८४ हजार रुपैंयाँ लगानी गरेको जानकारी दिनुभयो । बास्तोलाका अनुसार किशोरीदेवी श्रेष्ठले ७३ लाख १६ हजार, वसन्त उदास ७६ लाख ८३ हजार, प्रदीप शंकर पालिखे, ४४ लाख ६२ हजार, कृष्णमान पालिखेलाई ६४ लाख २१ हजार मुआब्जा वापतको रकम महानगरले बुझाएको थियो । महानगरले वर्षौदेखि समस्याको रुपमा रहेको पालिखेचोकलाई फराकिलो बनाउन वडाध्यक्ष बास्तोलाको संयोजकत्वमा समिति बनाइएको थियो । पालिखेचोकलाई फराकिलो बनाउन श्रीपति कोइराला गुटीले भूमिका खेलेको थियो ।

सो समितिले जग्गाधनीसँगको पटक पटकको छलफल तथा वार्ताबाट मुआब्जा दिलाएर सडक चौडा बनाउने काम टुंग्याएको थियो ।

**सडकका दायाँबायाँ वृक्षरोपण गरिने**

पोखरा महानगरपालिकाले महानगरभित्रका सडक तथा सीमानामा रहेका गाउँपालिका केन्द्र जोड्ने सडकका दायाँ बायाँ वृक्षरोपण गर्ने भएको छ । अर्न्तराष्ट्रिय वातावरण दिवसको अवसरमा महानगरले एक प्रतिबद्धता सार्वजनिक गर्दै विश्व नै वातावरण प्रदुषणको चपेटामा पर्दै गएको र महानगरलाई प्रदुषणमुक्त गराउन र वृक्षरोपण कार्यक्रमलाई प्रभावकारी सञ्चालन गरी हरियाली बढाउन जोड दिने नीति रहेको जनाएको छ ।

'पर्यटनका लागि जैविक विविधता युक्त सहर' को नारासहित हरियाली विकास गर्न महानगरपालिकाका सडकहरु तथा सीमानामा रहेका गाउँपालिका केन्द्र जोड्ने सडकमा दायाँबायाँ वृक्षरोपण गर्ने कार्यक्रम अगाडि बढाइने महानगर प्रमुख मानबहादुर जिसीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।




विज्ञप्ति अनुसार महानगरपालिका भित्र निर्माण हुने घरका कम्पाउन्ड तथा कौसीमा हरित बगैंचा निर्माण गर्ने नीति अवलम्बन गरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्न योगदान पुर्‍याउँदै वनस्पति उद्यान(बोटानिकल गार्डेन)हरुको विकास गरिने छ । महानगरभित्रका कोमागाने, पुष्पलाल, वसुन्धरा, मदन आश्रित, यशोधरा उद्यान तथा राष्ट्रिय विभूति तथा सहिद उद्यान आदिलाई संरक्षण र प्रवर्द्धन गरिने महानगरले जनाएको छ । ठूलाकोट, रानीवनलाई जैविक विविधता संरक्षणका केन्द्र बनाई प्राकृतिक चिडियाखानाको रुपमा विकास गर्ने, पञ्चासे लेकलाई सुनगाभा संरक्षण क्षेत्रका रुपमा घोषणा गरी संरक्षण गरिने, बालबालिकाहरुको लागि मनोरञ्जन र सिर्जनात्मक प्रेरणाका लागि प्रत्येक वडाहरुमा कम्तीमा एउटा उद्यानको व्यवस्था, र महानगरभित्रका नौ वटै तालहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्ने लक्ष्य राखिएको छ ।

'जनसहभागिता, प्रदेश तथा संघीय सरकारहरुसँग समन्वय गरी वन वनस्पति, ताल तलैया, खोला, नदीनाला, जलाधार व्यवस्थापनको संस्थागत विकाससहित जैविक विविधता संरक्षण गरी पर्यापर्यटनको विस्तार र वातावरणीय सन्तुलनसहितको दीगो विकास गर्ने नीति अवलम्बन गरिनेछ ।' विज्ञप्तिमा उल्लेख छ ।

समुदायमा आधारित संगठन मार्फत ताल तलैया, नदी खोलानालाहरुको जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन गरी बाढी, पहिरो जस्ता प्राकृतिक विपद्हरुको जोखिम न्यूनीकरण, महानगर भित्र रहेका वन क्षेत्रहरुको सौन्दर्यकरण एवं व्यवस्थापनद्वारा विभिन्न जातका फल फूलका विरुवा रोपी त्यसलाई आर्यआर्जनसँग जोडेर उत्पादकत्व वृद्धि गरी पर्यापर्यटन तथा उद्यमशीलता मार्फत आय आर्जनमा जोड दिइएको छ । जलवायु अनुकुलन तथा न्यूनीकरण योजना तयार गर्ने, महानगर भित्र रहेका पर्ति जग्गा, सार्वजनिक भवनका कम्पाउन्डहरु, सडक, खोला, नदी, नहरका किनारमा वृक्षरोपण गरी हरियाली प्रर्वद्धन र वन तथा वनस्पति प्रदर्शन स्थल स्थापना गरी अनुसन्धान, प्रसार तथा विकासमा महानगरले प्रतिबद्धता व्यक्त गरेको छ ।

पोखरा, २३ जेठ पिसपोखरा डटकम

# प्रकृति उद्यानमा खुल्ला व्यायामशाला बन्दै

पोखरा महानगरपालिका ३ नदिपुर स्थित प्रकृति उद्यानमा खुल्ला व्यायामशाला निर्माण हुने भएको छ। ४७ औं विश्व वातावरण दिवसको अवसरमा आयोजित वृक्षरोपण कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले पार्कको स्तरोन्नति गरी खुल्ला व्यायामशालाको रुपमा विकास गर्ने योजना रहेको बताउनुभयो। हरेक वडामा एक पार्क बनाउने लक्ष्य महानरपालिकाले लिएको उल्लेख गर्दै मेयर जिसीले पार्कको प्रर्वद्धनका लागि आफू सधैं तयार रहेको बताउनुभयो।



पोखरा ३ का वडाध्यक्ष रवीन्द्रबहादुर प्रजुले पार्कमा खुल्ला व्यायामशाला निर्माणमा २० प्रतिशत जनसहभागिता जुटाउने गरी महानगरले ४ लाख ८० हजार रुपैंयाँ बजेट विनियोजन गरिसकेको जानकारी दिनुभयो । व्यायामशाला निर्माणको काम सम्झौता लगायतका प्रक्रिया पूरा गरी चाँडै नै सुरु गरिने अध्यक्ष प्रजुले जानकारी दिनुभयो।

पार्कलाई सञ्चालन गर्दै आएको संस्था सूर्योदय युवा क्लबका अध्यक्ष शेखर पराजुलीले पार्कको थप सौन्दर्यीकरणका लागि पार्क भित्र वाचानालय निर्माण गरी क्याफे समेत सञ्चालन गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो। यसका लागि अभियान समेत सुरु भइसकेको उहाँको भनाइ थियो।

पार्कको पुनर्निर्माणका लागि स्थानीय समाजसेवी सहदेव बानियाको संयोजकत्वमा समिति समेत गठन गरिएको छ। बाल मन्दिर टोल विकास संस्था, बाल मन्दिर आमा समूह लगायतका संस्था पार्कको पुनर्निर्माणमा जुटिरहेको समितिका सचिव षडांग घिमिरेले जानकारी दिनुभयो।

२३ जेठ २०७७ पोखरापोस्ट डटकम

## पोखरा महानगरको सूचना

- **खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं।**
- **घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोट मा विचार पुऱ्याऔं। विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।**
- **समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं।**

**पोखरा महानगरपालिका**

# Self-quarantine मा बस्दा पालना गर्नुपर्ने नियमहरु

१. म पर्याप्त हावा खेल्ने तथा प्रकाश पर्याप्त आउने छुट्टै कोठामा एक्लै बस्नेछु।

२. म छुट्टै बाथरुम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरुम र शौचलाय आँफै सफा गर्नेछु।

३. म आफु बस्ने कोठा आँफै सफा गर्नेछु ।

४. म घर भित्र साझा रुपमा प्रयोग हुने ठाउँहरु जस्तै भान्सा, शौचालय आदीमा मेरो आवतजावतलाई सिमित गर्नेछु।

५. म स्वास्थ्य संस्था जाने बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन।म काममा, बिद्यालय वा सार्वजनिक क्षेत्रहरुमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन।यस अवधिभर आवश्यक पर्ने सामग्रीहरु परिवारका सदस्य मार्फत मगाउने छु ।

६. म नियमितरुपमा आफ्नो हात साबुन पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु वा हात सफा राख्न अल्कोहोल युक्त ह्यान्ड स्यनिटाइजर प्रयोग गर्नेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, towel, ओछ्यान वा अन्य सामानहरु घरका अन्य व्यक्तिसँग साझा प्रयोग गर्दिन। प्रयोग गरेपछि यी सामानहरु साबुन र पानीले सफासँग आफैं धुनेछु।

८. म अन्य व्यक्तिहरुसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. म अन्य व्यक्तिहरुसँगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटर (३ फिट) को दुरी राख्नेछु र अर्को व्यक्तिसँग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु।

१०.खोक्दा वा हाच्छिऊँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनाले छोप्ने छु ।

११.म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु पेपर,रुमाल, मास्क र अन्य चिजहरु छुट्टै फोहोर फाल्ने ठाउँमा फल्नेछु र फालेपछि तुरुन्तै कम्तिमा २० सेकेन्डसम्म आफ्नो हात साबुन पानीले मिची मिची धुनेछु । रुमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासँग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२.म पोखरा महानगरपालिका स्वास्थ्य महाखाबाट प्राप्त निर्देशनहरुको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधै तयार रहनेछु ।

१३.म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाँच्नेछु र मलाई दिइएको निर्देशन अनुसार १४ दिनसम्म मेरो दैनिक स्वास्थ्य स्थितिबारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४.कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा बस्दा अन्य केहि समस्याहरु भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरु पालना गर्नेछु ।

१५.म पोखरा महानगरपालिकासँगको पूर्व अनुमतिबिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

## आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ।

स्वास्थ्यकर्मीको नाम :

सम्पर्क नं.:

०६१-५४०२७८

स्वास्थ्य महाशाखा

पोखरा महानगरपालिका



# सातौं नगर सभाको तयारी

आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट निर्माणमा पोखरा महानगरपालिका जुटेको छ । आगमी असार १० गते बस्ने पोखरा महानगरपालिको सातौं नगर सभामा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत हुनेछ । कोरोना भाइरसका कारण सिर्जित विषम पस्थितिमा कोरोनाको रोकथाम, नियन्त्रण, आम नागरिकको जीवन रक्षलाई प्राथमिकतामा राखेर नीति, कार्यक्रम र बजेट निर्माण गरिने पोखरा महाननगर पालिकाका सूचना अधिकृत भरतराज पौडेलले बताउनुभयो । महानगरले नीति, कार्यक्रम र बजेटबारे सरोकारवाला पक्षहरुसँग पनि छलफल गरेको छ ।

पोखरा महानगरपालिकाले आगामी वर्ष २०७७/०७८ को बजेट र कोरोना भाइरस नियन्त्रण र व्यवस्थापनको रणनीति बारे कास्कीका राजनीतिक दल र कास्कीबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदसँग छलफल गरेको हो ।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीको अध्यक्षतामा

**आम नागरिकको जीवन रक्षा गर्दै प्रकृति मैत्री दिगो विकासलाई प्राथमकिता**

भएको छलफलमा प्रकृतिको विनास हुने गरी गरिएको विकासले अनेक समस्या निम्त्याएको बताउँदै छलफलमा सहभागीले प्रकृति मैत्री दिगो विकासलाई प्राथमकिता दिन सुझाव दिएका छन् । उनीहरुले कोरोनाका रोकथाम, नियन्त्रण र उपचारलाई अझ प्रभावकारी बनाउँदै सोही अनुसार बजेट निर्माण गर्न आग्रह गरेका छन् । कोरोनाका कारण थला परेको पर्यटनलाई टिकाइ राख्न र यो विषम परिस्थितिमा कृषिलाई पनि प्राथमिकतामा राखेर योजना बनाउनु पर्ने उनीहरुले बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले दीर्घकालीन विकासलाई जोड दिएर महानगरपालिकाले बजेट निर्माण गरिरहेको बताउनुभयो । कोरोना नियन्त्रण, रोकथाम, उपचार प्रभावकारी बनाउँदै खुद्रे योजना नभइ दीर्घकालीन महत्व राख्ने योजनालाई बजेटमा समेटिने उहाँले बताउनुभयो । कास्कीका राजनीतिक दल, सांसदहरुको सुझावलाई बजेटमा समावेश गरिने प्रतिबद्धता समेत जिसीले गर्नुभएको थियो ।

कार्यक्रम बोल्दै सांसद तथा गण्डकी प्रदेश विकास समितिका सभापति दीपक कोइरालाले दीर्घकालीन विकासमा जोड दिँदै महानगर भित्र गरिबीको रेखामुनी रहेकाको तथ्यांक संकलन गर्नुपर्ने बताउनुभयो । उहाँले महानगरको बजेटमा स्वास्थ्य, शिक्षा, कृषि, पर्यटनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

सांसद मनबहादुर गुरुङले अबको २ वर्षमा पोखरामा सुकुम्बासी समस्या

समाधान गर्ने गरी महानगरले योजना ल्याउनु पर्ने बताउनुभयो । पोखरामा अत्याधुनिक बसपार्क निमार्ण सम्बन्धी ठोस योजना बनाउन र आकाशे पुल निमार्णलाई पनि बजेटमा समेट्न उहाँले आग्रह गर्नुभयो ।

सांसद राजीव पहारीले कोरोनाको परीक्षण दायरलाई बढाउनुपर्ने बताउँदै त्यसप्रति महानगरले योजना बनाउनुपर्ने बताउनुभयो । आम नगरवासीको जीवन रक्षा गर्दै सार्वजनिक सम्पतिको संरक्षण र पार्किङलाई व्यवस्थित गर्ने योजना ल्याउन उहाँले आग्रह गर्नुभयो । सडक मर्मतलाई फास्ट ट्र्याकबाट गर्नेगरी योजना बनाउन र आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने खालका योजना ल्याउन उहाँको सुझाव छ ।

सांसद प्रभा कोइरालाले सरुवा रोग नियन्त्रण गर्ने योजनासहित महानगरले आगामी बजेट निर्माण गर्नुपर्ने बताउनुभयो । फोहोर व्यवस्थापन, धुवा, धुलोरहित सहर निर्माणलाई प्राथमिकता दिन पनि महानगरलाई उहाँले आग्रह गर्नुभयो । उहाँले कोरोना रोकथामको लागि सचेतना कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

सांसद गायत्री गुरुङले समृद्ध महानगर बनाउने योजना ल्याउन आग्रह गर्दै कोरोना नियन्त्रणलाई प्राथमिकता दिएर आगामी बजेट बनाउन सुझाउनुभयो । उहाँले आवश्यकताका आधारमा योजना बनाएर बजेट निर्माण गर्न आग्रह गर्नुभयो ।

सांसद मीना गुरुङले जनतालाई रोग, भोक र शोकबाट मुक्त बनाउने योजना ल्याउनु पर्ने बताउनुभयो । उहाँले असंगठित क्षेत्रमा काम गर्ने मजदुरहरुको विवरण संकलन गर्न आग्रह गर्नुभयो । सांसद पुष्पा केसी भण्डारीले पोखराको



भूगोल अनुसार विकासलाई प्राथमिकता दिएर योजना ल्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले आम नागरिकको जीवन रक्षा नै अहिलेको पहिलो प्राथमिकता भएको बताउँदै प्रकृति मैत्री दिगो विकासलाई जोड दिनुपर्ने बताउनुभयो । उहाँले महानगर भित्र विकट ठाउँहरु पनि भएकाले त्यस्ता ठाउँहरुलाई प्राथमकितामा राखेर पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले कोरोना रोकथाम नियन्त्रण, उपचारलाई प्रभावकारी बनाउँदै विकास निर्माणलाई जोड दिन आग्रह गर्नुभयो ।

जनता समाजवादी पार्टी कास्कीका अध्यक्ष गिरीप्रसाद गुरुङले महानगर भित्र रहेको स्रोत साधनलाई उच्चतम प्रयोग गर्दै दिगो विकासलाई जोड दिनुपर्ने बताउनभुयो । राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीका अध्यक्ष गणेशबहादुर ढकालले कृषिलाई प्राथमकिता दिएर बजेट निर्माण गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस पोखरा नगर समिति सभापति बजीरमान श्रेष्ठ, जनता सामाजवादी पार्टीका नगर अध्यक्ष टीकाराम पौडेलले पनि सहरलाई व्यवस्थित बनाउने र महानगरको सेवालाई सेवाग्राही मैत्री बनाउनु पर्ने बताउनुभयो ।

कार्यक्रममा सहरी योजना आयोग पोखरा महानगरपालिकाका उपाध्यक्ष डाक्टर रामचन्द्र लामिछानले कोरोनाको प्रभाव र असरको अध्ययन, अनुसन्धान गरेर त्यसमै केन्द्रित भएर नीति, कार्यक्रम र बजेट ल्याउने तयारी रहेको बताउनुभयो । महानगरका लेखा प्रमुख जयराम पौडेलले चालु आर्थिक वर्षको बजेट खर्चको अवस्था र आगामी वर्षको बजेट बारे प्रस्तुति राख्नु भएको थियो ।

कार्यक्रममा पोखरा महानगरपालिका सूचना अधिकारी भरतराज पौडेल, अनुगमन शाखा प्रमुख किरणप्रसाद कोइरालाले कोरोना रोकथाम, नियन्त्रण र उपचारमा महानगरले गरिरहेको कामको बारेमा जानकारी गराउनुभएको थियो ।

पोखरा, २८ जेठ

# कृषि महाशाखा अन्तर्गत चालू आर्थिक वर्षका महत्वपूर्ण कामहरु

- पोखरा महानगरपालिकामा यस वर्ष ३ वटा किसान बजार पोखरा १६ र १९ ठूलीपोखरी, पोखरा १३, काहुँखोला तथा पोखरा १७ बिरौटामा निर्माण कार्य सम्पन्न गरी स्थानीय कृषि उत्पादन बिक्री वितरण हुन थालेको छ । यस वर्ष निर्माण सुरु भएका अन्य बजारको हकमा आगामी वर्ष थप विस्तार गर्दै अगाडि बढने योजना छ । पोखरा २२ रतिपोखरीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्य सम्पन्न भएको छ जहाँबाट २५० घरधुरी प्रत्यक्ष लाभान्वित हुने देखिन्छ ।

- यसै वर्ष कृषि बजार व्यवस्थापन प्रणाली अन्तर्गत कृषि उपज थोक बजार मण्डीको फलफूल तरकारीको दैनिक मूल्यसूची bajar.pokharakrishi.com बाट हेर्न सकिने र दैनिक अपडेट गर्ने काम भएको छ । यो मूल्य सूचनाको कारण कृषकले आफूले उत्पादन गरेको उपजको मूल्यको बारेमा जानकारी पाएको र सोही अनुसार व्यवस्थापन गर्न सहज भएको छ ।

- पोखरा महानगरपालिका र लेखनाथ उद्योग वाणिज्य संघको साझेदारीमा आधुनिक कृषि उपज खरिद बिक्री केन्द्र पोखरा २७ तालचोकामा निर्माण भएको छ । यसै वर्षदेखि सञ्चालनमा आउन लागेकोले एकीकृत कृषि बजार, कृषि उत्पादन सामग्री व्यवस्थापन, सूचना प्रविधि तथा यन्त्र उपकरण समेत भाडामा लिन सकिने गरी सँगै रहेको कस्टम हायरिंग केन्द्र समेतको कृषक तथा उपभोक्ताले सेवा लिन पाउनेछन् ।

- बाली सुरक्षण तथा बिमा कार्यक्रम अन्तर्गत यस वर्ष पोखरा महानगरपालिकाले बिमामा प्रोत्साहनको लागि किसानले तिर्नुपर्ने बिमा प्रिमियम रकममा ५० प्रतिशत अनुदान र समूह सहकारीको लागि ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको थियो । सो अन्तर्गत १०० व्यवसायिक फर्म र १० समूह सहकारीले कार्यक्रममा सहभागी भई रु. १३ लाखको सहयोग उपलब्ध गराएको जसले गर्दा यस पालिका भित्र रु. २० करोड बराबरको पशु तथा बालीको सुरक्षण भएको छ । यसले गर्दा आगामी वर्ष बिमा कार्यक्रममा थप सहभागिता बढने देखिन्छ ।

- असिनाको कारणबाट पुगेको क्षति न्यूनीकरण गर्नको लागि असिना छेक्ने जाली ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । यस पालिका भित्र १५० जना कृषकलाई प्रति कृषक ३ सय वर्ग मिटरको दरले १५ लाख बराबरको सहयोग गरेको छ ।

- प्लास्टिक घर निर्माण कार्यक्रम तर्फ १ सय जनालाई थोपा सिँचाई, मल्चिंग प्रविधि सहितको प्लास्टिक घर निर्माणको लागि रु. १५ हजारको दरले रु. १५ लाख सहयोग गरिएको छ ।

- कृषि यान्त्रीकरणतर्फ कृषक फर्म, समूह, सहकारीको मागको आधारमा ८० वटा हाते ट्याक्टर ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ जस अन्तर्गत रु २५ लाख सहयोग गरिएको छ ।

- जेठोबूढो धान खेती गर्ने कृषकलाई उत्पादनको आधारमा ४० समूह सहकारी र ५९ फर्मलाई १८२९ रोपनीको लागि प्रोत्साहन वापत रु ५ लाख ६० हजार नगद सहयोग गरिएको थियो, पोखरा महानगरपालिकामा १० टन पोखेली जेठोबूढो धानको बीउ वितरण गरिएको छ ।

- गुणस्तरीय आलु बिउ उत्पादन वितरण कार्यक्रम अन्तर्गत २५ टन बीउ प्रति किलो रु. १० अनुदानमा कृषकहरुलाई वितरण गरिएको छ, सो बीउको प्रयोगको कारण २० देखि ३० प्रतिशतसम्म उत्पादन वृद्धि भएको छ ।

- सुन्तला बगैंचा व्यवस्थापन अभियानतर्फ मेयर प्रविधि मैत्री कृषि परियोजनाबाट २ सय कृषक लाभान्वित हुने गरी १५ हजार बिरुवाको लागिप्रति बिरुवाको लागि मल, सिँचाइ, छापो, बोर्डो पेस्ट, मिश्रण गरेवपात रु. १ सय का दरले रु. १५ लाख सहयोग गरिएको छ ।

- प्रांगारिक कृषि कार्यक्रम अन्तर्गत १० वटा वडाहरुमा १३, १६, १८, १९, २०, २१, २२, २३, २४, २८ वडाहरुमा १, १ प्रांगारिक पकेट क्षेत्र छनोट गरी काम अगाडि बढेको, यो वर्ष १ सय भकारो सुधार भएको, ४० वटा प्लास्टिक घर निर्माण भएको र प्रांगारिक खेती प्रविधिबारे अभिमुखीकरण गरिएको छ ।

*पोखरा महानगरपालिका कृषि महाशाखा*



# व्यवहारिक कृषि योजना र समृद्ध पोखरा

• भानु पराजुली

पोखरा-२३ तामागी गाउँ अहिले लगभग रित्तो छ । तत्कालीन भदौरे तामागी गाविसको भवन नै भएको यो गाउँ एक दशकदेखि शून्य छ । तामागी गुरुङहरुको बस्ती हो भने कुइरेडाँडा सुनार बस्ती । कुनै बेला कविकवयित्री, कलाकारहरु र गोरो छाला भएकाहरुको ओइरो नै लाग्ने पर्यटकीय हिसाबले आकर्षक तामागी साच्चै खण्डहर छ भने भएको खेती योग्य जमीन जंगल बन्यो । फेवातालको मुहानमा रहेको २० किलोमिटरको दूरीमा रहेको यो गाँउकिन रित्तो भयो त ? त्यहीँको कुइरेडाँडा सुनार बस्ती अहिले खर्लप्पै घाँटीछिनादेखि लौरुक सम्म झरेको छ । यो पक्तीकारले केही वर्ष पहिले यही दलित बस्तीका एक जनालाई सोधेको थिए, किनगाउँ नै रित्तो बनाएर झर्नुभयो ? उनले भनेका थिए,- के गर्नु गाउँमाहामीहरुको जमीन थोरै छ, कतिपयको त खेतै छैन् अनि छोराहरु सबै खाडी छन् अब बेसाहा ठेल्नेलाई किन यहाँ बस्नु ? उनले थपे, यो गाउँका सबै युवा खाडीमा छन् यहाँ आफ्नो जमीन छैन् कति गुरुङको अधिया खाने ?बसाइ सरेका गुरुङ दाजुभाइहरुले जमीन बेच्दैनन् फेरि सोधे । के को जमीनबेच्नु ? बरु जंगल भएर सकिन्छ, बेच्दैनन् उनले दुखेसो पोखे, न त उनीहरु नै खेतीपाती गर्छन ? सायद कृषिमा आधारित जनसंख्या माथिको विभेद र दरिद्रताका कारण आज यो मात्रै होइन नेपालका हरेक ग्रामीण बस्ती रित्तिएका छन् । यो सुनार बस्ती रहरले रित्तिएको होइन बाध्यताले हो । प्रशस्त जमीन हुनेले कृषिकर्म गर्दैन, कृषिकर्म गर्नेको आफ्नै जमीन छैन् । अर्कोतर्फ ठूला सहरका विलासी बस्तु, मोटरकार तथा चम्किला पसलमा राखिएका आधुनिक उपभोग्य बस्तुबाट तिनीहरु बढी आकर्षित हुन्छन् तर तिनीहरुसँग किन्ने पैसा हुँदैन, सहरिया क्रयशक्ति बढाएको विकासे पैसाले हो र गाउँले किसानहरु आफ्ना थातथलो छाडी वेंसी र सहर झर्न थालेका छन् ।

अचेल योजनाकारहरु २/४ वटा पुस्तक पढ्छन् अनि टेबुल र ल्यापटपमै बन्द कोठामा बसेर योजना बनाउँछन् । योजना बनाउँदा त्यस क्षेत्रको व्यवहारिक अध्ययन गरेर, आफै पुगेर, भोगेर बनाउनुपर्ने हो तर त्यस्तो चलन हामी कहाँ कम छ । अहिलेको जस्तो सहर र घना आवादी केन्द्रित बजेटले हामीले खोजेको समृद्धि संभव छैन् । ग्रामीण क्षेत्रलाई वेवास्ता गरियो भने गरिबी हट्दैन । एउटा चर्चित चिनिया उखान सम्झे 'एक वर्षका लागि हो भने,-धान रोप, एक दशकका लागि हो भने,-रुख लगाउ, तर एक शताब्दीका लागि हो भने,-नागरिकलाई शिक्षित गर ।' नेपालमा हिजोआज विकास र समृद्धिको सपना जोकको थालीमा राखेर वेचे पनि बिक्ने माहोल छ । विकासको सपना र नारा पञ्चायतको ३० वर्ष र बहुदलीय प्रजातन्त्रको ३० वर्षमा पनि निरन्तर विकेकै हो । पञ्चायत कालमा आकर्षक एजेन्डा बनेको विकास अहिले समृद्धि शव्दको नयाँ अवतारमा फेरि उस्तै आकर्षक छ । आखिर यो विकास पहेँली के हो ? तपाई गाउँको दूरदराजमा रहेको गरिबलाई विकास चाहिन्छ भनेर सोध्नुस्? उसले चाहिन्छ-चाहिन्छ भन्छ ? तर तिम्रा निम्ती विकास भनेको के हो ? के भयो भने विकास भएको ठान्छौ ? भनेर पनि सोध्यो भने उसले आफ्नो अन्तर्यको कुरा भन्छ । हाम्रा नेताको विकास भनेको मोटरबाटो, पुल, नहर मात्रै हो । त्यसको उपादयता के हो ? त्यसवाट कसले फाइदा लिन्छ ?बनाउँदा कसले फाइदा पाउँछ ? तर यस्ता प्रश्नत्यो गरिबलाई कहिल्यै गर्दिँदैन ? कुनै पनि उत्पादनसँग नजोडी गरिएका यस्ता पूर्वाधार निर्माणले रोजगारी बढाउने भन्दा पनि बेराजगारी नै बढाएको छ । त्यसैले हाम्रो देशका योजनाकार तथा आम समुदाय वृद्धिलाई विकास भनेर रुमलिरहेको पाएको छु ।

यो कोरना कहरले फेरि एक पल्ट मेरो सहरलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने तर्फ घोत्ल्यायो । विश्वका नमुना मानिएका केहीसहर समृद्धि र आत्म निर्भर बनेको उदाहरणबाट हामीले पनि केही सिक्न सिक्छौं भन्ने लाग्यो । स्वीसको मेटरर्हनबाट तल जेर्मात देखिए जस्तै छ, पोखरा । मलाई पोखरा स्विटजरल्यान्डको लेन्जर हाइडेसँग तुलना गर्न मन लाग्छ । यो बस्ती पनि सहर-ग्रामीण दुबै मिलेर बनेको छ । तर कृषिमा गज्जबको आत्मनिर्भर छ । पोखराका ३३ वटा वडामध्ये २० वटा ग्रामीण र कृषियोग्य जमीन धेरै भएको वडा हो भने १३ वटा बजार केन्द्रित छन् । पोखरामा खेतीयोग्य जमीन १३ हजार ६ सय ४० हेक्टर छ, तर दुखको कुरा र डरलाग्दो कुरा के भने प्रत्येक वर्ष ४ देखि ५ सय रोपनी जमीन वाँझोकरण बढेको छ । अब हामीले यो तथ्यलाई रोक्न सकिएन भने पोखरामा थप खेती योग्य जमीन मासिँदै जाने निश्चित छ, ।

अन्ततः दीर्घकालीन रुपमा हामी खाद्यन्नमा थप परनिर्भर हुने देखिन्छ । पोखरा महानगरमा ११ हजार २ सय हेक्टरमा धान खेती हुन्छ, जसको उत्पादन करिब ३९ हजार २ सय टन मात्र छ, त्यसमा पनि खान योग्य भनेको २० हजार टन मात्रै हो । पोखरामा स्थायी जनसंख्या करिब ५ लाख हो भने अस्थायी गरी १५ लाख जनसंख्या रहेको अनुमान छ । अहिलेको यो जनसंख्यालाई आँकलन गर्दा प्रति वर्ष १ लाख

टन भन्दा बढी धान उत्पादन हुनपर्छ । अव हाम्रो यो जमीनमा त्यति धान उत्पादन गर्न त सकिँदैन त्यसैले 'भात संस्कार' अर्थात खानामा विविधीकरण अबको पहिलो आवश्यकता हो । अर्को तथ्यांक पनि हेरौं,-पोखरामा कोदो ५ हजार हेक्टरमा लगाइन्छ भने उत्पादन ६ हजार टन हुन्छ, मकै ९ हजार हेक्टर जमीनमा लगाइन्छ र २५ हजार टन उत्पादन हुन्छ, गहुँ २५ सय हेक्टरमा लगाइन्छ भने उत्पादन ५ हजार टन मात्रै छ । तेलहन २ सय ७० हेक्टर जमीनमा लगाइएको देखिन्छ भने उवा जौं को उत्पादन लगभग नगण्य मात्रै छ । पोखरामा सबै सिजनमा गरी २ हजार हेक्टरमा तरकारी लगाइन्छ, उत्पादन भने ३१ हजार टन छ, जुन पोखराको मागको ३० प्रतिशत मात्रै हो, करिब ७० प्रतिशत बाहिरबाट अयात गर्नुपर्ने बाध्यता छ । यस्तै आलु करिब १२ सय ५० हेक्टरमा लगाइन्छ भने त्यसको उत्पादन २१ हजार टन मात्रै छ, जुन पोखराको स्थायी जनसंख्याको मागको ४५ प्रतिशत हो भने अस्थायीसहित हेर्दा २० प्रतिशत मात्रै धान्न सक्ने अनुमान छ । पोखरामा उत्पादनको हिसाबले च्याउ, अण्डा र मासु बाहेक अधिकांशमा हामी परनिर्भर छौं । अब हामी कति परनिर्भर मात्रै हुने त ?

मेरो विचारमा खानपुग्यो भने मान्छेले सोच्छ, बहसमा भाग लिन्छ, खान पाएन भने उसले सोच्न पनि सक्तैन्, भाग लिने त कुरै भएन । त्यसैले गरिबलाई आर्थिक रुपमा बुझ्नपर्छ भन्ने लाग्छ । अहिले पनि सीमान्त भूमि नै प्रयोगमा आइरहेको छ । थोरै मानिसको कब्जामा धेरै जमीन छ । त्यस्तो ठाँउबाट सम्पन्नता खोज्नु अर्को मुर्खता हो । यदी अहिले गरिएको कृषिमा पनि कृषिबजारको सुनिश्चिता नहुनु, उत्पादन सामाग्री तथा औजार र मेसीन अत्यधिक महंगो हुनु तथा कृषक क्षतिपूर्तिको व्यवस्था नहुनु मुख्य समस्या बनेको छ । त्यसैले हामीले सबै भन्दा पहिले प्रगतिशील भूमि सुधार गर्न आवश्यक छ ।

पोखरा महानगर पनि एउटा स्वायत्त स्थानीय सरकार हो, उसले आफ्नो अधिकार क्षेत्रभित्र टेकेर जमिनको विभेदीकरण रोक्न पहल थाल्नुपर्छ तब मात्रै जमीनमा सबैको पहुँच पुग्न सक्छ । पोखरालाई समृद्ध बनाउने पहिलो आधार पर्यटन भने पनि मेरो विचारमा अहिले पनि कृषिमा आत्म निर्भर गराउने नै हो । यहाँको जमीनलाई राम्रोसँग उत्पादनमा लगाउन सकियो भने पर्यटन पनि राम्रो हुने देखिन्छ । लेन्जर हाइडेमा कृषि र पर्यटनको गज्जबको सम्बन्ध छ, पोखरामा उत्पादन भएको सबै तरकारी तथा फलफूल पोखराकै होटलमा अनिवार्य खपत गर्ने प्राथमिकता गरियो भने किसानको उत्पादन थप बढ्ने देखिन्छ ।

हामीलाई २०२८ सालको अनिकालले पिल्सायो तर उत्पादन बढाउनुपर्छ भन्ने सिकाउन सकेन् । कुष्ठरोग, औलो, दादुरा, बिफर, हैजा र फ्लु जस्ताले नसकेर अहिले कोरोना हामी नेपालीमाझ आएको छ, अझै पनि हामी यसबाट सबक सिकेर उत्पादन बढाउनतर्फ लाग्छौ भन्ने लागेको त छैन् । कोरोना सकियोस् न फेरि हामी उस्तै विगत झै हिड्ने छौं । उत्पादनका चर्के गफ चुटनेछौ, सरकारले यो गरेन त्यो गरेन भन्ने छौं । यद्यपी मेरो महानगरले कृषिका केही व्यवहारिक योजना र कार्यक्रमलाई प्राथमिकतामा राखि काम गर्न सक्यो भने केही हद सम्मभए पनि हामी आत्मनिर्भर बन्न सक्छौं भन्ने लागेको छ । अहिले कोरोनाको चरम पिडामा छौं र आगामी वर्षको लागि नयाँ योजना बनाउने चटारो सुरु भएको छ । त्यसैले मलाई लागेको पोखरा महानगरले यो वर्षलाई अन्य झिनामसिना योजनालाई न्यूनीकरण गरी 'उत्पादन वर्ष' घोषणा गरी कृषि उत्पादनलाई जोड दिने र बजारीकरण गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता दिनु राम्रो हुन्छ । मेरो एउटा अध्ययन र माथि प्रस्तुत गरिएको तथ्यांकलाई आधार मानी पोखरा महानगरले यस खालका योजना र कार्यक्रम ल्याउँदा कृषि उत्पादन बढाउन सकिन्छ भन्ने लागेको छ ।

**कस्ता योजना र कार्यक्रम ल्याउने त पोखरा महानगरले ?**

१.सबैले पाउने गरी उत्पादन सामग्री (मल, बिऊ, सिँचाइ, बिजुली) मा अनुदानको व्यवस्था गर्ने ।

२.वास्तविक किसानको पहुँच पुग्ने गरी सस्तो र सुलभ कृषि ऋणको व्यवस्था गर्ने ।

३.सबै किसानलाई प्राविधिक सेवा सहज रुपमा दिने व्यवस्था मिलाउने गर्ने ।

४.सबै वाली तथा पशुधन विमा कार्यक्रम सञ्चालन गर्ने ।

५.किसानलाई न्यूनमत बचतको ग्यारेन्टीको व्यवस्था गर्ने ।

६.जमीनको चक्लावन्दी कार्यक्रमलाई सञ्चालन गर्ने ।

७.बाँझो जमीन उपयोगमा ल्याउने कार्यलाई जोड दिने ।

८.कृषि सहकारी, किसान क्लब तथा समूह निर्माणमा किसानलाई प्रोत्साहन गर्ने ।

९.कृषि उत्पादनको बजारीकरण गर्ने र स्तरीय कृषि सामुदायिक संकलन केन्द्र खोल्ने ।

१०.'युवा उद्यम चुनौती कोष' बनाउने, जहाँ वैदेशिक रोजगारवाट फर्किएक ा युवाहरुको लागि स्वरोजगार गराउन सकिने ।

११.'एक वडा एक उत्पादन' कार्यलाई जोड दिने, जस्तैः, पोखरामा कफी, चिया, सुन्तला, आलु, केरा, अदुवा, माछा, मासु, अण्डा, तरकारी, खाद्यन्न लगायतमा वितरण गरी उत्पादनमा विशिष्टीकरण गर्न वान्छनीय देखिन्छ ।

अहिले पोखरा महानगरका कृषि योग्य जमीन भएका २० वटा वडाहरुमा औसतमा ३ हजार भन्दा बढी युवाहरु फर्किएका छन् भने कोरोनाको कहर सकिए पछि, खाडी र अन्य देशवाट हजारौं युवाहरु यहाँ आउने छन् । त्यसैले महानगरले स्थानीय सरकार, सहकारी, माइक्रो फाइनान्स र व्त्रव्ब को सहकार्य गराइ निर्ब्याजे ऋण, मल, बिऊ र प्रविधिको व्यवस्था गर्ने राहत ल्याऔं अनिदाता र प्रापकको जस्तो हाम्रो मगन्ते व्यवहार पनि परिवर्तन गर्न आवश्यक छ । माग्ने प्रवृत्तिले सरकार र नागरिक दुबैलाई अल्छि बनाउँछ, त्यसैले असम्भव भन्ने मुर्खको डायरीमा मात्रै हुन्छ, अब स्थानीय सरकारले विकासको थाल मात्रै दिने होइन, समृद्धिको भात नै खुवाउनुपर्छ । अस्तु !

*(लेखक पराजुली क्षेत्रीय विकास कृषि तथा वातावरण विषयका अध्येता हुन्)*

# लकडाउनमा जलारी समुदायलाई महानगरले दियो काम

फेवातालको किनारमा पुस्तौंदेखि बसोबास गर्दै आएको एउटा समुदाय छ, जलारीको । उनीहरु परम्परागत रुपमै त्यही फेवातालमा माछा मार्ने र त्यसलाई बजारमा बेचेर दैनिकी गुजारा गर्दै आएका छन् । उनीहरु फेवातालको पहिलेको र अहिलेको रुपको साक्षी छन् ।




फेवातालको विषयमा कोही सबैभन्दा बढी चिन्तित छ त त्यो जलारी नै हो । उनीहरु तालमा माछा मार्दा जालको प्रयोग गर्छन्, विष या करेन्ट प्रयोग गर्दैनन् । किनकी उनीहरुलाई थाहा छ, 'आजको लोभले भोलि यहाँ कुनै माछा बाँकी रहँदैनन् ।' उनीहरुले माछाको प्रजनन् स्थललाई पनि सुरक्षा दिँदै आएका छन् ।

जलारी समुदायको आयस्रोत नै त्यही फेवाताल र त्यहाँ भएका माछा हुन् । तर, विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरस संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनले गर्दा उनीहरुको रोजीरोटीमा ठ्याम्मै धक्का पुग्यो । महानगरले भेला हुन दिएन, माछा मार्ने काम बन्द भयो । जलारी समुदायमा अभाव सुरु हुन थाल्यो ।

फेवा किनारमा जलारी समुदायको ९० घरधुरी छ । माछा मारौंला र फेरि पहिलेकै सामान्य दैनिकीमा फर्कौला भन्ने उनीहरुको सोच लम्बिँदै गएको लकडाउनले चिन्तामा परिणत गरिदियो । 'पहिले त खुल्ला भन्ने लाग्याथ्यो । खुल्दै खुलेन । नखुलेपछि कमाइ खाने भाँडो नै लुटिएजस्तो भो,' स्थानीय ज्ञानबहादुर जलारीले भन्नुभयो, 'पछि महानगरसँग निरन्तर गुनासो गरेपछि दिन बिराएर माछा मार्न स्वीकृत दिनुभयो । तर, बजार खुले पो बिक्ने !'

लकडाउनअघि जलारी समुदायले तालबाट दैनिकी करिब २ सय किलो माछा मारेर बेच्ने गर्दथे । तर, अहिले लकडाउनले गर्दा यो काम रोकिएको छ । दैनिकी राजीरोटी नै बन्द भएपछि उनीहरुले पनि महानगरबाट राहत माग गरे ।

वडाबाट उनीहरुले २ पटकसम्म राहत त पाए । तर, त्यसले उनीहरुको भोक मेटिएन । त्यसपछि फेरि महानगरलाई नै गुहारे । उनीहरुले माग गरे, 'आधा बोरा चामलले हामीलाई पुगेन । अब राहत चाहिँदैन । बरु काम देऊ ।' महानगरले समेत गजबको जुक्ति निकाल्यो, 'बर्खायाममा टाउको दुखाइ बन्ने जलकुम्भी झार अहिले नफैलिँदै उखेल्न लगाउने र त्यसवापत दैनिक ज्याला दिने ।' यो कामको लागि महानगरले २ लाख ६२ हजारको बजेट नै छुट्यायो ।

निशुल्क राहतको सट्टा आफूहरुलाई काममै लगाएपछि जलारी समुदाय खुसी भए । झार उखेल्ने काममै भेटिनुभएकी पूजा जलारी महानगरले दिएको कामले आफूलाई धेरै राहत मिलेको सुनाउनुभयो । 'म त एकल महिला हुँ । हामी जस्तालाई त राहत पनि नदिने रे । एकल महिलाको पैसा कहिले आउला र खाम्ला भन्ने भाथ्यो,' उहाँले भन्नुभयो, 'यसरी ज्यालादारीमा काम पाएपछि त सबैभन्दा ठूलो राहत पाएजस्तो भाछ ।' अहिले दैनिक करिब ६० जनाको संख्यामा जलारीहरु फेवाताल किनारमा उम्रिएको जलकुम्भी झार उखेल्न व्यस्त छन् । 'जलकुम्भी झारको उम्रिने ठाउँ हो यो । यहाँबाट बर्खामासमा तालभरि फैलिन्छ,' ज्ञानबहादुर जलारीले भन्नुभयो, 'यहाँबाट अन्त नसर्दै उखेल्न पायौं भने पछि हामीलाई माछा मार्न पनि सजिलो हुन्छ । फेवाताल पनि सुन्दर देखिन्छ ।'

पोखरा १८ का वडाध्यक्ष रणबहादुर थापाले जलारीको माग बमोजिम नै झार उखेल्ने जिम्मा दिएको सुनाउनुभयो । 'सबैले पटकपटक राहत मागिराख्या बेला राम्रो प्रस्ताव राख्नु भयो । हामीले नमान्ने कुरै भएन,' उहाँले भन्नुभयो, 'अहिले १५ दिनको हिसाब गरेर दैनिक ५० जनाको दरले काममा लगाएका छौं ।' बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म उनीहरुले झार उखेल्छन् । बाँकी समयमा आफ्नै घरायसी काममा फर्किन्छन् । दैनिक ४ घन्टा काम गरेवापत उनीहरुले दिनको ३ सय ५० रुपैयाँ ज्याला पाउने गरेका छन् ।

'जलारीमात्रै नभएर फेवा किनारमा बस्ने अन्य समुदायका केही मजदुरलाई पनि काममा लगाएका छौं । काम पाएपछि उनीहरु खुसी छन्,' वडाध्यक्ष थापाले भन्नुभयो, 'लकडाउनले अहिले फेवाताल सुन्दर देखिएको छ । लकडाउनपछि पनि यस्तै रहिरहोस् भन्ने हाम्रो चाहना छ ।' पोखरा, वैशाख २५

**विकास रोकामगर/अनलाइन खबर डटकम**

# पोखरा महानगरको योजना 'एक वडा एक पब्लिक कम्पनी'

पोखरा महानगरपालिकाले अगामी आर्थिक वर्षमा प्रत्येक वडामा पब्लिक लिमिटेड कम्पनीको स्थापना गर्ने गरी छलफल अगाडि बढाएको छ । यो सँगै आफ्नै बैंक स्थापना गर्ने योजना पनि महानगरले अगाडि सारेको छ ।

पोखरा महानगरका मेयर मानबहादुर जिसीले संविधानको मर्मअनुरूप समाजवादउन्मुख अथ० यवस्थाका लागि अब यस्ता योजना आवश्यक रहेको बताउनुभयो । यसका लागि सरकार र नागरिकको उचित साझेदारी हुनुपर्नेमा उहाँको छ । छ ।

कोरोना भाइरस संक्रमणको वर्तमान अवस्थाले धेरै पाठ सिकाएको बताउँदै उहाँले भन्नुभयो, 'अब आत्मनिर्भर हुने अर्थतन्त्र आवश्यकता रहेको र प्रत्येक नागरिकलाई उत्पादनमा जोड्ने महानगरको अवधारणा अनुरूप आगामी आर्थिक वर्षमा आफ्नै बैंक र एक वडा एक पब्लिक कम्पनी लिमिटेडको अवधारणासहित अगाडि बढ्ने गरी तयारी भएको छ ।'

उहाँले भन्नुभयो 'संविधानको मर्म र भावनाअनुरूप समाजवादी अर्थव्यवस्थाको आधार बनाउने हाम्रो योजना हो । त्यसका लागि सरकारको आफ्नै बैंक जुन जनताको साझेदारीमा स्थापित होस् । उत्पादनमा हरेक नागरिकलाई जोड्न सकियोस् । कोही नागरिकले आफूलाई तल्लो र माथिल्लो महसुस नगरून् भन्ने हाम्रो प्रस्ट मान्यता हो । त्यसका साथै विपतका वेला महानगरवासीलाई सहुलियत दिने र सहकार्य गर्ने कुरामा पनि यस्तो योजना फलदायी हुने अपेक्षा राखेका छौं ।'

पोखरा महानगरको सहरी योजना आयोगका उपाध्यक्ष डा. रामचन्द्र लामिछानेले यससम्बन्धी अवधारणा महानगरको ३८ औं कार्यपालिका बैठकमा पेस भएर छलफल अगाडि बढिसकेको जानकारी दिनुभयो । यिनै योजनामा टेकेर महानगरले रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको उहाँको भनाइ छ । यसरी स्थापित पब्लिक लिमिटेड कम्पनीमार्फत नागरिकलाई उत्पादनमा लगाउने र महानगरका थप ४० हजारलाई रोजगारी दिने उद्देश्य छ । यस्ता पब्लिक कम्पनीमार्फत उत्पादित वस्तु तथा सेवा अन्य उत्पादकले भन्दा गुणस्तरीय र सस्तोमा उपभोक्तालाई उपलब्ध हुने उहाँले दाबी गर्नुभयो ।

त्यसका लागि ७ अर्ब २० करोड लगानी हुने उपाध्यक्ष डा. लामिछानेले बताउनुभयो । तीन अर्ब ६० करोड रुपैयाँ महानगरले लगानी गर्ने र त्यति नै रकम नगरवासी नागरिकले लगानी गर्नेछन् । प्रत्येक घरले निश्चित रकम सेयर हाल्ने र त्यहीअनुरूपको स्वामित्व रहने उहाँले बताउनुभयो । लगानी गर्न नसक्ने परिवारका लागि महानगरले नै रोजगारी दिएर त्यसको पारिश्रमिकबाट लगानी जुटाउने योजना उहाँले सुनाउनुभयो ।

वडा नम्बर २१ का वडाध्यक्ष खगराज आचार्यले वडामा पब्लिक लिमिटेड कम्पनीको अवधारणा माथि कार्यपालिका बैठकमा छलफल भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो 'राम्रो अवधारणा प्रस्तुत भएको छ । यो योजना कार्यान्वयनमा लैजान सके वडा र नगरवासी समेतको समग्र आर्थिक विकासमा फड्को मार्ने आधार तयार हुन्छ ।'

पोखरा, जेठ ११, नयाँ पत्रिका डेलीडटकम ।

## सार्वजनिक हितमा जारी सूचनाहरु

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं। तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**

# फेवामा मिसिने ४ खोलामा सिल्टेसन ड्याम निर्माण



पोखराको पर्यटकीय आकर्षण फेवाताल वर्षेनी पुरिँदै गएको छ । फेवातालमा वार्षिक एक लाख ४२ हजार टन माटो ढुंगा जलाधार क्षेत्रबाट आउने कारण तालपुरिँदै गएको विज्ञहरुले बताउँदै आएका छन् । मानवीय र प्राकृतिक अतिक्रमणको चपेटामा परेको फेवातालको संरक्षणका लागि सर्वोच्च अदालतले समेत आदेश दियो ।

संघीय, प्रदेश र स्थानीयतहलाई फेवाताल संरक्षणका लागि सर्वोच्च अदातले गरेको फैसला कार्यान्वन गराउन माघ २ गते पूर्ण पाठ महागनरलाई प्राप्त भयो । त्यसपछि महानगरले अदालतको आदेश कार्यान्वयनमा जुट्यो । सर्वोच्चले महानगरलाई फेवाको जलाधार क्षेत्रको संरक्षण गर्न भनेको छ ।

१ हजार ६ सय ९२ रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिले आफ्नो नाममा दर्ता गरेको प्रतिवेदनमा उल्लेख छ । २०१८ सालमा १० वर्गकिलोमिटरमा फैलिएको फेवाताल २०६४ माआईपुग्दा ४ दशमलव २० वर्गकिलोमिटरमा खुम्चिएको तथ्यांक छ । सर्वोच्चअदालतले ६ महिनाभित्र फेवातालको चार किल्ला कायमगर्न संघीय सरकारका नाममा आदेश दियो । यस्तै व्यक्तिको नाममा दर्ता भएको जग्गाको लालपुर्जा पनि एकबर्ष भित्रै खारेज गरी जग्गातालको क्षेत्राधिकारमा ल्याउन निर्देशन दिईएको छ ।

त्यस्तै स्थानीय सरकार पोखरा महानगरलाई तालमा मिस्सिने खोलामा ड्याम बनाउन आदेश दियो । सर्वोच्चको आदेश अनुसार महानगरले गण्डकी प्रदेशसँगको साझेदारीमा फेवामा मिस्सिने खोलामा सिल्टेसन ड्याम निर्माण गरिरहेको छ । यति बेला देश करिब तीन महिनादेखि लकडाउन हुदाँ समेत फेवाताल संरक्षणका लागि बनाइएका ड्याम निर्माणको कामले निरन्तरता पायो । लकडाउन भइरहदाँपनि महानगरले फेवातालमा आउने चार खोलामा सिल्टेसन ड्याम( पानी थिग्रायाउने पोखरी) निर्माण गरेको छ । महानगरले चालु आर्थिक वर्षमा सुरु गरेका ड्यामको निर्माण अन्तिम चरणमा पुगेका छन् ।

फेवाताल जोगाउन गण्डकी प्रदेशको र पोखरा महानगरको लगानीमा ड्याम निर्माण गरिएको पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले बताउनुभयो । आधा/आधा लगानीमा चार वटा थिग्राउने पोखरी अर्थात सिल्टेसन ड्याम निर्माण गरिएको हो । फेवातालमा बगेर आउने ढल, ढुंगा, माटो, बालुवाले वर्षेनी ताल पुरिँदै गएपछि जोगाउन ड्याम बनाइएको हो । फेवातालमा जाने ढल, ढुंगा, माटोलाई थिग्राउने गरी पोखरीमा जम्मा गर्ने र त्यहाँबाट सफा पानी मात्र फेवातालमा जाने गरी सिल्टेसन ड्याम बनाइएको पोखरा महानगरका वरिष्ठ इञ्जिनियर शारदामोहन काफ्लेले जानकारी दिनुभयो । बर्खामा वरिपरिका खोलाबाट बाढीसँगै गिट्टीबालुवा थुप्रिएर फेवाताल पुरिने क्रम रोक्न एक साथ निर्माण थालिएका चार वटा ड्यामको काम ९५ प्रतिशत पूरा भएको छ । अँधेरीखोला, हर्पनखोला, बेत्यानीखोला र लौरुक खोलामा ड्याम बनाइएको हो ।

गण्डकी प्रदेश सरकार र पोखरा महानगरको साझा योजना अन्तर्गत अँधेरीखोला, हर्पनखोला र बेत्यानीखोलामा ड्यामको काम ९५ प्रतिशत सकिएको छ । लौरुकखोलामा पनि ७० प्रतिशतकाम पूरा भएको पोखरा महानगरका इन्जिनियर विमल आचार्यले बताउनुभयो ।

उहाँका अनुसार २८ करोड १६ लाख ११ हजार रुपैयाँमा निर्माण सम्झौता गरिएका यी ड्यामका लागि प्रदेश र महानगरले ५० र ५० प्रतिशत लगानी गरेका छन् । अँधेरीखोलामा ९ करोड ६ लाख ४ हजार, हर्पनखोलामा ७ करोड ८८ लाख ६२ हजार, लौरुक खोलामा ५ करोड ७४ लाख ८४ हजार र बेत्यानी खोलामा ५ करोड ४६ लाख ५८ हजारमा ड्याम बनाउने सम्झौता भएको हो । 'चार वटै खोलाबाट गरी बर्षेनी २ लाख ५६ हजार घनमिटर ग्राभेल फेवातालमा पुग्छ । यसले गर्दा तालपुरिँदै र साँघुरिँदै गएको छ,' इन्जिनियर आचार्यले भन्नुभयो । सबै ड्याम'यू' आकारमा निर्माण भएका छन् ।

**एकराज गिरी**

# बगादी खोला पुलको शिलान्यास



पोखरा महानगरपालिका वडा नम्बर २७ स्थित डाँडाकोनाक नजिकै बगादी गडुवा खोलामा मोटेरेबल पुल बन्ने भएको छ । महानगरपालिकाले उक्त खोलामा पुल निर्माण गर्न लागेको हो ।

पक्की मोटेरेबल पुलको गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ र पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले संयुक्त रुपमा मोटेरेबल पुलेको शिलान्यास गर्नुभएको हो ।

३ करोड ३ लाख ८६ हजारको लागतमा निर्माण हुने पुलेको लम्बाइ २० मिटर र चौंडाइ ८ मिटर हुनेछ । श्री गीता सावित्री जेभीले एक वर्षमा पुल निमार्ण गरिसक्ने गरी ठेक्का सम्झौता गरेको पोखरा महानगरपालिका इन्जिनियर राजु रेग्मीले बताउनुभयो । पुल बनेपछि वडा नम्बर २७ को आवास नगरदेखि रिट्ठेपानीसम्मका बासिन्दा लाभाम्वित हुनेछन् ।

शिलान्यास कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले प्रदेश सरकारले विकास र पूर्वाधार निर्माणलाई प्राथमिकता दिएर काम गरिरहेको बतानुभयो । उहाँले ७० प्रतिशत भन्दा बढी पुँजीगत खर्च गर्ने गरी योजना बनाएर काम गरेको बताउनुभयो । प्रदेश सरकारले स्थानीय तहसँग सहकार्य गरेर नै विकास निर्माणलाई अगाडि बढाएको उहाँको भनाइ छ ।

पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले आवश्यकताका आधारमा यो वर्ष महानगरले ७ वटा पुल निर्माणको कामलाई अगाडि बढाएको बतानुभयो । जनताले तिरेको करबाट नै महानगरले पुल निर्माण गर्न लागेकाले पुल निर्माणमा निगरानी गर्न स्थानीय जनतालाई आग्रह गर्नुभयो ।

पोखरा महानगरपालिका वडा नम्बर २७ का अध्यक्ष पूर्णकुमार गुरुङले पुल निर्माणमा वडा र स्थानीयबासीले सहयोगको साथै निगरानी गर्ने बताउनुभयो । पुल निर्माणको जिम्मा पाएको श्री गीता सावित्री जेभीका राजेन्द्र पहारीले तोकिएको समयमै पुल निर्माण गरिसक्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

पोखरा, १९ फागुन

# किसानलाई महानगरको सहयोग



किसानलाई आर्थिक सहयोग गर्दै पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी

पोखरा महानगरपालिकाले बास्नादार धान प्रवर्द्धन गर्ने नीति अनुसार पोखरेली धान उत्पादक किसानलाई सहयोग गरेको छ । कम्तिमा पाँच रोपनी क्षेत्रमा सुधारिएको जेठोबूढो धान खेती गर्ने किसानलाई महानगरलेप्रति रोपनी ५० केजी उत्पादन गर्ने किसानलाई प्रति रोपनी ९० रुपैंयाँका दरले आर्थिक सहयोग गरेको हो । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले एक कार्यक्रममा बीच किसानलाई रकम वितरण गर्नुभयो ।

उहाँले स्थानीय किसानलाई सहयोग गर्दा खेतीयोग्य जग्गाको सदुपयोग हुने र स्थानीय बालीको प्रबर्द्धन हुने बताउनुभयो । आगामी दिनमा स्थानीय सरकारले किसानको उत्पादनको बजार ग्यारेन्टी लिने र गुणस्तरको आधारमा ब्राण्डिङ गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रचार गर्न सकिनेमा जोड दिनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले बास्नादार धानको उत्पादनमा आधारित सहयोग कार्यक्रमबाट किसानलाई सहयोग गरिएको बताउनुभयो । उहाँले गत असोज २९ गतेदेखि कात्तिक २८ गतेसम्म निवेदन लिइएको र निवेदनको आधारमा बाली कटानी प्रतिवेदन तथा उत्पादनको आधारमा तथा सम्बन्धित वडाको सिफारिसमा किसानलाई सहयोग गरिएको जानकारी दिनुभयो ।

महानगरका विभिन्न वडाका समूह, सहकारी तथा फर्म गरी जम्मा ९९ वटा निवेदन परेको र १ हजार ८ सय २९ रोपनी क्षेत्रफलमाप्रति रोपनी ५० केजी उत्पादन गर्ने किसानका लागि ९० का दरले आर्थिक सहयोग उपलब्ध गराइएको उहाँले बताउनुभयो । उत्पादकत्व वृद्धिको आधारमा थपिँदै जाने गरी ५ लाख ६० हजार ४ सय ३० रुपैंयाँ वितरण गरिएको थियो । सो कार्यक्रममा महानगरका कृषि महाशाखा प्रमुख मनहर कडरियाले पोखरा भित्र ११ हजार २ सय हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको जानकारी दिए । मुख्य फाँटहरुमा पोखरेली जेठोबूढो रोप्ने गरिएकोमा केही वषदेखि हाइब्रिड धानहरु पनि भित्रिएकाले बास्नादार धनको संरक्षण गर्न महानगर लागि परेको बताउनुभयो ।

हाइब्रिड धानको बिउमा परनिर्भर बन्नुपर्ने, बाला नलाग्ने, रोग किरा बढी लाग्ने, रासायनिक मल विषादीको प्रयोग बढी हुने कारणले गर्दा थोरै क्षेत्रफलमा खेती गर्न उपयुक्त नभएकोले स्थानीय धान मिठो भएको, अत्याधिक माग, दीगो उत्पादन हुने र यहाँको हावापानी सुहाउँदो भएकोले यो जातको धानको प्रवर्द्धन गर्न लागिएको बताउनु भयो ।

कार्यक्रममा किसान धर्म पौडेल र टेकनाथ बरालले कृषि योग्य भूमि छुट्टयाउनु पर्ने, गुणस्तरीय बिउको सुनिश्चितता हुनुपर्ने, बजारको ग्यारेन्टी, हाल आएर बास्ना कम आउँदै गएको बारेमा सरोकारवालाले सोच्नुपर्ने, माटो सुधार, प्राविधिकको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा लिबर्डका कार्यक्रम अधिकृत इन्द्र पौडेलले पोखराको फेवा, बिरुवा, आर्बा, अर्घौ, खास्टे, शिसुवा, लगायतका फाँटमा ३ सय ३८ जातका जेठोबूढो संकलन गरी तीनै जाताहरुबाट छनोट गरी पोखरेली जेठोबूढो धान २०६३ सालमा नेपाल सरकारबाट पोखरा आसपासका क्षेत्रमा सिफारिस गरिएको जानकारी दिए । कार्यक्रममा कृषि ज्ञान केन्द्रका अधिकृत विष्णुराज ओभाले पकेट ब्लक मार्फत् यो धान व्यवसायीकरण गर्न सकिने बताए ।

पोखरा २७ माघ

# २९ वटा वडामा मेलमिलाप केन्द्र स्थापनामा

पोखरा महानगरपालिकाले वडा तहका विवाद वडामै समाधन गर्न २९ वटा वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । वठा नम्बर ३, ४, ९ र ११ बाहेक सबै वडामा मेलमिलाप केन्द्र स्थापना भएका हुन् । गत माघदेखि यता वडा नम्बर १२, १४, १४, २२ र २८ नम्बर वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको न्यायिक समिति सदस्य किशोर बराले जानकारी दिनुभयो ।

## वडा नम्बर १२ मेलमिलाप केन्द्र




पोखरा महागनरपालिका वडा नम्बर १२ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो ।

उपप्रमुख गुरुङले मेलमिलापमार्फत विवाद समाधान गर्दा पक्ष विपक्ष दुबैको जीत हुने र समाजमा सद्भाव कायम हुने बताउनुभयो । उहाँले विवाद आफन्त, छिमेकीसँग हुने भएकाले मुद्दा मामिलाबाट भन्दा मेलमिलापमार्फत् समाधान गर्दा सामाजिक रुपमा सद्भाव कायम हुने बताउँदै समाजमा शान्ति स्थापनासँगै विकासका काममा समेत सहज हुने बताउनुभयो ।

कार्यक्रममा न्यायिक समिति सदस्य किशोर बरालले न्यायिक समितिको कार्यक्षेत्र, मेलमिलापकर्ताको भूमिका, आचरण र योग्यताका बारेमा स्पष्ट पार्नुभएको थियो । । मेलमिलापकर्ता ऋषिराम लामिछानेले मुद्दाले मामिलाले फुटाउने भएकाले मेलमिलापले जुटाउने बताउनुभयो ।

पोखरा १२ का सदस्य सीतादेवी बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा न्यायिक समिति सदस्य पार्वती कार्की, नेकपा वडा नम्वर १२ का अध्यक्ष गुप्तबादुर कार्की, नेपाली कांग्रेसका प्रतिनिधि मायादेवी तङ्याँ लगायतले मेलमिलाप केन्द्र स्थापनाले वडाका विवाद समाधानमा सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

## १४ मेलमिलाप केन्द्र




पोखरा महागनरपालिका वडा नम्बर १४ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । केन्द्र उद्घाटनको कार्यक्रममा बोल्दै उपप्रमुख मञ्जुदेवी गुरुङले न्यायिक समिति नयाँ भएकाले सबै नागरिकले यसका बारेमा जानकारी राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले देश संघीय व्यवस्थामा गएपछि स्थानीय तहमा न्यायपालिकाको रुपमा न्यायिक समितिको व्यवस्था संविधानले गरेको बताउँदै सबै काम अदालती प्रक्रिया अनुसार हुने बताउनुभयो । अदालती प्रक्रियामा समितिले काम गर्छ तर इजलासमा वकालत गर्न कुनै वकिल हुदैन् उहाँले भन्नुभयो, ‘विवादका दुबै पक्षले आ आफ्नो कुरा राख्ने हो र विवाद दर्ता गर्दा लाग्ने एक सय रुपैयाँ बाहेक अरु कुनै पनि शुल्क लाग्दैन् । यसले सहज रुपमा विवाद समाधान हुने भएकाले नागरिकको आर्थिक र समयको बचत हुन्छ ।’

न्यायिक समिति सदस्य पार्वती कार्कीले मेलमिलापकर्ताले निष्पक्ष भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । वडा नम्बर १४ अध्यक्ष प्रेमबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा मेलमिलापकर्ता कालीदास शर्मा, नेपाली कांग्रेसका प्रतिनिधि बोधराज कार्की, महागनरका कानुन अधिकृत राममणि अधिकारी लगायतले कसैलाई भेदभाव नगरी सबैको साथ र सहयोग लिएर मेलमिलापकर्ताले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

# १५ मा पनि मेलमिलाप केन्द्र




पोखरा महागनरपालिका वडा नम्बर १५ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो। पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले केन्द्रको उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले न्यायिक समितिले आफनो क्षेत्र अधिकारभित्र बसेर न्याय सम्पादन गर्ने बताउनुभयो ।

उहाँले महानगर र गाउँपालिकालाई एउटै प्रकृतिका विवाद दिदाँ समस्या भएको बताउनुभयो। उहाँले न्याय सम्पादन गर्दा निष्पक्ष, तटस्थ र स्वतन्त्र रुपमा गर्नुपर्नेमा जोड दिनुभयो ।

न्यायिक समितिका सदस्य किशोर बरालले न्यायिक समितिका गठन, समितिको क्षेत्राधिकार, समितिले हालसम्म गरेका काम र आगामी योजनाका बारेमा जानकारी गराउनु भएको थियो । पोखरा १५ का अध्यक्ष प्रकाश पौडेलले वडाका विवाद समस्या समाधानमा सहज हुने बताउनुभयो । उहाँले अहिले सम्म १ सय १९ वटा विवाद दर्ता भएको र केही समाधान गरिएको बताउनुभयो। न्यायिक समिति सदस्य पार्वती कार्कीले वडा तहका विवादलाई मेलमिलाप मार्फत समाधान गर्दा सामाजिक सद्भाव कायम हुने बताउनुभयो। वडा प्रहरी कार्यालय रामबजारका प्रमुख प्रकाश थापाले सामान्य विवादहरु वडा तहबाटै समाधान हुने अवस्थाले प्रहरीलाई शान्ति सुरक्षा कायम गर्ने प्रक्रियामा सहज हुने बताउनुभयो । मेलमिलापकर्ता गणेश आले कुनै प्रभाव र दबाबमा नपरी मेलमिलापबाट विवाद समाधानमा लाग्ने प्रतिबद्धता जनाउनुभयो ।

पोखरा १५ का अध्यक्ष प्रकाश पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा को सञ्चालन महानगर कानुन महाशाखाका कानुन अधिकृत राममणी अधिकारीले गरेका थिए ।

# २२ मा मेलमिलाप केन्द्र



पोखरा महागनरपालिका वडा नम्बर २२ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो ।

केन्द्र उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले मेलमिलापले पैसा, समयको बचतसँगै समाजमा एकता कायम गर्ने बताउनुभयो। उहाँले समाजलाई विवाद रहित बनाउनसके उत्तम हुने र त्यस्तो हुन नसके विवाद सिर्जना भए मेलमिलाप मार्फत मिल्दा उत्तम हुने बताउनुभयो। कार्यक्रममा नेकपा वडा नम्बर २२ का अध्यक्ष चण्डीका बराल, मेलमिलापकर्ता कमलप्रसाद बराल लगायतले मेलमिलापकर्ताले विवादका दुवै पक्षलाई जित जितको अवस्थासहित समाधान गर्नुपर्नेमा जोड दिनुभयो । वडा अध्यक्ष मित्रलाल बरालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महानगरका कानुन अधिकृत राममणी अधिकारीले गरेका थिए ।

# पोखरा २८ मा मेलमिलाप केन्द्र



पोखरा महागनरपालिका वडा नम्वर २८ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभो । उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले स्थानीय तहमै विवाद समाधान गर्दा पैसा र समयको बचत हुने बताउँदै विवाद समाधानको उत्तम विकल्प मेलमिलाप भएको बताउनुभयो ।

समान्य विवादमा सिधै अदालत पुग्दा पैशा र समय दुवै खर्च हुने मात्रै नभएर सामाजिक रुपमा बदलाको भावना उत्पन्न हुने अवस्था आउने भएकाले मेलमिलाप मार्फत दुवै जनाले जित्ने अवस्थाले शान्ति स्थापनामा भूमिका खेल्ने बताइन् । उहाँले महानगरले महिलाहरुलाई निशुल्क कानुनी परामर्शको व्यवस्था गरेको समेत बताउनुभयो । गुरुङले महिलाहरुलाई आत्मनिर्भर र आर्थिक रुपमा सक्षम बनाउन उपप्रमुखसंग महिला कार्यक्रम ल्याएको बताउनुभयो ।

न्यायिक समितिका सदस्य किशोर बराललले न्यायिक समितिका गठन, समितिको क्षेत्राधिकार, समितिले हालसम्म गरेका काम र आगामी योजनाका बारेमा जानकारी गराउनु भयो । उहाँले न्यायिक समितिले १३ वटा विवाद फैसला गर्न पाउने र ११ वटा विवादमा मेलमिलाप गराउन सक्ने व्यवस्था संविधानले गरेको बताउँदै न्यायिक समितिको अधिकार क्षेत्र र मेलमिलापकर्ताको काम, कर्तव्य र अधिकार बारे जानकारी गराउनुभयो ।

वडा नम्बर २८ का अध्यक्ष निर्मल दियालीले मेलमिलाप केन्द्र स्थापनाले विवाद समाधानमा सहज हुने बताउनुभयो। उहाँले आफ्नै वडामा बसेर विवाद समाधान गर्दा समाजिक सद्भाव कायम हुने विश्वास व्यक्त गर्नुभयो । वडा नम्वर २८ का अध्यक्ष निर्मल दियालीको अध्यक्षता भएको कार्यक्रममा नेकपा २८ का अध्यक्ष भोलनाथ त्रिपाठी, मेलमिलापकर्ता रामकृष्ण त्रिपाठी, महिला अधिकारकर्मी विष्णुमाया पौडेल, महानगरका कानुन अधिकृत राममणि अधिकारी लगायतले मेलमिलाप मार्फत विवाद समाधान भए समाजमा सद्भाव कायम हुने बताएका थिए ।

न्यायिक समितिले वडा तहका विवाद वडामै मेलमिलाप मार्फत समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गर्नसक्ने व्यवस्था गरेको छ । महानगरमा १७४ जना मेलमिलापकर्ता सूचीकृत भएका छन् ।

यसैबीच वडा नम्बर २८ ले आयोजना गरेको आधारभूत तथा डिप्लोमा कम्प्युटर तालिमको पनि समापन गरिएको छ । वडाको आर्थिक सहयोग र दीप कम्प्युरटको प्राविधिक सहयोगमा तालिम सञ्चालन गरिएको वडा अध्यक्ष निर्मल दियालीले बताउनुभयो । तालीम तीन महिना सञ्चालन भएको थियो । उपप्रमुख गुरुङले तालिममा सहभागीलाई प्रमाणपत्र वितरण समेत गर्नुभएको थियो ।

**पोखरा महानगरपालिका**
**विधायन समिति**

# भाग १ मा प्रकाशित भएका स्थानीय राजपत्रहरु
# (नगर सभा बाट स्वीकृत)

| सि.नं. | वर्ष | खण्ड | स्थानीय राजपत्रको नाम |
|---|---|---|---|
| वर्ष १ (आ.व. २०७४/०७५) | | | |
| १ | १ | १ | नगर सभा सञ्चालन कार्यविधि २०७४ |
| २ | १ | २ | आर्थिक ऐन २०७४ |
| ३ | १ | ३ | नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि २०७४ |
| ४ | १ | ४ | विनियोजन ऐन २०७४ |
| ५ | १ | ५ | कार्यसम्पादन नियामावली २०७४ |
| ६ | १ | ६ | प्रमाणीकरण (कार्यविधि) नियामावली २०७४ |
| ७ | १ | ७ | नगर कार्यपालिका ( कार्य विभाजन) नियामावली २०७४ |
| ८ | १ | ८ | न्यायिक समीति( कार्यविधि सम्बन्धि) ऐन २०७४ |
| ९ | १ | ९ | बजार अनुगमन निर्देशिका २०७४ |
| १० | १ | १० | वालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ |
| ११ | १ | ११ | फोहोरमैला व्यवस्थापन नियामावली २०७४ |
| १२ | १ | १२ | कृषि व्यवसाय प्रवर्दन ऐन २०७४ |
| १३ | १ | १३ | कृषि नीति २०७४ |
| १४ | १ | १४ | उप(प्रमुख संग महिला कार्यक्रम सञ्चालन कार्यविधि २०७४ |
| १५ | १ | १५ | पशु पन्छी पालन नीति २०७४ |
| १६ | १ | १६ | सार्वजनिक निजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०७४ |
| १७ | १ | १७ | सार्वजनिक निजि साझेदारी नीति २०७४ |
| १८ | १ | १८ | विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति २०७४ |
| १९ | १ | १९ | सहकारी नियामावली २०७४ |
| २० | १ | २० | शिक्षा नियमावली २०७४ |
| **वर्ष २ ( आ.व . २०७५र०७६ )** | | | |
| २१ | २ | २१ | स्वास्थ्य नीति २०७४ |
| २२ | २ | २२ | शहरी योजना आयोग गठन तथा सञ्चालन नियामावली २०७४ |
| २३ | २ | २३ | विपद व्यवस्थापन ऐन |
| २४ | २ | २४ | पोखरा महानगरपालिका सहकारी ऐन |
| २५ | २ | २५ | पोखरा महानगरपालिका खेलकुद विकास ऐन २०७५ |
| २६ | २ | २६ | पोखरा महानगरपालिका नगर कार्यपालिकाको आचार संहिता २०७५ |
| २७ | २ | २७ | पोखरा महानगरपालिका पदाधिकारीको आचार संहिता २०७५ |
| २८ | २ | २८ | पोखरा महानगरपालिका पर्यटन विकास ऐन २०७५ |
| २९ | २ | २९ | पोखरा महानगरपालिका आर्थिक ऐन २०७५ ( संशोधन) |
| ३० | २ | ३० | पोखरा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ |
| ३१ | २ | ३१ | पोखरा महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन २०७५ |
| ३२ | २ | ३२ | पोखरा महानगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थापन गर्न बनेको ऐन २०७५ |
| ३३ | २ | ३३ | पोखरा महानगरपालिका शुसासन ऐन २०७५ |
| ३४ | ३ | ३४ | पोखरा महानगरपालिका आर्थिक ऐन २०७६ |
| **वर्ष ३ ( आ.व . २०७६र०७७ )** | | | |

| | | | |
|---|---|---|---|
| ३५ | ३ | ३५ | गण्डकी वहुप्रविधिक शिक्षालय ऐन , २०७६ |
| ३६ | ३ | ३६ | सार्वजनिक निजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ ( पहिलो संशोधन) २०७६ |
| ३७ | ३ | ३७ | पशु स्वास्थय तथा पशु सेवा ऐन २०७६ |
| ३८ | ३ | ३८ | पोखरा प्रज्ञा प्रतिष्ठान ऐन २०७६ |
| ३९ | ३ | ३९ | सार्वजनिक यातायात व्यवथा ऐन २०७६ |
| ४० | ३ | ४० | कर्मचारी सेवा ऐन |
| ४१ | ३ | ४१ | न्यायिक समिति ऐन २०७४ (पहिलो संशोधन ) |
| ४२ | ३ | ४२ | खरिद नियमावली २०७६ |
| ४३ | ३ | ४३ | भवन नियमित तथा अभिलेखीकरण कार्यविधि २०७६ |
| ४४ | ३ | ४४ | शहरी योजना आयोग गठन तथा सञ्चालन नियामावली २०७४ ( पहिलो संशोधन ) २०७६ |

**पोखरा महानगरपालिका**

**विधायन समिति**

# भाग २ मा प्रकाशित भएका स्थानीय राजपत्रहरु
# (कार्यपालिका बैठकबाट स्वीकृत)

| सि.नं. | वर्ष | खण्ड | स्थानीय राजपत्रको नाम |
|---|---|---|---|
| **वर्ष १ (आ.व. २०७४/०७५)** | | | |
| १ | १ | १ | तालिम , गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धि निर्देशिका २०७४ |
| २ | १ | २ | विधयान समिति नियामावली २०७४ |
| ३ | १ | ३ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ |
| ४ | १ | ४ | स्मार्ट सिटी हब परियोजना सञ्चालन कार्यविधि २०७४ |
| ५ | १ | ५ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ |
| **वर्ष २ ( आ.व . २०७५/०७६ )** | | | |
| ६ | २ | ६ | विपद व्यवस्थापन कोष सञ्चालन नियामावली २०७५ |
| ७ | २ | ७ | पोखरा पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका २०७५ |
| ८ | २ | ८ | संस्थागत विधालय छात्रवृति वितरण कार्यविधि २०७५ |
| ९ | २ | ९ | उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| १० | २ | १० | सम्पति कर र भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि २०७५ |
| ११ | २ | ११ | नक्सा पास परामर्श सेवा कार्यविधि २०७५ |
| १२ | २ | १२ | शिक्षा नियमावली २०७४ (पहिलो संशोधन) |
| १३ | २ | १३ | उर्जा विकास सम्बन्धि निर्देशिका,२०७५ |
| १४ | २ | १४ | पोखरा महानगरपालिकाको अनौपचारिक शिक्षा शिक्षण सहयोग सञ्चालन निर्देशिका २०७५ |
| १५ | २ | १५ | सार्वजनिक निजि साझेदारी समबन्धि नियामावली २०७५ |
| १६ | १ | १६ | सार्वजनिक निजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०७४ |
| १७ | २ | १७ | पोखरा महानगरपालिका अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि |
| १८ | २ | १८ | पोखरा महानगरपालिकाको मापदण्ड सम्बन्धी बनेको आवश्यक नियम |
| १९ | २ | १९ | नगर युवा परिषद सञ्चालन कार्यविधि २०७५ (पहिलो संशोधन) |

| | | | |
|---|---|---|---|
| २० | २ | २० | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन) |
| २१ | २ | २१ | पोखरा महानगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नविकरण स्तोरान्नती तथा सेवा थप सम्बन्धी कार्यविधि २०७५ |
| २२ | २ | २२ | पोखरा महानगरपालिका स्मार्ट सिटि हव परियोजना सञ्चालन कार्यविधि २०७५ |
| २३ | २ | २३ | पोखरा महानगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि २०७५ |
| २४ | २ | २४ | पोखरा महानगरपालिकाको पशु विकास अनुदान कार्यविधि २०७५ |
| २५ | २ | २५ | पोखरा महानगरपालिका अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका २०७५ |
| २६ | २ | २६ | पोखरा महानगरपालिका लेखा समिति कार्यविधि २०७६ |
| **वर्ष ३ ( आ.व . २०७६र०७७ )** | | | |
| २७ | ३ | २७ | पोखरा महानगरपालिका सहकारी नियमावली २०७६ |
| २८ | ३ | २८ | वाल गृह सञ्चालन र व्यवस्थापन कार्यविधि, २०७६ |
| २९ | ३ | २९ | संस्था दर्ता तथा नविकरण समबन्धि कार्यविधि, २०७६ |
| ३० | ३ | ३० | मापदण्ड सम्बन्धी बनेको आवश्यक नियम, २०७५ पहिलो शंसोधन |
| ३१ | ३ | ३१ | कोरोनो भाइरस को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण र उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७६ |
| ३२ | ३ | ३२ | पोखरा महानगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नविकरण स्तोरान्नती तथा सेवा थप सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन) |

**डेंगी एडीज नामक लामखुट्टेको टोकाईबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ, लामखुट्टेको टोकाईबाट बच्नुनै डेंगीबाट बच्ने प्रमुख उपाय हो, त्यसैले घर वरपर सफा राखौं, पानि जम्न सक्ने खाडल, टुटे फुटेको भाडा, गमलाको प्लेट, पुरानो टायरको समयमै व्यवस्थापन गरौं, समयमै सतर्क रहौं। कोरोना प्रति सजगता कायम राख्दै अन्य रोगहरुबाट पनि बचौं।**



# पोखरा महानगरपालिकाको संक्षिप्त जानकारी




महानगरपालिकाको नाम :- पोखरा महानगरपालिका
जिल्ला :- कास्की
नगरपालिका स्थापना वर्ष :- २०१६
उप-महानगरपालिका स्थापना :- २०५२ माघ १८
महानगरपालिका स्थापना :- २०७३ फागुन २७
महानगरपालिकाको केन्द्र :- पोखरा महानगरपालिका वडा नं. ८ न्यूरोड पोखरा
(२०७१ मंसिर १६ गते १० गाविस लामाचौर, भलाम, काहूँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दि, सराङ्को, हेमजा र अर्मला गाभिएर उपमहानगरपालिका भएको, मिति २०७३ फागुन २७ गते ७ गाविस भदौर, चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना साथै लेखनाथ नगरपालिका गाभिएर पोखरा लेखनाथ महानगरपालिका बनेको र महानगरको
२०७५ असार १० गतेको नगर सभाबाट महानगरको नाम पोखरा महानगर राख्ने सिफारिसलाई मिति २०७५ साउन २३ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भई पोखरा महानगरको नाम कार्यान्वयनमा आएको)
टेलिफोन :- ०६१-५२१४६०, ५२०३९२
फ्याक्स :- ०६१-५२०६००
इमेल :- info@pokharamun.gov.np
वेबसाइट :– www.pokharamun.gov.np
वडा संख्या :- ३३

## घरधुरी संख्या र जनसंख्या विवरण

| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| जम्मा | १०५,६३० । | २१०,०१८ । | १९२,९७७ । | ४०२,९९५ । |

*राष्ट्रिय जनगणना २०६८ अनुसार*

महिला :- २१०,०१८
पुरुष :-१९२९७७
जम्मा :-४०२,९९५

घर धुरी संख्या :-१०५,६३०
क्षेत्रफल :- ४६४.२४ वर्ग कि.मी.

**सिमाना**

पूर्व - मादी र रुपा गाउँपालिका

पश्चिम - अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा

उत्तर - माछापुच्छ्रे र मादी गाउँपालिका

दक्षिण - स्याङ्जा र तनहुँ

क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा - वडा नं. ४

क्षेत्रफल - ०.५१ वर्ग कि.मि.

क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा - वडा नं. २३

क्षेत्रफल - ४७.४८ वर्ग कि.मि.

**विद्यालयको संख्या**

| आधारभूत | मा.वि. | क्याम्पस | विश्वविद्यालय | प्रा.शिक्षालय | तालिम/प्रशिक्षण केन्द्र |
|---|---|---|---|---|---|
| १०६ | ७० | १७ | १ | १ | १ |

**साक्षारता प्रतिशत**

| महिला | पुरुष | जम्मा ( कास्की जिल्लाको ) |
|---|---|---|
| ७५.३ ५ | ९०.१ ५ | ८२.३ ५ |

**स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| अस्पताल | | | प्राथमिक स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | डेन्टल क्लिनिक | ल्याब | आयुर्वेद केन्द्र | पोलिक्लिनिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | शैय्या | | | | | | | |
| सरकारी | २ | ४० | ४ | १५ | १९ | ४८ | १७ | ३ | १५ |
| निजी | २३ | २१३६ | | | | | | | |

**ल्यान्डफिल साइटको अवस्था**

- ल्यान्डफिल साइटको क्षेत्रफल २०० रोपनी (जसमध्ये ८० रोपनी क्षेत्रफल फोहर पुर्ने प्रयोजन र बाँकी क्षेत्रफल कम्पोष्ट यार्ड, ट्रिटमेन्ट प्लान्ट, बफरजोन लगायत अन्य प्रयोजन)

**महत्वपूर्ण प्राकृतिक/धार्मिक/सांस्कृतिक/पर्यटकीय सम्पदाहरु**

**नदी/खोला**

- सेती नदी
- सुरौदी खोला
- काँहु खोला
- फुस्रे खोला
- हर्पन खोला
- याम्दी खोला
- विजयपुर खोला
- बुलौंदी खोला
- काली खोला
- गडुवा खोला

**ताल/पोखरी**

- फेवाताल
- बेगनासताल
- रुपाताल
- मैदीताल
- खास्टेताल
- गुँदेताल
- न्यूरेनीताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी

**मन्दिर/गुम्बा/ बिहार**

- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर
- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- सदा शिव मन्दिर, ढुंगेसाँघु
- लक्ष्मीनारायण मन्दिर, अर्मला
- शोभा भगवती मन्दिर, रानीपौवा
- सिद्धेश्वर महादेव मन्दिर, फूलबारी
- गुप्तकालिका मन्दिर कास्कीकोट
- ठूलाकोट मन्दिर, ठूलाकोट
- कालिका मन्दिर, कालिका
- मनकामना मन्दिर, माझठाना
- माटेपानी गुम्बा
- हेमजा गुम्बा
- धर्मशिला बुद्धविहार आदि ।
- विश्वशान्ति स्तूप, अनदूडाँडा

**कोट/ धरहरा/ भ्यु टावर**

- सराङकोट भ्यू टावर
- काहुँ धरहरा
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट
- ठूलाकोट

**गुफाहरु**

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा, भलाम
- सिद्ध गुफा
- सिता गुफा लगायत अन्य..
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- डेभिजफल्स आदि ।

**संग्रहालय**

१. अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
२. गोर्खा संग्रहालय
३. पोखरा स्मृति संग्रहालय
४. क्षेत्रीय संग्रहालय
५. अन्नपूर्ण पुतली संग्रहालय

**साहसी खेल पर्यटनसँग सम्बन्धित**

१. प्याराग्लाइडिङ
२. जिप फ्लायर
३. बञ्जी जम्प
४. ट्रेकिङ
५. अल्ट्रालाइट
६. हाइकिङ
७. पोनी ट्रेक
८. र्‍याफ्टिङ
९. फिसिङ
१०. फुटबल, भलिबल र क्रिकेट लगायत अन्य खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु

**पार्क, उद्यान, बाटीका**

१. कोमागाने मितेरी पार्क
२. वसुन्धरा पार्क
३. पर्स्याङ बगैंचा पार्क
४. फूलबारी पार्क
५. मनकामना पार्क
६. शान्ति वन बाटिका
७. सहिद तथा राष्ट्रिय विभूति पार्क